# काठमाडौं महानगरपालिका

## लैङ्गिक समानत तथा सामाजिक
## समावेशीकरणको परीक्षण मूल्याङ्कन प्रतिवेदन
## २०८१।८२



**GESI AUDIT/EVALUATION KATHMANDU METROPOLITAN CITY**

काठमाडौं, नेपाल

२०८२

# विषयसूची

## खण्ड १

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI)

## (JENDER EQUALITY AND SOCIAL INCLUSIVENESS)

## (लैससास)


1.1. पृष्ठभूमि

1.2. परिभाषा र व्याख्या

1.3. व्याख्याः

1.4. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको भूमिका

1.5. राष्ट्रिय लैङ्गिक समानता सम्बन्धी प्रावधान

1.6. लैङ्गिक समानता सम्बन्धी नेपालले गरेको विगतका प्रयासहरु

1.7. वर्तमान स्थिति

1.8. राष्ट्रिय सूचक

1.9. घरेलु हिंसा

1.10. महिलामा भएको लगानी

1.11. यौन हिंसाको स्थिति

1.12. लैङ्गिक तथा सामाजिक समावेशिकरणमा पछिल्ला नेपालका केही तथ्याङ्क

1.13. समस्या तथा चुनौतिको स्थिति

1.14. नीतिको आवश्यकता र पुनरावलोकन


## खण्ड २

## लैससास परीक्षणको उद्देश्य, क्षेत्र र पद्धति


2.1. उद्देश्य

2.2. क्षेत्र

2.3. पद्धति

2.4. औचित्य तथा विधि

2.5. संवैधानिक व्यवस्था

2.6. नीतिगत पक्ष

2.7. राज्यको संरचना तथा आर्थिक कार्य प्रणाली

## खण्ड ३

## नेपालमा जेसी अभ्यास र सन्दर्भ


3.1. जेसी र नेपालको अभ्यास

3.2. विकास साभ्केदारहरुको जेसी सम्बन्धी नीतिगत कार्यदेश तथा अभ्यास

3.3. विकास साभ्केदारबाट बजेट निर्माण/आर्थिक स्रोत वर्गीकरण र व्यय विश्लेषणमा गरेको अभ्यास

3.4. योजना, कार्यक्रम तथा बजेटको प्रारुपमा नेपालको सन्दर्भ

3.5. भारत सरकारको लैङ्गिक बजेट अभ्यास

3.6. OECD Countries Gender Budgeting Practices


## खण्ड ४

## कार्यक्रमगत प्राथमिकता र कार्यनीति


4.1. १६ औ योजना र जैसी रणनीति

4.2. पन्ध्रौं योजना एवं जेसी रणनीति तथा कार्यनीति

4.3. लैङ्गिक बजेट

4.4. जेसी मैत्री योजना निर्माण प्रक्रिया निम्नानुसार रहेको पाइन्छः

4.5. महानगरपालिकाको लागि जेसी किन महत्वपूर्ण छ ?

4.6. महानगरपालिकाको महिला, बालबालिका, किशोर, किशोरी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सामाज कल्याण नीतिः

4.7. महानगरपालिकाको क्षेत्रगत तथा कार्यक्रमगत प्राथमिकता


## खण्ड ५

## काठमाडौं महानगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीतिहरु (KMC - Strategies JECI)


५.१ भूमिका

५.१.१ महानगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीति तर्जुमाको आवश्यकता

५.१.२ महानगरपालीकाको दीर्घकालीन अवधारणा

५.१.३ लैङ्गिक तथा सामाजिक समतामूलक

५.१.४ लैससास अवधारणा

५.२ नीति, रणनीति तथा कार्यनीतिहरू

५.२.१ नीतिगत सारांश

५.२.२ रणनीतिहरू

५.३ मूलप्रवाहीकरण

५.४ आर्थिक, सामाजिक र राजनीतिक समावेशीकरण तथा सशक्तिकरण

५.५ संस्थागत संरचना, सचेतिकरण् तथा क्षमता बिकास :

५.६ समन्वय, सहकार्य र सहजीकरण

५.७ सामाजिक संरक्षण

५.८ अनुगमन तथा मूल्याङ्कन

## खण्ड ६

## कानमपा लैससास विश्लेषण (Analytical Review & Result)

६.१ भूमिका

६.२ लैससास रणनीतिको आवश्यकता तथा औचित्यता

६.३ उद्देश्यहरू

६.४ कानूनी व्यबस्था

६.५ काठमाडौं महानगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अवस्थाको विश्लेषण :

६.६ महानगरपालिकाका चुनौति तथा अवसरहरू

६.७ विश्लेषण बिधि

६.८ विश्लेषणको नतिजा

## खण्ड ७

## जेसी अडिट

७.१ जेसी अडिट (लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लेखापरीक्षण

७.२ JESI Audit को अवधारणा/उद्देश्य

७.३ नेपालमा कमजोर वर्गको कल्याणका लागी भएका प्रयासहरू

७.४ कार्यक्रमहरु (महानगरपालिका)

७.५ महानगरिय GESI तथा विविधता व्यवस्थापन

## खण्ड ८

## काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को लैससास नीति तथा कार्यक्रमहरु

८.१ रणनीतिहरु

८.२ लैससास सम्बन्धी विभिन्न क्षेत्रगत नीति

## खण्ड ९

## कामपा लैससास कानून र नीतिगत उपलव्धी

९.१ कानून

९.२. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यविधि

९.३ २०८०।८१ मा भएको लैसास सम्बन्धी उपलब्धी

## खण्ड १०

## लैससास सम्बन्धी मुख्य कार्यहरु


१०.१ आर्थिक वर्ष २०७९।८०, २०८०।८१ र २०८१।८२ मा भएका लैससास सम्बन्धी मुख्य कार्यहरु

१०.२ लैङ्गिक समावेशिता/कार्यक्रममा महानगरको प्रतिबद्धता

१०.३ का.म.पा. लैससाससंग सम्बन्धित नीतिगत उपलब्धी


## खण्ड ११

## कामपा बजेटमा GESI को स्थान


११.१ बजेट तथा कार्यक्रम संख्या र जेसीको अवस्था

११.२ सामाजिक क्षेत्रको बजेट निम्न रहेको :

११.३ लैंङ्गिक बजेट

११.४ लैससास वित्तीय प्रगति स्थिति

११.५ सेवा तथा कार्यक्रम खर्च (शक्ति)

११.६ सामाजिक सुरक्षा भत्ता वितरित संख्या

११.७ सामाजिक सुरक्षा तथा संरक्षण - महानगर


## खण्ड १२

## (काठमाण्डौ महानगरपालिकाको GESI अध्ययनका सूचक र लेखाजोखा स्थिति/मूल्याङ्कन)


१२.१ GESI Audit मूल्याङ्कन लेखाजोखा

१२.२ लैससास परीक्षणमा प्राप्त अङ्कको विवरण

१२.३ कामपा लैससास परीक्षण विधि सम्बन्धी छलफल

१२.४ अवसर र चुनौतीहरु

१२.५ KMC-GESI Audit Methodology (जेसी अडिट विधि)

१२.६ KMC-GESI Audit Module (आउट मोडेल)

१२.७ सूचक तथा उपसूचकको विश्लेषण

१२.८ लेखाजोखा मूल्याङ्कन नतिजा

१२.९ Gender Audit Spider Module (KMC)

१२.१० समान सूचक अंकको मूल्याङ्कन

१२.११ Weightage Average Methods

१२.१२ सवल पक्ष र सुधार गर्नुपर्ने विषय

## खण्ड १३

## काठमाण्डौ महानगरपालिका

## लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण अङ्क मापन विवरण

१३.१ लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण अङ्क मापन

## खण्ड १४

## सुझाव तथा व्यहोरा

१४.१ नीतिगत अन्य सुझावहरु

१४.२ काठमाण्डौं महानगरपालिकाको GESI Audit बाट देखिएका प्रमुख व्यहोराहरु

## खण्ड १५

## विविध

१५.१ महानगर कल्याणकारी जेसी योजना तथा कार्यक्रमका कमजोरीहरू

१५.२ GESI मा सुधार गर्नुपर्ने विषयवस्तुहरु

१५.३ GESI बजेट प्रणाली, अभिलेख र लेखाङ्कन कार्यविधिमा गर्नुपर्ने सुधार

१५.४ लेखा र लेखाङ्कन प्रक्रिया

१५.५ सुझावहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यगत विकास योजना

## खण्ड १६

## सुझाव तथा निष्कर्ष

१६.१ सुझाव

१६.२ निष्कर्ष

**सन्दर्भ सामग्री**

## खण्ड १

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI)
# (JENDER EQUALITY AND SOCIAL INCLUSIVENESS)
# (लैससास)

1.1. **पृष्ठभूमि** :समृद्ध, आधुनिक, शान्त र न्यायपूर्ण नेपालको निर्माण गर्ने संकल्प सहित देशले विभिन्न कालखण्ड पार गर्दै २०७२ सालमा आएको संविधान र त्यसपछिका विभिन्न ऐन, नियम र कानूनहरुको कार्यान्वयनको अवस्थामा मुलक चलिरहेको छ । हाल स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा, संघ, प्रदेश र स्थानीय तह बीचको सहकार्यता, समन्वय र सहअस्तित्वलाई प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ । जनसहभागिता, सर्वसलुभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरूको समानुपातिक समावेसी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाबेसी विकासलाई सदृढ गरी स्थानीय तहमा न्यायिक अभ्यासलाई संस्थागत गर्न समेत स्थानीय सरकारको भूमिका महत्वपूर्ण रहेको औंल्याएको छ ।

समृद्ध, र न्यायपूर्ण नेपालको निर्माण गर्ने संकल्प सहित सिर्जना गरिएका अनेक नीति नियम र निर्देशिका सहित सञ्चालित स्थानीय तहहरुलाई स्थानीय जनताका लागि आवश्यक सेवा सुविधाहरु व्यवस्थित र प्रभावकारी तरिकाबाट स्थानीयस्तरमानै उपलब्ध गराउन सक्ने अधिकार दिइएको छ । नेपाल सरकारले स्थानीय तहलाई दिने अनुदान लक्षित समुदायहरुको समग्र विकासको लागि केन्द्रीत गर्ने कुरामा विशेष जोड दिदै आएको छ । यसको लागि विशेष बजेटको समेत व्यवस्था गरेको छ । स्थानीय तहको अनुदान रकममा पनि विगतका दिनभन्दा बढोत्तरी भएको छ । यसले स्थानीय तहलाई अझ जिम्मेवार र उत्तरदायी बनाएको छ । जनतासंगको सबैभन्दा नजिकको भनौ घरको सरकार भनेकै स्थानीय सरकार हो जसमा मुलतः नगरपालिकाका नागरिकको दुख बेदना अनि मर्महरुलाई नजिकबाट नियालेर सोही विषयवस्तुसँग साक्षतकार भएर काम गर्ने भएबाट पनि नागरिकहरुका आशा र अपेक्षा स्थानीय तहसँग बढी नै हुन्छन् भने यसको दायित्व समेत सोही रुपमा बढ्ने देखिन्छ। स्थानीय तह तथा स्थानीय सेवा प्रदायकको काम कारवाहीमा पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्न र शुसासन कायम गर्नका लागि नेपाल सरकारले विभिन्न नीतिहरु अवलम्बन गर्दै आएको छ । स्थानीयस्तरमा भए गरिएको काम कारवाहीको जनताप्रति सामाजिक उत्तरदायित्व बहन गर्नका लागि अवलम्बन गरिएका विभिन्न विधिमध्ये लैङ्गिक उत्तरदायी बजेट पनि एक हो । स्थानीय तहको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य बजेट परिचालनमा निर्भर गर्दछ । यसका साथै विभिन्न स्थानीय तहको श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा समेत लैङ्गिक तथा समावेशी कार्यलाई विशेष जोड दिएको छ ।

1.2. **परिभाषा र व्याख्या** : महिला र पुरुष दुवै प्रति निश्पक्ष रहने प्रक्रिया लैङ्गिक समता हो । लैङ्गिक समताले महिला र पुरुषलाई लाभ र जिम्मेवारी वितरणमा निश्पक्षता र न्यायको सुनिश्चित गर्नको लागि चालिने कदमलाई बुझ्नुपर्दछ । लैङ्गिक समानताले हरेक मानिसहरु आफ्नो व्यक्तिगत विकास गर्न, सीमित लैङ्गिक भूमिकाभन्दा बाहिर रहेर स्वनिर्णय गर्ने र स्वतन्त्र रहने अवस्थालाई जनाउँदछ । स्वतन्त्र अवस्था भन्नाले फरक व्यवहार आकांक्षा र त्यसको महत्वलाई बुझ्नु र समर्थन गर्नु हो । महिला र पुरुष बीचको समाजिक रुपले निर्धारित शक्ति सम्बन्ध, जसले महिला र पुरुषहरुको समाजमा भुमिकाहरु, जिम्मेवारी र निर्णय अधिकार स्थापित गर्दछ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणाले असमान शक्ति सम्बन्धलाई बुझाउँदछ । जेसीीले यस्तो शक्ति सम्बन्धमा सन्तुलनमा ल्याउन, समान अवसरमा राख्न, समान स्रोत परिचालन गर्न, समान रुपमा निर्णयमा सहभागी गराउन, लाभ र जोखिमको वर्गीकरण गर्न, लाभको समन्यायीक वितरण गर्ने विषयमा केन्द्रीत गर्दछ । जीविकोपार्जनका साधन र सेवासम्म महिला, विपन्न र वञ्चित लगायत सबैको पहुँचमा सुधार गर्ने कार्य नै जेसीको प्रमुख उद्देश्य रहेको हुन्छ ।

1.3. **व्याख्याः**

(क) **"लैङ्गिक"** भन्नाले महिला पुरुषको भूमिका एवं पहिचान र सामाजिक सम्बन्धलाई बुझ्नुपर्दछ ।

(ख) **"विपन्न"** भन्नाले जीवनस्तर सर्भेक्षण, २०६६।६७ अनुसार औषत प्रति व्यक्ति २२२० क्यालोरी बराबरभन्दा कम खाद्य पदार्थ उपभोग गर्नेलाई बुझ्नुपर्दछ ।

(ग) **"बञ्चित समूह"** भन्नाले पछि परेका महिला लगायत विभिन्न जनजातिका नागरिकलाई सम्झनु पर्दछ ।

(घ) **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण"** भन्नाले असमान शक्ति सम्बन्धमा सन्तुलन कायम गर्न अवसर र अधिकारको सुनिश्चित गर्नुलाई बुझाउँदछ ।

(ङ) **"सशक्तिकरण"** भन्नाले स्रोत तथा साधनको अवसर प्रदान गरी कमजोर वर्गलाई सवल तुल्याउने कार्य सम्झनुपर्दछ ।

(च) **"खण्डीकृत तथ्याङ्क"** भन्नाले महिला, पुरुष, जातीगत समुदाय, अपाङ्गता, बञ्चित समूहको तथ्याङ्कलाई बुझाउँदछ ।

(छ) **"लैङ्गिक हिंसा"** भन्नाले फरक लिङ्गको आधारमा हुने हिंसा र भेदभावलाई सम्झनुपर्दछ ।

(ज) **"लैङ्गिक समानता"** भन्नाले समान लाभ र समान अवसरलाई बुझाउँदछ ।

(झ) **"अपाङ्गता"** भन्नाले सुविधाको पूर्ण उपभोग गर्न नसक्ने क्षमता कमजोर नागरिकलाई बुझाउँदछ ।

(ञ) **"एलजीवीटीआई"** भन्नाले भिन्न लैङ्गिक रुची र व्यवहार हुनेहरुलाई बुझाउँदछ ।

1.4. **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको भूमिका** : लैससासको आवश्यकता र भूमिका निम्न बमोजिम दर्शाउन सकिन्छ । यस सम्बन्धी विस्तृत व्यहोरा खण्ड २ मा दर्शाइएको छ ।

- महानगरमा लैङ्गिक दृष्टिकोणबाट योजनाबद्ध प्रयास गर्न,
- लक्षित स्रोतको सङ्कलन र विनियोजन सुनिश्चित गर्न,
- लैङ्गिक अन्तरको लगानी सुनिश्चित गर्न,
- स्थानीय तहको जवाफदेहिता अभिवृद्धि गर्न,
- लैङ्गिक सवालहरुलाई सम्बोधान गर्न,
- समावेशी विकासको लागि मार्ग तय गर्न,
- स्रोत तथा साधनको अवसर प्रदान गरी कमजोर वर्गलाई सवल तुल्याउन,
- लिङ्गको आधारमा हुने हिंसा र भेदभावलाई स्थायी रुपले नियन्त्रणमा ल्याउन,
- असमान शक्ति सम्बन्धमा सन्तुलन मिलाई अधिकारको निश्चित गर्न,
- कमजोर वर्गमा बजेटको माध्यमबाट सुविधाहरुको वितरण प्रणालीलाई प्रभावकारीता कायम राख्न,
- बजेट प्रवाह तथा वितरणको माध्यमबाट बञ्चित समूहमा लाभ र लगानीको सुनिश्चित गरी त्यस्ता समूहको आवधिक रुपले विकास गर्न ।

1.5. **राष्ट्रिय लैङ्गिक समानता सम्बन्धी प्रावधान** :समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्त अनुरूप नेपालको संविधानले विभेदरहित, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने आधार तयार गरेको छ । संविधानको धारा ३८ मा रहेको **"महिलाको हक"** ले महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक र समानुपातिक समावेशी सिद्धान्त एवं सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने लगायतका हकको व्यवस्था गरेको छ । मौलिक हक सम्बन्धी सोही धाराले महिला विरुद्धका हिंसालाई दण्डनीय बनाउनुका साथै यस्तोमा क्षतिपूर्ति पाउने हक पनि सुरक्षित बनाएको छ । संवैधानिक व्यवस्थाका अतिरिक्त **"महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९"** र सोको वैकल्पिक प्रोटोकललाई समेत अनुमोदन गरिसकेकोले नेपालको लैङ्गिक समानताप्रतिको अन्तर्राष्ट्रिय प्रतिबद्धता समेत रहेको छ ।

विगतका प्रयासहरुले लैङ्गिक समानताका लागि महिलाको शिक्षा, स्वास्थ्य, सम्पति माथिको स्वामित्व तथा श्रम सहभागितामा सकारात्मक परिवर्तन भएका छन् । लैङ्गिक समानता प्राप्तिका लागि निरन्तरको अभियान तथा शिक्षामा महिलाको बढ्दो पहुँचबाट लैङ्गिक समानताका क्षेत्रमा कानूनी रुपमा उपलब्धि

हासिल भए तापनि सारभूत लैङ्गिक समानता स्थापित हुन सकेको छैन । महिला र पुरुष बीच अन्तरपुस्ता हस्तान्तरणबाट प्राप्त संस्कारजन्य श्रम विभाजनको संरचना एवं बालिकाको व्यक्तित्व विकास तथा महिलाको पेशा छनौटमा रहेको सामाजिक अवरोधमा क्रमशः परिवर्तन हुँदै गएको पनि छ । तथापि महिला तथा पुरुष बीच सारभूत लैङ्गिक समानता हासिल गर्न संविधानप्रदत्त 'महिलाको हक' लगायतका लैङ्गिक समानतासँग सम्बन्धित हकको पूर्ण कार्यान्वयन र महिला तथा बालिका माथि हुने विभेद हटाउनका लागि थप प्रयास आवश्यक रहेको छ । एकातिर महिला, बालिका र यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूले अझै पनि लैङ्गिक हिंसा र विभेद भोग्नु परेका दृष्टान्त भेटिन्छ भने, अर्कोतिर गरिवी, वेरोजगारी, अशिक्षा, कुपोषण, अस्वस्थताबाट यिनै व्यक्तिहरु बढी प्रभावित रहेको छ ।

मुलुकले संघीय ढाँचाको शासकीय व्यवस्था अंगीकार गरेको र नयाँ शासकीय स्वरुप अनुरुप संघ, प्रदेश तथा स्थानीय सरकारहरुले संविधान अनुरुपका अभ्यास गरिसकेको अवस्था छ । यसै क्रममा विगतमा नेपाल सरकारबाट हुने गरेका कतिपय कार्यहरु हाल प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भैसकेका छन् । तथापि ती तहहरुमा आवश्यक कानून, संयन्त्र, जनशक्ति तथा बजेटको अभावमा ती कार्य हुन नसकेको संक्रमणको अवस्था उत्पन्न भई महिला तथा बालबालिकाहरु प्रभावित हुने अवस्था सिर्जना भएको छ । तसर्थ लैङ्गिक समानताका क्षेत्रमा प्राप्त उपलब्धिलाई संस्थागत गर्दै दीगो विकासका लक्ष्य प्राप्ति र सारभूत लैङ्गिक समानताको स्थापनाका लागि संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय र सहकार्यलाई सुदृढ बनाउनु आवश्यक रहेको छ । यिनै पृष्भूमिमा सारभूत लैङ्गिक समानता स्थापनार्थ शासनका तीनवटै तहमा लैंङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न र योजना, नीति तथा कार्यक्रम एवं वार्षिक बजेट तथा सेवा प्रवाहलाई लैङ्गिकमैत्री बनाई विभेदरहित, समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि समग्र राष्ट्रिय नीतिको आवश्यकता भएकोले **"लैङ्गिक समानता नीति, २०७६"** जारी गरिएको छ ।

1.6. **लैङ्गिक समानता सम्बन्धी नेपालले गरेको विगतका प्रयासहरु** : विकासमा महिलाको अवधारणा सहित महिलाहरूको सामाजिक आर्थिक शसक्तीकरणका लागि महिला विकास कार्यक्रमको नेपालमा वि.सं. २०३८ देखि सुरूवात भयो । समाजमा व्याप्त लैङ्गिक असमानतालाई सम्बोधन गर्न नेपाल सरकारबाट महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ बेईजिङ्ग कार्ययोजना, १९९५ अनुरूप लैङ्गिक समानता र महिला सशक्तिकरणका लागि २०६१ सालमा राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइयो । विगतमा सहश्राब्दी विकास लक्ष्यमा आधारित राष्ट्रिय कार्यक्रम बनाई कार्यान्वयन गरियो जसबाट नेपालले लैङ्गिक सूचकहरुमा सकारात्मक सुधार पनि गर्यो । यसैगरी वर्तमानमा दीगो विकासको लक्ष्य सं. ५ मा उल्लेखित लैङ्गिक समानता र बालिका सशक्तीकरणको लक्ष्य प्राप्तिका लागि सूचकहरु निर्माण गरी कार्यान्वयनमा रहेको छ ।

लैङ्गिक समानताका मान्यता अनुरुप नेपालको संविधानमा प्रतिविम्बित विभिन्न कानुनहरु संशोधन गरिनुका साथै मानव बेचविखन तथा ओसारपसार जस्ता अपराध र महिला माथि हुने हिंसालाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्ति तथा न्यायमा पहुँचको लागि विशेष कानुनहरु कार्यान्वयनमा आएका छन् । मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, घरेलु हिंसा (कसुर तथा सजाय) ऐन २०६६, बोक्सी आरोप (कसुर र सजाय) ऐन, २०७२, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ तथा सो सम्बन्धी नियमावलीहरु कार्यान्वयनमा रहेका छन् । महिला विरुद्ध हुने कुरीतिजन्य हिंसाहरुलाई मुलुकी फौजदारी सहिंता, २०७४ र मुलुकी देवानी सहिंता, २०७४ ले समेत सम्बोधन गरेको छ ।

छैठौं योजना (२०३७-२०४३) कालमा विकासमा महिलाको नामवाट सुरूवात गरिएको लैङ्गिक समानता तथा महिला सशक्तिकरणका प्रयासहरूलाई त्यसपछिका सबै आवधिक योजना वार्षिक नीति तथा कार्यक्रमहरूमा प्राथमिकताकासाथ निरन्तरता दिइएको छ । यसैगरी वि.सं. २०६४ देखि लैङ्गिक उत्तरदायी बजेट शुरु गरियो ।

1.7. **वर्तमान स्थिति** : २०६४ देखि लैङ्गिक उत्तरदायि बजेट, विभिन्न राष्ट्रिय, अन्तराष्ट्रिय रुपमा लैससास सम्बन्धमा गरिएका राजनीतिक, आर्थिक, सामाजिक र क्षमता विकासका कार्यक्रमहरुबाट विगतमा भएको अवस्थामा प्रत्येक वर्ष सुधार हुदै आएको अवस्था समेत विद्यमान छ । लैङ्गिक विकास सूचक GDI र लैङ्गिक सशक्तिकरण मापक (GEI) ०.५३४ र ०.५६८ रहेको छ । महिला साक्षरता दर ६० प्रतिशतको हाराहारीमा रहेको छ । मातृ मृत्युदरमा कमी आएको छ । महिला श्रम सहभागीता दर बढेको छ । ३३ प्रतिशत महिला निर्वाचित/मनोनयन भएका छन् । वार्षिक बजेटको अंशमा लैससासको अंश ४० प्रतिशतको हाराहारीमा

रहको छ । निजामती सेवामा महिलाको अंश २० प्रतिशतभन्दा बढी रहेको निजी क्षेत्रमा समेत महिलाको प्रतिनिधित्व बढेको छ । करिव १५ लाख महिला सहकारी र उद्यमशिलतामा सहभागी छन् । पारिश्रमिक पाउने काममा संलग्न महिलाको श्रम सहभागिता ४५ प्रतिशतभन्दा बढी हुन पुगेको छ । महिलामा घरजग्गाको स्वामित्व २६ प्रतिशतभन्दा बढी छ । विभिन्न हिंसा र विवाद तथा भेदभाव घटेको छ । बजेट समान लाभ र अवसरमा आधारित बनाइएको छ । अपाङ्गता सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालनमा रहेका छन् । कमजोर वर्गलाई सवल तुल्याउन नीतिमा फेरवदल गरिएको छ । क्यालोरी वृद्धि गर्न, भत्ता लगायतका सुविधामा वृद्धि गरिएको छ । समावेशी विकासमा पहिचान तथा सामाजिक विकास र सम्बन्धलाई थप प्रवलीकरण गर्ने कार्यमा सुधार आएको अवस्था छ ।

1.8. **राष्ट्रिय सूचक** : लैङ्गिक, अपाङ्गता, बालबालिका, शिक्षा, हिंसा लगायतको सूचकलाई आर्थिक सर्भेक्षण २०८१।८२ ले निम्नानुसार प्रस्तुत गरेको छ :

| सूचक | इकाई | राष्ट्रिय अवस्था |
|---|---|---|
| जनसंख्याको लैङ्गिक अनुपात | प्रतिशत | ९५.५९ |
| अपाङ्गता भएको जनसंख्या | ,, | २.२ (पुरुष २.२, महिला २) |
| १५ देखि १९ वर्षको घरमुली भएको परिवार | ,, | ०.५ |
| अर्काको घरमा काम गर्ने बालबालिका | ,, | ०.०३ |
| आमा बाबु बाहेक अन्य नातेदारसंग बस्ने बालबालिका | ,, | ३.०० |
| १० देखि १४ वर्षमा विवाह गर्ने संख्या | ,, | ९.०० |
| १५ देखि १७ वर्षमा विवाह गर्ने संख्या | प्रतिशत | २७ |
| साक्षरता दर ( ६ वर्ष माथि) | ,, | ७६.२ (पुरुष ६९, महिला ८३) |
| बसाई सराई दर | ,, | २९ |
| आर्थिक रुपमा सक्रिय जनसंख्या १० वर्ष माथि | ,, | ६५.५ |
| यूवा साक्षरता दर (१५ देखि २४) | ,, | ९५.२ |
| यूवा साक्षरता दर १५ भन्दा माथि | ,, | ७९.२ |
| आधारभूत तह (१-८) खुद भर्ना दर | ,, | ९४.१ |
| माध्यामिक तह (९-१२) खुद भर्ना दर | ,, | ५५.८ |
| मातृ भाषामा पठन पाठन विद्यालय | संख्या | २७० |
| विद्यालय भर्नामा लैङ्गिक समता सूचक | प्रतिशत | १ |
| लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८५८ |
| लैङ्गिक असमानता सूचकाङ्क | ,, | ०.४८७ |
| गरिवको रेखामुनी रहेका जनसंख्या (निरपेक्ष गरिवी) | प्रतिशत | २०.३ |
| मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६२२ |
| बहुआयामिक गरिवीमा रहेको जनसंख्या | ,, | २८.६ |
| गरिवीमा रहेको बालबालिका | ,, | ३१ |
| श्रममा रहेका बालबालिका (५-१७) | ,, | ३७ |
| श्रमशक्ति सहभागिता दर (१५-५९) | ,, | ६२ |
| जीवनकालमा शारिरीक वा मानसिक वा यौन हिंसा पीडित महिला | ,, | २४.४ |
| दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराध घटना र अनुसन्धानको अनुपात | अनुपात | ८८.९ |
| बाल विवाह दर ग्रामीण | प्रतिशत | २८ |
| बाल विवाह दर शहर | ,, | ३४.७ |
| अपाङ्गता बालबालिका भर्नादर | ,, | ४५ |

1.9. **घरेलु हिंसा** : २०८० चैत्रसम्म अर्थात सोको पछिल्लो ६७ महिनासम्म नेपालमा देशभर भएको कुल घरेलु हिंसाका घटना सबैभन्दा बढी मधेश प्रदेशमा रहेको देखिन्छ । (नयाँ पत्रिका २०८० चैत्र १५) पछिल्लो ६७ महिनामा मधेशमा २४६४०, काठमाण्डौ उपत्यकामा १५७१४, लुम्बिनीमा १३८२५, बागमतीमा ७५४२,

कोशीमा ६२४३, गण्डकी ६१५७, सुदूरपश्चिममा ५८४१ र कर्णालीमा ४६९४ घटना घटेको अवस्था छ । यस्ता घटनामा मूलतः प्रेम विवाह गरी घर बस्न जाँदा अपमानमा परेको, दाइजो कम ल्याएको अवस्था र नल्याएको अवस्थामा हिंसा भएको, घरेलु हिंसा बढनुको मुख्य कारण पितृसतात्मक सोच र दाइजो प्रथा, अशिक्षा वेरोजगारी, मदिरा, वैदेशिक रोजगारी हिंसाका प्रमुख कारण रहेको नेपाल प्रहरीको ५ वर्षको पछिल्लो तथ्याङ्कले उजागर गरेको छ । यस्ता घटना पछिल्लो ५ वर्षमा कूल ४४ हजार हसय ५६ वटा घटेका छन् । मधेशमा घटेको २४ हजार ६ सय ४० घटना कुल घटनाको २९.१० प्रतिशत हो ।

1.10. **महिलामा भएको लगानी** : नेपालको कूल जनसंख्यामा पुरुषभन्दा महिला करिव ७ लाख बढी छन् । १ करोड ४२ लाख ९१ हजार पुरुष भएको नेपालमा महिलाको संख्या १ करोड ४९ लाख १ हजार अर्थात् ५१.०४ प्रतिशत रहेको छ । जनसंख्यामा महिलाको संख्या बढी भएतापनि शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशिलता तथा आर्थिक सामाजिक र राजनीतिक पहुँचमा भने महिला निकै पछाडी छन् । केन्द्रीय तथ्याङ्क विभागको विवरण अनुसार नेपालमा पुरुष साक्षरता दर ८३.०६ प्रतिशत पुगे पनि महिला साक्षरता दर ६९.४ प्रतिशत मात्र रहेको देखाएको । देशको निजामती क्षेत्रमा ७३ प्रतिशत पुरुष छन् भने २७ प्रतिशत मात्र महिला छन् । प्रहरीमा करिव ९ प्रतिशत र सेनामा करिव ५ प्रतिशत मात्र महिला रहेका छन् । सरकारी, सार्वजनिक तथा कर्पोरेट क्षत्रको रोजगारीमा पछाडी पारिएका महिला अनौपचारिक र असंगठित व्यवसाय र रोजगारीमा लाग्न बाध्य छन् ।

1.11. **यौन हिंसाको स्थिति** : आ.व. २०८०।८१ मा देशभर ३४४१ वटा यौनजन्य घटनाका उजुरी प्रहरीमा दर्ता भएको देखिन्छ । जसमा सबैभन्दा बढी कोशी प्रदेशमा ७३६ वटा र बागमतीमा ४११ रहेका थिए । काठमाण्डौ उपत्यकामा मात्र २०८०।८१ मा ४६२ घटना घटेका थिए । यौनजन्य घटनाको ९१.१% चिने जानेकै बाट भएको तथ्याङ्कले देखाएको छ । ३४४१ घटनाका अभियुक्त ३८०५ जना रहेका छन् । नेपाल प्रहरीको महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालयले सार्वजनिक गरेको तथ्याङ्क अनुसार यौनजन्य घटनामा सबैभन्दा बढी बालिकाहरु पीडित रहेका छन् । १५ देखि १६ वर्षका ६७३ जना बालिका उक्त अवधिमा पीडित छन् । १४ वर्ष मुनिका ३७६ जना बालिका यस्ता घटनाको शिकार भए । (कान्तीपुर - २४ मार्ग २०८१) यौनजन्य घटनाका अभियुक्तमध्ये सबैभन्दा बढी १९ देखी २५ वर्षका पुरुष रहेका छन् । आ.व. २०८०।८१ को तथ्याङ्क विवरण अनुसार १२८१ जना अभियुक्त १९ देखि २५ वर्षका पुरुष छन् । यस्तै १० वर्षभन्दा मुनिका १६ जना नावालक पनि अभियुक्त रहेका छन् । २६ देखि ३५ वर्षका ९३६ जना अभियुक्त रहेका छन् । २०८०।८१ मा जर्वजस्तीकरणी गरी ४ जना नावालिका र १ किशोरीको हत्या भएको छ ।

1.12. लैङ्गिक तथा सामाजिक समावेशिकरणमा पछिल्ला नेपालका केही तथ्याङ्क निम्नानुसार प्रस्तुत गरिएको छ :

| Particular | Male | Female |
|---|---|---|
| Labor Force Participation | 53.7% | 27.6% |
| 1 Lakh Live Birth Peregnancy die | - | 142 Death |
| 1000 girls - 15-19 year birth | - | 67 No. |
| girls/boys Secondary edu. complete | 100% | 100% |
| Literacy | 79.8% | 59.4% |
| Account in Bank | 60.2% | 59.8% |
| House/alone Percentage | 85/13.8% | 91.9/6.7% |
| Decision Making | 53.2% | 47.8% |
| Sexual Violence (15-49) | - | 6.9% |
| Physical Voilence (2022) | - | 23.8% |
| Intimate Partner voilenence | - | 27% |
| Parliament held in (2024) | - | 33.1% |
| Sucide Records (2020/21) | 59% | 41% |
| Human Trafficking (01.8-22/23) | 157% | 210 |
| Domestic Voilence (2022) | 17000 | - |
| Rape Cases | 2380 | - |
| Exposure on Mass madia (TV/Radio/Newspaper) | 13 | 4 |
| Civil Services (2022) | 72% | 28% |

**1.13. समस्या तथा चुनौतिको स्थिति** : संवैधानिक तथा कानूनी उपलब्धी एवं सूचकाङ्कमा देखिएका प्रगतिका बावजूद लैङ्गिक समानता कायम हुन सकेको छैन भने अझै पनि यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसाबाट बढी मात्रामा बालिका, किशोरी तथा महिलाहरू प्रभावित हुने गरेका छन् । महिनावारी, छाउपडी तथा सुत्केरी अवस्थामा छुन नहुने जस्ता विभेदपूर्ण कुरितिहरु अझै पनि विद्यमान छन् । लिङ्ग पहिचान गरी हुने गर्भपतन, बालविवाह, बहुविवाह, घरेलु हिंसा, मानव बेचबिखन तथा ओसारपसार, वैदेशिक रोजगारका नाममा हुने महिला एवं किशोरीको तस्करी लगायत लैङ्गिकतामा आधारित बालिका, किशोरी, महिला र लैङ्गिक एवं यौनिक अल्पसंख्यक माथि हुने विभेद तथा शारीरिक, मानसिक तथा आर्थिक हिंसा अझै पनि विद्यमान छन् ।

लैङ्गिक समानता तथा महिला, बालिका एवं लैङ्गिक तथा यौनिक अल्पसंख्यकको सशक्तीकरणसँग सम्बन्धित बहुक्षेत्रगत विषय हो । नेपालको लैङ्गिक समानता सम्बन्धी समग्र राष्ट्रिय नीति नहुँदा विभिन्न मन्त्रालयहरूको लैङ्गिक समानता कायम गर्ने क्षेत्रगत उद्देश्य तथा कार्यक्रम बीच प्रभावकारी सामाञ्जस्यता कायम हुन सकेको छैन । राज्य संयन्त्रहरूमा लैङ्गिक लेखाजोखा, लैङ्गिक परीक्षण, लैङ्गिक विश्लेषण, अनुगमन र मूल्याङ्कनको पद्धतिलाई बढावा दिन सो विषयहरूबारे विज्ञता प्राप्त र तालिम प्राप्त जनशक्तिको अभाव छ । पारिवारिक र सामाजिक मूल्य मान्यता, सामाजिक सम्बन्ध र लैङ्गिक भूमिकामा परिवर्तन ल्याउने कार्य चुनौतिपूर्ण रहेको छ । महिलाको घरेलु श्रम र हेरचाहको कार्यलाई मूल्य कायम गरी राष्ट्रिय आर्थिक आयमा गणना गर्ने कार्य गर्नुका साथै स्रोत साधनको परिचालन, राज्यका सबै तह र निकायहरूमा लैङ्गिकताको दृटिकोणलाई मूलप्रवाहीकरण गर्ने सोच, ज्ञान र दक्षता भएका जनशक्तिको व्यवस्थापन, अन्तरनिकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाउनु यस क्षेत्रका चुनौतिहरु हुन ।

**1.14. नीतिको आवश्यकता र पुनरावलोकन** : नेपालको संविधानले व्यवस्था गरेको मौलिक हकसँग सम्बन्धित विद्यमान कानूनको कार्यान्वयन तथा नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनका लागि सञ्चालित कार्यक्रमहरुबाट लैङ्गिक समानताका सूचकहरूमा सुधार आउने कुरा अपेक्षित छ । नेपालले संघीय ढाँचाको अभ्यास शुरु गरेको सन्दर्भमा संविधान तथा कानूनको कार्यान्वयनका लागि बन्ने कार्यक्रम तथा कार्ययोजनाहरुमा एकरुपता नआउने, समन्वय नहुने तथा दोहोरोपना देखिने जस्ता समस्या विद्यमान रहेका छन् । यसैगरी राष्ट्रिय लैङ्गिक नीतिको अभावमा विषय क्षेत्रगत नीतिहरुमा लैङ्गिक समानताका विषयको समुचित सम्बोधन नहुने जस्तो अवस्था विद्यमान रहेको छ । मुलुक संघीय अभ्यासमा रहेको एवं प्रदेशको अभ्यास नितान्त नौलो रहेको तथा स्थानीय तहको अभ्यास समेत स्थानीय सरकारको रुपमा रहेको सन्दर्भमा प्रदेश तथा स्थानीय तहका लैङ्गिक समानता नीति तथा कार्यक्रम निर्माणमा सहयोग पुर्याउनका लागि पनि राष्ट्रिय लैङ्गिक नीतिको आवश्यकता रहेको छ । यसै सन्दर्भमा लैङ्गिक समानता कायम गर्ने दिशामा मुलुकले हासिल गरेको उपलब्धिलाई निरन्तरता दिंदै लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई स्थानीय तहदेखि नै संस्थागत गर्न समेत एउटा छाता नीतिको आवश्यकता रहको छ । यसबाहेक नेपालले सन् २०३० सम्ममा दीगो विकासका लक्ष्य हासिल गर्ने उद्देश्यले दीगो विकासको मार्गचित्र समेत तयार गरिसकेको छ । राष्ट्रिय मार्गचित्र अनुरुप दीगी विकासको लक्ष्य ५ र अन्य लक्ष्यहरुको प्राप्ति तथा महिला एवं बालिकाको सशक्तिकरणसँग सम्बन्धित ५४ वटा सूचकमा उल्लेख्य प्रगतिका लागि यो नीति आवश्यक रहेको छ । राष्ट्रिय लैङ्गिक समानता नीतिको कार्यान्वयनबाट सार्वजनिक, निजी, सहकारी, गैरसरकारी संस्था एवं सामुदायिक संस्था सबैमा लैङ्गिक संवेदनशिल व्यवहार विकास र लैङ्गिक मूलप्रवाहीकरण हुने हुँदा प्रष्ट राष्ट्रिय नीति आवश्यक रहेको छ ।

# खण्ड २

## लैससास परीक्ष्णको उद्देश्य, क्षेत्र र पद्धति

2.1. **उद्देश्य** :स्रोत परिचालनमा लैङ्गिक विभेदलाई समन्वय गरी बजेटको अनुमान, आयको आधार पहिचान, शीर्षकगत विनियोजन र खर्च, खर्चको लेखाङ्कन र लेखाजोखालाई केन्द्रमा राखी समावेशी कार्यक्रमको तर्जुमा समेत गरी स्रोतको सुनिश्चितता र समतामूलक वितरण एवं उपभोग हुने गरी बजेट तर्जुमा गर्ने प्रक्रिया नै लैससास परीक्षणको उद्देश्य रहेको छ ।

2.2. **क्षेत्र** : काठमाडौं महानगरपालिकाले लैगिक समानता तथा सामाजिक समावेशीकरणको लागि प्रत्येक वर्ष तयार तथा तर्जुमा गर्ने बजेटको लागि केन्द्रीय अनुदान, आन्तरिक आय, बजेट तयारीको प्रारुप, चरण, कोडिङ्ग, राजस्व प्राप्तिमा लैङ्गिक आधार, समावेशीका क्षेत्र, कार्य प्रक्रिया लगायत कानून, निर्देशन नीति तथा रणनीतिहरुसंग सम्बन्धित विषयलाई जेसीमा समाहित गरी प्रारुप तयारी गर्ने विषयसंग सम्बन्धित कार्य प्रक्रियालाई लैससासको क्षेत्र अन्तर्गत लिइएको छ ।

2.3. **पद्धति** : प्रतिवेदन तयार गर्ने कार्यमा असल अभ्यास, कार्य प्रक्रिया, विकास लक्ष्य, योजना, प्रगति, छनौट, औसत भार आदिलाई पद्धतिको रुपमा अपनाइएको छ ।

2.4. **औचित्य तथा विधि** : समानता र सामाजिक समावेशीकरण एउटा जटिल र आन्तरिक विषय हो । यसलाई संविधानले लिएको निश्चित उद्देश्यको आधारमा साँस्कृतिक, ऐतिहासिक र सामाजिक, आर्थिक परिवेशको सन्दर्भमा बुझी कार्यान्वयनमा ल्याउने हो भने लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणले स्थानीय तहको हरेक क्रियाकलापमा रुपमान्तरण ल्याउन सक्छ भन्ने मान्यता राख्दछ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अभ्यासहरुमा देखिएका अवधारणाहरुमा स्पष्टता ल्याउन, परिवर्तनको स्थितिलाई निक्यौंल गर्न र बजेट तयार गर्दा अपनाउनु पर्ने मूल विषयवस्तुहरुलाई परिभाषित र मार्ग निर्देशन गर्न विभिन्न विधि प्रयोगमा ल्याइएको छ । विस्तृत विधि दफा १२.५ मा खुलाइएको छ ।

2.5. **संवैधानिक व्यवस्था** :सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने, लैगिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प  नेपालको संविधानले लिएको छ । लैङ्गिक विभेदको अन्त्य गरी लोकतान्त्रिक मूल्य र मान्यतामा रही आर्थिक लाभको वितरणबाट समृद्ध राष्ट्रको निर्माण गर्नु पनि रहेको छ । समावेशी राज्य, आर्थिक समुन्नती र समृद्धि, लैगिक पहिचान सहितको नागरिकता संविधानले अंगालेका विषयवस्तु हुन् । सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाती, लिग, शारिरीक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा नागरिकलाई बञ्चित नगरिने समेत समानताको हकमा उल्लेख भएको छ । साथै आर्थिक रुपले विपन्न नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सक्ने स्थिति समेत संविधानले औंल्याएको अवस्था छ । यसैगरी कुनै वस्तु सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा, सुविधा कुनै खास जात वा जातीको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउने वा त्यसतो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान नगर्ने व्यवस्था समेत उल्लेख भएको छ । सोही मूल्य र मान्यतामा रही रोजगारी, श्रम, स्वास्थ्य, खाद्य, आवास, बालबालिका र सामाजिक न्यायको हकलाई संविधानले आत्मसाथ गरेको छ । सोही अनुरुप आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षा प्रदान गर्ने समेत व्यवस्था रहेको छ ।

संविधान बमोजिम सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडा वर्ग, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त, असहाय एवं आर्थिक रुपले विपन्नको लागि छुट्टै प्रकारले संरक्षण वा विकास लागि विशेष व्यवस्था समेत गर्न सक्ने अवस्था उल्लेख भएको छ ।

त्यस्तै श्रमको सम्मान, उद्यमशिलता, अनुशासन र मर्यादामा रही सामाजिक मूल्यहरुको विकास गर्ने तथा सामञ्जस्यता कायम गर्ने राज्यको सामाजिक उद्देश्य रहेको छ । त्यस्तै लैङ्गिक समानता तथा समावेशी विकासको लागि राज्यले विभिन्न नीतिगत व्यवस्था समेत लिएको छ । यी नीतिगत व्यवस्थाले लाभको वितरण गर्दा समन्यायिक र पहुँच योग्य हुनुपर्ने औंल्याएको समेत छ :

2.6. **नीतिगत पक्ष** : राज्यको लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी महत्वपूर्ण नीतिगत प्रावधानहरु निम्न रहेका छन्:

(क) सन्तुलन सहितको समावेशी आर्थिक विकास र उन्नयन,

(ख) गुणस्तरीय र दीगो भौतिक पूर्वाधारको विकास,

(ग) सबै प्रकारका विभेद र असमानताको अन्त्य तथा गतिशिल समाज,

(घ) स्थानीय समुदायको सिर्जनाशिलताको प्रवर्द्धन र परिचालन गरी स्थानीय जनसहभागिता अभिवृद्धि गरी सामुदायिक विकास र प्रवर्द्धन,

(ङ) सभ्य र सँस्कृतिमा आधारित सभ्य समाजको निर्माण,

(च) प्रतिफलको न्यायोचित वितरण,

(छ) स्रोतको अधिकतम परिचालन र आर्थिक समृद्धि,

(ज) सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता,

(झ) जोखिमगत नागरिकलाई सशक्तिकरण तथा पुर्नस्थापना,

(ञ) प्रजनन् अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता र सभ्य नागरिकको कल्पना,

(ट) बालबालिकाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रुपमा मुल्याङ्कन,

(ठ) जीविकोपार्जन तथा रोजगारीको व्यवस्था,

(ड) अवसर तथा लाभको निर्णयमा सहभागिता,

(ढ) आवश्यकता र प्राथमिकताका क्षेत्रमा विभिन्न सरोकारित पक्षको संलग्नता आदि ।

2.7. **राज्यको संरचना तथा आर्थिक कार्य प्रणाली** : राज्यको संरचना संघ, प्रदेश र स्थानीय तहमा विभाजन भएको र सबै तहको आर्थिक कार्य प्रणाली रहेको अवस्था संविधानले प्रदत्त गरेको छ । स्थानीय तहको कार्यकारीणी अधिकार कानूनको अधिनमा रही गाउँपालिका वा नगरपालिकामा नीहित हुने व्यवस्था छ । स्थानीय कार्यकारीणी अधिकार संविधानको अनुसूची ८ र ९ बमोजिम रहेको र स्थानीय तहको सञ्चालन, काम कर्तव्य, विधि र प्रक्रियालाई सरलीकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा रहेको छ । स्थानीय तहमा कानून बमोजिम बाहेक कुनै कर लगाउन, उठाउन, ऋण लिन नपाइने व्यवस्था छ । स्थानीय तह सञ्चालनको लागि एक संचित कोष रहने र खर्च सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुने व्यवस्था छ । बजेट निर्माण गर्ने, आय व्ययको प्रक्षेपण गर्ने लगायतका विषयहरु संविधानले प्रदत्त गरेको अवस्था छ ।

छुट्टै आर्थिक कार्य प्रणाली रहेको अवस्थामा बजेट अनुमान तयार गर्दा र खर्च सम्बन्धी कार्यविधि अपनाउँदा राज्यले लिएको नीति, काननू, मार्गदर्शन, सिद्धान्त, प्रचलन, लैङ्गिकता, समानता र समावेशी, सहभागितामूलक तवरबाट गर्ने गरी नीतिगत व्यवस्था समेत रहेको छ ।

# खण्ड ३

## नेपालमा जेसी अभ्यास र सन्दर्भ

3.1. **जेसी र नेपालको अभ्यास :** विभिन्न मुलुकहरुले बहुआयामिक गरिवी, लैगिक असमानता, वञ्चितिकरण र जोखिममा परेका समूह, व्यक्ति तथा नागरिकलाई आफ्नो विकास कार्यमा बजेट तथा कार्यक्रम मार्फत संबोधन गरेका विभिन्न उदाहरणहरु प्रसस्त भेटिन्छन् । तथापी नेपालले पनि जेसीको विधि र प्रक्रियामा रही विभिन्न अर्न्तसम्बन्धित क्षेत्रमा बजेट तथा कार्यक्रमको माध्यमबाट कार्य गर्दै आएको छ । नेपालको सन्दर्भमा सन् १९७० को शुरुमा विकासका लाभहरुमा महिलाहरुले चेतना र क्षमता अभिवृद्धि गर्न र समान अधिकार तथा शासनमा प्रतिनिधित्वको रुपम रुपान्तरण गरी धेरै विषयमा विशिष्टिकरणको नतिजा कार्यान्वयनमा ल्याउदै गएको अवस्था छ । वि.सं. २०४६ को पहिलो जनआन्दोलनबाट बुहदलिय प्रजातन्त्र पुर्नस्थापना गरेपश्चात सामाजिक न्याय, समता, समानता, प्रतिनिधित्व, शासकिय वृद्धिपन, लाभहरुको समानुपातिक वितरण, योगदान तथा सहभागितामूलक पद्धतिको विकासमा लहर आउन थाल्यो । पछाडी परेका समुदायबाट विभिन्न मागहरु उठ्न थाल्यो साथै ती मागहरुलाई थोरै भएपनि पूरा गर्न विभिन्न नीति तथा कार्यक्रमहरु सञ्चालनमा ल्याइए । २०६२।६३ को लोकतान्त्रिक गणतन्त्रको आन्दोलन पश्चात लैङ्गिक समानता र सामाजिक समावेशीकरणका मूल तत्वहरुमा अझ सवल हुदैं आयो । नेपालको संविधानको प्रारुप बमोजिम नेपाल सरकारले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई संबोधन गर्न विगतका वर्षहरुमा केन्द्रदेखि जिल्ला र गाउँसम्म विभिन्न संस्थागत संयन्त्र र संरचनाहरु निर्माण गरेको छ । केन्द्र अन्तर्गत संविधानको मर्म अन्तर्गत आयोगको गठन, महिला तथा बालबालिका मन्त्रालय, राष्ट्रिय योजना आयोगबाट गर्ने विभिन्न योजनागत अवधारणाहरु र सम्पर्क अधिकृत लगायत थुप्रै संरचनाहरु निर्माण भएको देखिन्छ । जिल्ला अन्तर्गत महिला तथा बालबालिका शाखा, जिविस तथा सामाजिक विकास शाखा, सामाजिक समितिहरु आदिवासी, जनजाती समन्वय समिति, दलित वर्ग उत्थान जिल्ला समन्वय समिति, लैङ्गिक मूल प्रवाहीकरण समन्वय समिति एवं जेसी कार्यान्वयन समितिको गठन, सञ्चालनलाई निरन्तरता दिने कार्य यद्यपी हुदैं आएको अवस्था विद्यमान छ । पालिकातर्फ प्रतिनिधिमूलक एकीकृत योजना, समिति सहभागिता, नागरिक सचेतना केन्द्रहरु स्थापना भई कार्यान्वयनमा आएको देखिन्छ । नेपालको वर्तमानमा रहेको ३ तहको शासकिय प्रणालीमा जेसीलाई अझ बढी सशक्तिकरण र विकासको मूलधारमा ल्याई कार्यक्रमको माध्यमबाट लाभहरुकोप्रवाहीकरण गर्न केन्द्र, प्रदेश तथा स्थानीय तहहरुले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका छन् । तथापी विकासको लाभबाट पछाडी परेका र पहुँचता पूर्ण रुपमा सामनुपातिक हुन नसकेको विषयमा विभिन्न आवाजहरु उठ्दै आएको अवस्था पनि छ । अर्न्तसम्बन्धित क्षेत्रहरुको तथ्य तथा विश्लेषणबाट नागरिक प्रति कसरी सामाजिक न्याय दिन सकिन्छ भन्ने विषयमा केन्द्रको अधिकारहरु स्थानीय तहमा निक्षेपण भएका छन् । सहभागितामूलक योजना छनौट, बजेटमा सहभागितामूलक पद्धति, आवश्यकता र पहिचानको संरक्षण, तथ्यगत संख्याको आधारमा पहुँच अयोग्य नागरिक बीच पुनरावलोकन, कार्यक्रम सञ्चालन, सामाजिक विकास र सोसंग सम्बन्धित कार्यक्रमहरु व्यापक रुपमा कार्यान्वयनमा ल्याएको अवस्था समेत रहेको छ । पर्याप्त स्रोत र कमजोर संस्थागत प्रक्रियाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मान्यतालाई पूर्णरुपले संस्थागत गर्न नसकेको अवस्था भने रहेको छ ।

3.2. **विकास साझेदारहरुको जेसी सम्बन्धी नीतिगत कार्यदेश तथा अभ्यास :** विकास साझेदारहरुबाट महिला सशक्तिकरण, लैङ्गिक समानता र सामाजिक विविधताका सवाहरुलाई बाह्यकारी रुपमा संबोधन गर्न निर्देशन गरेको अवस्था छ । विभिन्न साझेदारहरुको विश्वव्यापी म्यान्डेटको आधारमा राष्टिय नीतिका दस्तावेजहरुमा नेपाल केन्द्रीत सामाजिक समावेशीकरण निर्देशिकाहरु थपेका छन् । लक्षित सेवा वितरण, योजना तर्जुमा प्रक्रिया, लैङ्गिक मूलप्रवाहीकरण, लैङ्गिक विश्लेषण, सामाजिक विश्लेषण, सहभागिमूलक लेखाजोखा, गरिवी नक्साङ्कन, सामाजिक नक्साङ्कन जस्ता विधि र पद्दति प्रयोगमा ल्याएको अवस्था छ । यी प्रक्रिया साझेदारहरुबाट महिला, विपन्न, जोखिममा परेका र वञ्चितिकरणमा परेकाहरुको पहिचान गर्न र तिनका मुद्दाहरु सम्बोधन गर्न उपयोग गरेको पाइन्छ । विकास साझेदारहरुबाट प्राय: गरी सबै आयोजनाहरुमा निम्नानुसारको अभ्यास गरेको अवस्था छ:

(क) जेसीसंग सम्बन्धित उपलब्धीहरु समावेश गर्ने र सामुदायिक समूहमा ३३ प्रतिशत महिलाको सहभागी सुनिश्चितता,

(ख) समूहहरुमा कम्तिमा १ महिला निर्णयक पदमा राख्ने व्यवस्था,

(ग) एकल महिला तथा विपन्न विधवालाई श्रमिकमा पहिलो प्राथमिकता,

(घ) आयोजनाहरुमा अल्पसंख्यक र सीमान्तकृत समुदायका सदस्यहरु सामुदायिक समूहहरुको कार्यकारी समितिमा प्रतिनिधित्व गर्नुपर्ने व्यवस्थाको अवलम्बन,

(ङ) अधिकारमा आधारित वकालत, जीविकोपार्जन सुधार र सेवा प्रदान गर्ने पद्दतिहरु अंगालेको स्थिति रहेको र धेरै आयोजनाले महिला र बालबालिका माथि हुने हिंसा सम्बोधन हुने विशेष कार्यक्रमहरु पनि कार्यान्वयनमा ल्याएको अवस्था,

(च) Asian Development Bank ले नेपालको सन्दर्भमा गरेको सामाजिक समावेशीकरण तथा विकास कर्यमा निम्न क्षेत्रमा प्रगति गरेको आफ्नो Report मा उल्लेख गरेको छ । प्रतिफल प्राप्त क्षेत्रहरु निम्न रहेका छन्:

(a) Property Rights,
(b) Citizen Status,
(c) Family Law,
(d) Employment & Labour migration,
(e) Conflict, Reconciliation and Peace,
(f) Gender Based Violence,
(g) Social Security and protection,
(h) Participation and Governmence,
(i) Health & Education,
(j) Agricultural and Natural Resource Management,
(k) Water supply and Sanitation,
(l) Rural Transport Infrastructure etc.

3.3. **विकास साझेदारबाट बजेट निर्माण/आर्थिक स्रोत वर्गीकरण र व्यय विश्लेषणमा गरेको अभ्यास** : नेपालको विकासमा विभिन्न अर्न्तराष्ट्रिय संस्था, देश, बहुपक्षिय दाता लगायत सबै तहका विकासका साझेदारबाट जेसी मैत्री बजेट निर्माण/आर्थिक स्रोत निर्धारण/व्यय विश्लेषण व्यवस्थापनमा धेरै विधि अपनाएको अवस्था छ । यू.एन. वुमनले नेपाल सरकारलाई लैङ्गिक मैत्री बजेटिङ्ग (GRB) प्रक्रियाको लागि केन्द्रीत तहमा सहयोग पुऱ्याएको अवस्था छ । जिआरवी प्रक्रियालाई स्थानीय तथा जिल्ला तहमा पुऱ्याउने क्रममा रहेको छ । यस लगायत सबै विकास साझेदारहरुले सरकारलाई पुऱ्याएको सहयोगको Aid Management System Plateform अन्तर्गत सरकारको लैङ्गिक मैत्री बजेटिङ्ग वर्गीकरणको प्रयोगको आधारमा छुट्याएर हेर्ने गरेको अवस्था छ । स्वीस सरकार विकास सहयोगको आफ्नै वित्तीय प्रवाह विश्लेषणको प्रणाली विद्यमान छ । र अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोगको जेसी सम्बन्धी बजेट निर्धारण गर्ने आफ्नै बजेट विश्लेषण प्रणाली छ । यी दुबै प्रणालीको उद्देश्य आर्थिक स्रोतको प्रवाह महिला र बञ्चित समूहसंग गरिने कामको लागि सुनिश्चित गर्ने रहेको छ । विकास साझेदारहरुले सामान्यतयाः विकासको क्रियाकलापहरुमा प्रतिनिधित्व र सेवाहरुमा पहुँचको अनुगमन गर्ने गर्दछन् ।

3.4. **योजना, कार्यक्रम तथा बजेटको प्रारुपमा नेपालको सन्दर्भ** : तथ्याङ्कहरुको लैङ्गिक खण्डीकरण सामान्यतयाः सबैपक्षमा अभ्यासमा रहेको छ र गएको दशक यता जात र जातिगत हिसावले खण्डीकृत विषय अनुसार तथ्याङ्क निकाल्ने कार्य साझा अभ्यास बनेको छ । तर यसमा निकायगत समन्वयसमेत भएको छैन । उत्पीडनमा परेका समुदायमा भएका उपलब्धीहरु समावेश गर्न धेरैजसो सबै निकाय असफल भएको अवस्था समेत विद्यमान छ । निकायहरुले प्रतिफलको वितरणमा धेरैजसो अवस्थामा सङ्कलित सूचनाहरुको नत विश्लेषण गरिन्छ, नत तिनको उपयोग कार्यक्रम वा सुधार मार्फत वञ्चितिकरणमा परेको समुदायमा प्रभाव पार्न नै प्रयोग गरिन्छ । लक्षित कार्यक्रममा लैङ्गिक वा सामाजिक विकास सल्लाहकार राखेको, सामाजिक समूहबाट कर्मचारी भर्नामा सकारात्मक पहल गरेको, सामाजिक समूहको क्षमता अभिवृद्धिको लागि इन्टर्नसिप नीतिहरु अवलम्बन गरेको र महिला तथा पुरुषलाई सुत्केरी बिदाको व्यवस्था गरेको अवस्था छ । त्यस्तैगरी कुनै निकायले नीतिगत तहमा वा सुशासन र सामाजिक न्यायको अन्तर सम्बन्धित सेवाको रुपमा केन्द्रीत गरेको पाइन्छ भने कसैले निश्चित विषयगत क्षेत्रमा वञ्चितिकरणमा परेकाहरुलाई प्रदान गरिने सेवाहरुमा सुधार गर्ने काममा ध्यान दिएको अवस्था छ । कार्यान्वयनमा देखिएका यी सबै विविधतामा आफ्ना

सबल पक्षहरु छन् तथापी साझा अवधारणा र शव्दावलीको अभावमा जेसीको ध्येयलाई व्यवहारमा कार्यान्वयन गर्न अझै प्रभावकारीको माग अवलम्बन गर्न आवश्यक देखिएको छ ।

3.5. **भारत सरकारको लैङ्गिक बजेट अभ्यास** : भारत सरकारले पनि विगत वर्षदेखिनै कुल बजेटको करिव ५ प्रतिशत लैससास बजेट अनुमान गरेको र उक्त बजेट खर्च गर्दा भाग १ मा महिला सशक्तिकरण सम्बन्धी कार्यक्रममा १०० प्रतिशत कार्यक्रममा खर्च गर्ने र सोसंग सम्बन्धित अन्य कार्यक्रममा न्यूनतम पनि खर्चको ३० प्रतिशत महिलासंग सम्बन्धित कार्यक्रममा खर्च अपनाउनु पर्ने उल्लेख गरेको देखिन्छ । यस्तो खर्च कोभिड १९, निर्भय कोष, शिक्षा, सवलीकरण, सुरक्षा, श्रम र सीपको क्षमता, रिटेलिङ्ग ट्रेड, पोषण, समग्र स्वास्थ्य शिक्षा लगायतका कार्यक्रममा खर्च गर्ने गरी बजेट अनुमान गरेको देखिन्छ ।

3.6. **OECD Countries Gender Budgeting Practices**

- Need base Gender Budgeting,
- Half of the country (34) applied Gender Budgeting,
- Routine Availability of Gender Specific data sets,
- Measurable outputs and clearing liked budget allocation,
- Assess the productivity impact




- अष्ट्रेलियाले महिला बजेट वार्षिक रुपमा २००८ देखि प्रकाशन गर्दछ,
- अफ्रिकाले महिला मन्त्रालयबाट महिला सम्बन्धी कार्यक्रम तयार गर्दछ,
- इटालीले सन् २०१७ देखि यस कार्यक्रमको शुरुवात गरेको देखिन्छ,
- क्यानाडाले लैससास बजेट तयार गर्दा महिला र पुरुषमा बजेटमा पार्ने प्रभाव विश्लेषण गर्दछ,
- स्पेनले प्रत्येक वर्ष Gender Budget White Paper प्रकाशित गर्दछ,

- अष्ट्रियाले Performance Base मा लैङ्गिक बजेट तयार गर्दछ, जस्तै, २५ वर्षका पुरुषको लागि सडक सुरक्षा, ५० नाघेका पुरुषको लागि स्वास्थ्य, श्रमबजारमा महिलाको बढोत्तरी, लैङ्गिक Pay Gap Reduction आदि ।
- स्पेनले लैससास बजेट सञ्चालनमा G + Program प्रयोगमा ल्याउँदछ,
- कोरियाले कुल बजेटको ७ प्रतिशत Gender मा खर्च गर्दछ,
- स्वीडेनमा महिला पुरुष बीच आर्थिक समानता कायम राख्न बजेट प्रकाशन गरी खर्चतर्फको क्षेत्र छोडी Income तर्फ Insurance Benefit र Tax Deducting को क्षेत्रलाई समावेश गर्दछ,
- मोरक्कोले Gender Budget तयार गर्दा नागरिक समाज र सरोकारवालासंग व्यापक छलफल गरी बजेट तयार गर्दछ,
- बंगलादेशले Gender Budget मा महिलालाई प्राथमकितामा लिएको छ ।
- स्वीजरल्याण्डमा Regional र Local Level मा मात्र Gender Budget तयार गरिन्छ,
- नेदरल्याण्डले Gender Quality को लागि छुट्टै संस्थागत विभाग खडा गरेको छ,
- आइसल्याण्डले Parliament मा Gender Quality Target सहित बजेट पेश गर्दछ ।

3.7. **दिगो विकास लक्ष्यः** दिगो विकास लक्ष्य २०३० को बुँदा नं. ५ मा लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरुको सशक्तिकरणको कार्यक्रम सञ्चालन गर्ने रहेको छ । नेपालको सन्दर्भमा दिगो विकास केही लक्ष्य निम्नानुसार देखिन्छः

| लक्ष्य सूचकहरु | सन् २०१५ को स्थिति | सन् २०३० सम्मको लक्ष्य |
|---|---|---|
| समान कामको लागि ज्याला/पारिश्रमिक | ०.६२ | ०.९२ |
| लैङ्गिक असमानताका सूचकहरु | ०.४९ | ०.०५ |
| लैङ्गिक सशक्तिकरण मापन अनुपात | ०.७५ | ०.६९ |
| श्रमशक्तिमा महिला पुरुषको सहभागिता अनुपात | ०.९३ | १.०० |
| महिलाले घरायसी काममा औषत समय घण्टामा | १४ | ६.०० |
| महिलाहरुको सम्पत्ति माथिको स्वामित्व | २६ | ४०.०० |
| १५ देखि २४ वर्ष उमेर समूहका इन्टरनेट प्रयोग गर्ने महिलाको प्रतिशत | १९.६ | ९८ |

दिगो विकास लक्ष्यमा कार्ययोजना सहितको कार्यक्रम तर्जुमा हुन नसकेको, गैरसरकारी संस्थाहरुको समन्वय र परिचालन प्रभावकारी बन्न नसकेको, सुविधा सम्पन्न वृद्धाश्रम, अनुगमन, अनुदान वितरणको स्थिति मूल्याङ्कन, पुर्नस्थापना केन्द्रको कोष रकम परिचालन, सचेतना सामग्रीको परिचालन लगायतका कार्यमा कमजोरपन देखिएको कारण दिगो विकासका लक्ष्यहरु प्राप्तिमा प्रभावकारीता नआएको अवस्था देखिन्छ । दिगो विकासकोलक्ष्य अनुसार संघ, प्रदेश तथा स्थानीय तहबाट समावेशी तथा सशक्तिकरणको कार्यक्रमहरु प्रवाहीकरण गर्न सकेमा सन् २०३० भित्र नेपालले पुरा गर्ने कार्य लक्ष्यहरु प्रभावकारीरुपमा प्राप्तहुन सक्दछन् । दिगो विकास भौतिक पूर्वाधार तथा योजनासंग मात्र सम्बन्धित नरही व्यवहार, प्रचलन, सहभागिता,रोजगारी, श्रम, स्वामित्व, स्रोत प्राप्तिको अपनत्व, आधारभूत स्वास्थ्य, शिक्षा, घरायसी कार्य, लगायतका विभिन्न विषयहरु समावेश हुन्छन् । लैङ्गिक असमानताका सूचकमध्ये उल्लेखित सूचकहरुलाई सकेसम्म जिरो टोलेरेन्समा पुऱ्याउन सक्नुनै दिगो विकासको लक्ष्य पुरा हुनु हो ।

UN - Sustainable Development Goals अन्तर्गत १७ लक्ष्यहरु रहेको र १६९ टार्गेट रहेका छन्:

(१) No poverty - गरिवी घटाउने

(२) Zero Hung - भोकमरी समाधान

(३) Good Health - असल स्वास्थ्य

(४) Quality Education - गुणस्तरीय शिक्षा

(५) Gender Equality - लैङ्गिक समानता

| | | |
|---|---|---|
| (६) | Clean Water | - स्वच्छ खानेपानी |
| (७) | Clean Energy | - पर्याप्त विद्युत |
| (८) | Economic Growth | - आर्थिक विकास |
| (९) | Infrastructure | - पूर्वाधार विकास |
| (१०) | Reducing Inequality | - असमानता घटाउने |
| (११) | Sustainable Eithics and Communinties | - दिगो शहरी समुदाय |
| (१२) | Respossible Consumption and Production | - उत्तरदायी उत्पादन र उपभोग |
| (१३) | Climate Action | - जलवायु कार्ययोजना |
| (१४) | Life Below Water | - शुद्ध पिउने पाउने नपाएकोलाई पुऱ्याउने |
| (१५) | Life on Land | - स्वामित्व |
| (१६) | Peace Justice & Strong Institutions | - शान्ति, न्याय तथा बलियो संगठन |
| (१७) | Partnership for the Goals | - कार्य लक्ष्यमा साझेदारी |

माथि उल्लेखि १७ कार्य लक्ष्य अन्तर्गत Gender Equality Education, Culture and Health Cross Cutting issues भित्र पर्दछन् । साथै स्थानीय तहले आफ्नो स्रोत परिचालन गर्दा यस्ता Cross Cutting issues हरुलाई ध्यान दिई बजेट तथा कार्यक्रम निर्धारण गर्न आवश्यक देखिन्छ । महानगरपालिकाबाट दिगो विकासका लक्ष्यहरुलाई समेट्न देहायका Cross Cutting Issues हरुमा लैङ्गिक बजेट निर्माण गर्न पनि आवश्यक हुन जान्छ:

(क) Cultural and Natural Heritage (11.4)

(ख) Inclusive Public Spaces (11.7)

(ग) Sustainable Tourusm Mgt. (12.b)

(घ) Enter preneurship & Innovation (8.3)

(ङ) Knowledge and skills

(च) Participatory decision Making (16.7)

(छ) Inclusion & Participation (11.7)

(ज) Better Water and Sanitation Infrastructure

(झ) सामाजिक विकास, संघ संस्था समन्वय, विभिन्न लक्षित कार्यक्रमहरु

(ज) **सीप विकास तथा रोजगारी:** दिगो विकास लक्ष्य हासिल गर्ने १५ वर्षे अवधिमध्ये उक्त अवधि समापन भएको छ । बाँकी समयलाई कार्यान्वयन दशकमा उतार्न सकिएन भने शासकिय क्षमता कमजोर रहने पनि देखिन सक्छ । बहुआयामिक गरिवीको दरलाई कोभिड १९ ले झन प्रभाव पारेको अवस्था छ । कोही पछाडि नपरुन भन्ने मूल उद्देश्य दिगो विकास लक्ष्यले लिएको देखिँदा देशले प्राथमिकताका साथ लैङ्गिक उत्तरदायी बजेट कार्य प्रक्रियालाई समेत अगाडि बढाउनु पर्ने हुन्छ । १९३ देशहरुबाट यू.एन. महासभाबाट अनुमोदित दिगो विकास लक्ष्यलाई मूल आधार बनाई विकास निर्माणमा आर्थिक, सामाजिक तथा वातावरणीय तिनै आयामको सन्तुलनलाई प्राथमिकतामा राख्नु र सूचनाको उपलव्धता, स्रोत साधनको सुनिश्चिता र समुचित उपयोगमा ध्यान दिई बाँकी समय कार्यान्वयन दशकमा विताउन आवश्यक देखिएको छ ।

# खण्ड ४

# कार्यक्रमगत प्राथमिकता र कार्यनीति

## 4.1. **१६ औ योजना र जैसी रणनीति** : आ.व. २०८१।८२ देखि २०८५।८६ सम्म नेपालको ६७ वर्षे योजना

क्रमताको १६ औं योजना मूलतः समृद्धि, आर्थिक, विकास, भौतिक पूर्वाधार, न्यायीक प्रणाली, रोजगारी विकासका केन्द्रीत भएको छ । विभिन्न क्षेत्रमा देखिएका संरचनात्मक एवं सामाजिक अवरोधहरुलाई सम्वोधन गर्दै रुपान्तरणकारी रणनीतिका साथ लैङ्गिक, समावेशी, सामाजिक न्याय, सामाजिक सुरक्षा लगायतका कार्यहरू सम्पन्न गर्ने कार्यदिशा लिएको छ । संरचनात्मक रूपान्तरणका प्रमुख क्षेत्रहरूमा समष्टिगत आर्थिक वृद्धि, आर्थिक आधारहरुको सवलिकरण, उत्पादन र उत्पादकत्वको क्षमता अभिवृद्धि, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा, स्वास्थ्य शिक्षित र सीपयुक्त मानवपूँजी, गुणस्तरिय भौतिक पूर्वाधार विकास, योजनावद्ध, दीगो र उत्थानशिल शहरीकरण तथा वस्ती विकास, लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समाज, प्रभावकारी वित्त व्यवस्थापन तथा पूँजीगत खर्चको क्षमता अभिवृद्धि, शासकिय सुधार तथा सुशासन प्रवर्द्धन र जैविक विविधता, जलवायू परिवर्तन र हरित अर्थतन्त्रका साथै दिगो विकास लक्ष्यको कार्यान्वयन रहेको छ । १६ औं योजनाले जेसी सम्बन्धी सूचकको आधार विन्दू र परिमाणात्मक लक्ष्य निम्नानुसार तय गरेको अवस्था छ :

| सूचक | आधार (२०७९।८०) | २०८५।८६ मा प्राप्त गर्ने लक्ष्य |
|---|---|---|
| कुल विनियोजनमा खर्चको अनुपात | ८० | ९०% |
| आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | ३२% | ६९% |
| लैङ्गिक विकास सूचकाङ्क | ०.८८५ | ०.९६७ |
| लैङ्गिक असमानता | ०.४९५ | ०.२२५ |
| रोजगारीमा महिला र पुरुषको सहभागिता अनुपात | १:१.७ | १:१.२ |
| महिलाको नाममा घर जग्गा प्रतिशत | २३.८ | ३५ |
| निरपेक्ष गरिवी प्रतिशत | २०.३ | १२.० |
| वेरोजगारी दर प्रतिशत | ११.४ | ५ |

उल्लेखित परिमाणात्मक लक्ष्यलाई प्राप्त गर्न महानगरपालिका लगायत सबै स्थानयि तह, प्रदेश सरकार तथा संघीय सरकारको भूमिका महत्वपूर्ण रहने योजनाले अंगितार गरेको छ ।

## 4.2. पन्ध्रौं योजना एवं जेसी रणनीति तथा कार्यनीति

नेपालमा आर्थिक वर्ष २०६४।६५ देखि नेपाल सरकारका सबै मन्त्रालयहरुले लैङ्गिक अत्तरदायी बजेट विनियोजन प्रणालीको अभ्यास गर्दै आएको अवस्था छ । पन्ध्रौं योजना (२०७६।७७ २०८०।८१) ले राज्यका तीनै तहको सरकारमा लैङ्गिक उत्तरदायी बजेट विनियोजनलाई संस्थागत गर्ने पद्दति लिएको छ । लैङ्गिक उत्तरदायी बजेटलाई आयोगले लैङ्गिक उत्तरदायी सार्वजनिक वित्तीय व्यवस्थापनको रुपमा लिएको छ । आर्थिक वर्ष २०७८।७९ को बजेट बक्तव्यमा लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई प्रदेश र स्थानीय तहको बजेट प्रणालीमा समेत समावेश गर्ने नीतिगत उद्घोष समेत गरेको छ । अर्थ मन्त्रालयले बजेट तथा कार्यक्रम महाशाखाबाट लैङ्गिक उत्तरदायी बजेट समिति गठन गरी स्थानीय तथा प्रदेश तहमा बजेट निर्माण प्रक्रिया अगाडि बढाउने र कानूनी तथा नीतिगत निर्देशिका जारी गर्ने उल्लेख छ । बजेट तयार गर्दा बजेट विनियोजन हुने, वर्गीकरण गर्ने क्रियाकलापमा महिला सशक्तिकरण तथा लैङ्गिक समानतालाई थप योगदान गर्ने गरी बजेट निर्माणलाई प्राथमिकतामा राखी कार्यान्वयनमा ल्याउन पहल गर्ने गरी आयोगले मुख्य उद्देश्य समेत राखेको छ । त्यसैगरी आयोगले लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्दतिले बजेट तयारीको समयमा विकास गरिएका नीति र खर्च प्रस्तावबाट लाभग्राहीमा परेको असरको प्रभाव मूल्याङ्कन समेत गर्नुपर्ने खुलाएको छ । महिला सशक्तिकरण तथा लैङ्गिक समानतालाई प्रवर्द्धन गर्ने क्रियाकलापको लेखाचार्टमा खर्चको अभिलेख राख्नुपर्ने व्यवस्था समेत अपनाएको छ ।

4.3. लैङ्गिक बजेट भन्नाले लैङ्गिक स्थितिलाई हेरी तयार तथा विश्लेषण गर्ने बजेट निर्माण प्रक्रिया हो । Gender Budgeting Is a way for Governments and No-governmental organizations to promote gender quality using administrative and fiscal policy. It Involves understanding the differences is a budgets impact on men and women and subsequently creating policies to Remedy inequalities. Gender बजेट समग्र रुपमा देहायका विषयसंग सम्बन्धित हुन्छ र यो २ प्रकारले तयार गर्न सकिन्छ । पहिलो तरिकामा बजेट अनुमान गर्दा जेसी अवधारणा अन्तर्गत खर्चको अनुमान गरेर र दोस्रो तरिकामा जेसीसंग सम्बन्धित पक्षमा आय घटाएर वा कर, शुल्क जस्ता प्राप्ति रकम कटाएर गर्ने गरिन्छ । अविकसित देशमा खर्चमा समावेश गरेर Gender Budget तयार गरिन्छ भने विकसित देशमा कर तथा सेवा शुल्क घटाएर बजेट तयार गर्ने गरिन्छ । Gender Budget तयार गर्दा निम्न प्रक्रिया पूरा गर्नुपर्ने हुन्छः

(क) कानूनी आधार तथा व्यवस्था,

(ख) नीति, रणनीति एवं कार्यनीतिहरु,

(ग) योजनाको तयारी र निर्माण,

(घ) कार्यक्रम तथा बजेट फर्मुलेशन,

(ङ) स्रोत परिचालन र उपलब्धी एवं सूचक निर्धारण र

(च) कार्यान्वयन र प्रभाव मूल्याङ्कन ।

## 4.4. जेसी मैत्री योजना निर्माण प्रक्रिया निम्नानुसार रहेको पाइन्छः

- जेसी सम्बन्धी नतिजा तालिका एवं फ्रेमवर्क निर्माण गर्ने,
- जेसीसंग सम्बन्धित प्रमाणहरु र खण्डीकृत तथ्याङ्कको आधार विकास गर्ने,
- नतिजा तालिका निर्माणमा महिला, विपन्न, जोखिममा परेका र बञ्चितहरुले पनि योगदान दि न सक्ने किसिमको विधिहरु र परिवर्तनको सिद्धान्त (Theory of Changes) को उपयोग गर्ने,
- नतिजा/उद्देश्य, प्रतिफल र उपलब्धी तर्जुमा गर्दा लैङ्गिक समूहको वेग्लावेग्लै सवालहरुलाई संबोधन गर्ने,
- सम्बन्धित सामाजिक आर्थिक पक्षहरुमा परिवर्तन आएको हेर्न सकिने नतिजा सूचकहरुको निर्माण गर्ने,
- लक्षित कार्यक्रमहरुलाई मूल कार्यक्रममा प्रवाहीकरण गर्ने,
- आवश्यकता, रणनीति, कार्यादेश र कार्यक्रमगत तथा व्यय प्रभावकारीताको दृष्टिकोणबाट उपयुक्त आर्थिक व्यवस्थापनको छनौट गर्ने,
- सोको आधारमा समावेशी विकास र लक्षित कार्यक्रमका लागि खर्च बजेट तथा लैङ्गिक मैत्री बजेट बनाउने,
- खर्चबाट गुणात्मक प्रमाणहरुको विश्लेषण र समीक्षा गर्ने,
- समीक्षात्मक टिप्पणीबाट प्रभाव अध्ययन गरी आगामी वर्षमा के कसरी सुधार गर्न सकिन्छ सोतर्फ कार्यक्रमलाई अगाडि बढाउनुपर्ने,

## 4.5. महानगरपालिकाको लागि जेसी किन महत्वपूर्ण छ ?

नेपालको संविधान, २०७२ ले समावेशी राज्यको परिकल्पना गरेको छ र सबै नागरिकलाई समानताको अधिकारको सुनिश्चितता गरेको छ । परिवर्तनको प्रक्रियामा आएको समावेशी र समानताको यो संबैधानिक व्यवस्थाको कार्यान्वयनमा योगदान पुर्‍याउनको लागि प्राप्त अवसर प्रत्येक नागरिकमा पुर्‍याउन निकै महत्वपूर्ण छ । विभिन्न अन्तर्राष्ट्रिय अभिसन्धीहरुको पक्ष राष्ट्र भएकोले नेपाल र तीनै तहका सरकार यसको लागि कानूनी रुपमा प्रतिवद्ध समेत हुनुपर्ने अवस्था रहेको छ । नेपाल सरकार तथा नेपालको विकासमा कुनै न कुनै सहायता तथा अनुदान क्रियाकलापमा विभिन्न कार्यक्रम बनाई योजना तथा आयोजनाहरु सञ्चालनमा ल्याएको अवस्था समेत रहेको छ । स्थानीय तह अन्तर्गत समग्रमा काठमाडौं महानगरपालिकाको बजेट तथा कार्यक्रम अन्य स्थानीय तहभन्दा वृहत मात्रामा रहेको र प्रत्येक वर्ष २० अर्व

हाराहारीको बजेट प्रारुप बनाउँदा जेसी पक्षमा रही संविधानले उल्लेख गरेको विषयलाई महानगर निर्माणको प्रतिवद्धतालाई यथार्थमा उतार्न यस प्रतिको प्रद्धिबद्धतालाई निरन्तरता दिन र बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि व्यवहारिक मार्ग निर्देशन हुन महानगरपालिकाको लागि जेसी निकै आवश्यक विषयमा समेत परेको छ । नागरिकसंग सोझै पहुँच राख्ने स्थानीय तहहरुमा जेसीको मूल्य मान्यता अनुरुप बजेट तथा कार्यक्रमको निर्माण गरी कार्यान्वयन पक्षलाई झन सशक्त पार्न थप पहलको आवश्यकता छ । एक प्रकारको जेसीलाई लक्षित समूह केन्द्रीत विकास विधिको रुपमा हेर्न सकिन्छ तर जेसी योभन्दा वृहत्तर अवधारणा हो । जेसी विकासको एउटा बुझाई हो । यो एउटा प्रक्रिया हो र विकास एक असल अभ्यास पनि हो । जसले महानगरपालिकाभित्र सबैको लागि कार्यान्वयन हुने सेवा र विकास कार्यक्रमहरुबाट कोही पनि बञ्चित नरहोस् भन्ने उद्देश्य प्राप्तिलाई सहयोग गर्दछ । तसर्थ महानगरपालिकाले यसै अवधारणा अन्तर्गत निम्न अपेक्षा राख्दछः

(क) महिला, विपन्न, जोखिममा परेका तथा बञ्चितिकरणमा परेका व्यक्ति, समूहलाई लाभबाट प्रोत्साहित गराउन र आपसमा अर्न्तसम्बन्धित रहेका विभिन्न कार्यक्रमबारे ध्यान दिई लाभको वितरणमा समानता अपनाउन,

(ख) अर्न्तसम्बन्धित कार्यक्रमहरुको बाधा विश्लेषण गर्ने र बजेट तथा कार्यक्रमलाई अर्न्तसम्बन्धित तत्वसंग समन्वय गर्न गराउन,

(ग) एकीकृत र तथ्यमा आधारित विकास पद्दति र कार्यक्रम तर्जुमा गरी बहुआयामिक बञ्चितिकरण र बहिस्करणलाई बजेट तथा कार्यक्रमको माध्यमबाट सफलतापूर्वक संबोधन गर्न,

(घ) विकास सेवाहरुलाई प्रभावकारी तरिकाले लक्षित गर्न,

(ङ) महानगरभित्रको गरिवी नक्साङ्कन, सहभागितामूलक योजना तर्जुमा, सामाजिक परिचालन ⁄ सशक्तिकरण, व्यवहार परिवर्तनको लागि सञ्चार, सेवा प्रदान गर्नको लागि उपभोक्ता समूह, समिति तथा मुख्य पदहरुमा आरक्षण, व्यक्ति र समुदायहरुको क्षमतामा अभिवृद्धि, कहाँ पुग्न सकिएन र कस्कोमा पुग्न सकिएन, भन्ने प्रमाण तथा तथ्यमा आधारित रही योजना समीक्षा प्रक्रिया जस्ता उपायहरु अपनाउन ।

## 4.6. महानगरपालिकाको महिला, बालबालिका, किशोर, किशोरी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सामाज कल्याण नीतिः

लैङ्गिक हिंसामा परेका, अति विपन्न, असहाय, महिला, बालबालिका, किशोर किशोरी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक रुपले बञ्चितिकरणमा परेकाहरुलाई सहायता, संरक्षण, उद्धार गर्ने नीति महानगरपालिकाको रहेको छ । विपन्न, असहाय तथा सामाजिक रुपले बञ्चितिकरणमा परेकाहरुलाई सहायता, संरक्षण तथा उद्धार गर्न आवश्यक नीतिगत व्यवस्था मिलाउने तर्फ महानगरपालिका प्रतिबद्ध समेत रहको कार्यनीतिमा उल्लेख गरेको छ । निम्न आय भएका शहरी गरिवहरुको पहिचान गरी नेपाल सरकार एवं प्रदेश सरकारसंगको समन्वय र सहयोगमा सामुहिक आवास निर्माण गर्ने नीति समेत रहेको छ । भौकै कोही पर्दैन, भोकले कोही मर्दैन भन्ने नारा सहित महानगरभित्र सडक आश्रित मानव उद्धार गर्ने कार्यलाई निरन्तरता दिने र यस कार्यलाई स्थायीत्व दिन अन्य स्थानीय तहसंग सहकार्य तथा स्थानीयस्तरमै व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता कायम गर्ने उल्लेख भएको छ । सडक सहयोगापेक्षी मानव सेवालाई दिगो र संस्थागत बनाउनको लागि शहिद धर्मभक्त माथेमा महानगर मानव सेवा आश्रमको भवन संरचना लगायतका पूर्वाधार विकास लागि कार्य गरिने उल्लेख छ । लैङ्गिक हिंसामा परेकाहरुलाई पुर्नस्थापना केन्द्रमा अस्थायी रुपमा आश्रय दिई उनीहरुको क्षमता विकास गरी स्वरोजगारमूलक कार्यमा सहभागी गराउने एवं परिवारसंग पुर्नमिलन गराउनको लागि सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग समन्वय र सहकार्य गर्ने उल्लेख भएको छ । साथै महिला सचेतना तथा क्षमता विकास कार्यक्रमलाई प्राथमिकतामाराखी सञ्चालन गर्न महानगर महिला सहजीकरण केन्द्र समेत स्थापना तथा सञ्चालन गर्ने कार्यनीति लिएको छ ।

## 4.7. महानगरपालिकाको क्षेत्रगत तथा कार्यक्रमगत प्राथमिकता

महानगरपालिकाले प्रत्येक वर्ष नीति तथा कार्यक्रम, संघ र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा सामाजिक नीतिहरु, संघ तथा प्रदेश सरकारले तर्जुमा गरेको नीति, कार्यक्रम तथा बजेट, बजेट

तर्जुमाका सिद्धान्तहरु, बजेटका प्राथमिकताहरु र दिगो विकास लक्ष्यलाई आधार मानी बजेट प्रस्तुत गरेको देखिन्छ । महानगरपालिकाले क्षेत्रगत तथा कार्यक्रम प्राथमिकता देहाय बमोजिम निर्धारण गरेको छः

- सामाजिक एवं आर्थिक असर न्यूनीकरणका विषय,
- उपलव्ध स्रोत, अवसर र क्षमताको उच्चतम परिचालन,
- सामाजिक, आर्थिक, भौतिक पूर्वाधार विकास मार्फत समून्नत र समाजबाद उन्मुख अर्ततन्त्र निर्माणमा योगदान,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई टेवा पुग्ने कार्यक्रम सञ्चालन,
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने विषय,
- प्राथमिकताहरुबाट विकास कार्यमा निरन्तरता ल्याउन भवनहरु निर्माण, पर्यटन पदमार्ग, पार्क निर्माण, हल निर्माण, सार्वजनिक जग्गा संरक्षण, हरियाली प्रवर्द्धन, नदी नियन्त्रण, कोरीडार निर्माण शहरी यातायात जस्ता कार्यक्रमलाई निरन्तरता दिएको र समृद्धिका लागि सहकारी, एकीकृत सीप विकास, जीवन निर्वाहका लागि पारिश्रमिक, प्रविधिमैत्री कार्यक्रम, महिला सहजीकरण केन्द्र, युवासंग मेयर कार्यक्रम, मेलमिलाप शिविर सञ्चालन जस्ता महत्वपूर्ण कार्यक्रमहरुलाई समेत प्राथमिकतामा राखेको छ ।

## खण्ड ५

# काठमाडौं महानगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीतिहरु (KMC - Strategies JECI)

५.१ **भूमिका** : काठमाडौं महानगरपालिकाले आर्थिक वर्षहरुको कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा लैङ्गिक सम्वेदनशीलता मापन गरी प्रत्यक्ष लैङ्गिक उत्तरदायी, अप्रत्यक्ष लैङ्गिक उत्तरदायी र लैङ्गिक रूपले तटस्थ गरी महानगरपालिकाको विकास प्रकृया, योजना तर्जुमा र कार्यान्वयन, बजेट, निर्णय प्रकृया लगायत र अन्य संरचना सहित स्थानीय नीति कानुन तथा योजना तर्जुमा, संस्थागत विकास, मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह, र सुशासन तथा उत्तरदायित्वको अवस्था लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण दृष्टिकाणले संबेदनशिल छ वा छैन भनी विश्लेषण गरी नीति तथा रणनीतिहरू तर्जुमा गर्ने प्रणाली विगत आर्थिक वर्षहरुदेखि कार्यान्वयनमा रहेको छ । यस सम्बन्धमा काठमाडौं महानगरपालिकाले समेत आफ्ना विकास कार्यक्रमहरू, योजना तर्जुमा र कार्यान्वयन, बजेट निर्माण, निर्णय प्रकृया लगायत अन्य संरचनाहरू लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्रि बनाउने उद्देश्यले प्रत्येक वर्षको बजेट तथा कार्यक्रममा विभिन्न रणनीतिहरु समेत तर्जुमा गर्दै आएको अवस्था छ । ती रणनीतिहरु कार्यान्वयनमा प्राथमिकता समेत लिएको छ ।

५.१.१ **महानगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीति तर्जुमाको आवश्यकता** : नेपालको संबिधान २०७२ ले राज्यका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था प्रत्याभूत गरेको छ । सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समुहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्नुपर्ने अवस्था छ ।, लैससास सम्बन्धी विभिन्न नीति, कार्यविधि, निर्देशिका आदिलाई स्थापित संरचनाहरू मार्फत कार्यान्वयन गरी अनुगमन तथा मूल्याँकन प्रक्रिया र महानगरको कार्य सम्पादनमा लैससास अवधारणासंग नीतिगत र कार्यगत परिपूरक र सामन्जस्यता ल्याउन आवश्यक भएकोले साथै विभिन्न समूहका महिलाहरूबीचको असमानतामा वृद्धि भैरहेको र पहिचानका समस्याले गर्दा लक्षित महिला, सीमान्तकृत तथा विपन्न महिलाहरूले सेवा सुविधा प्राप्त गर्न नसकेकाले, राज्यका संरचनाहरूमा सकारात्मक विभेदका नीतिहरू लागु भएतापनि प्रतिफल हासिल गर्नेतर्फ पूर्ण प्रतिवद्धताको कमी भएकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मुद्दालाई स्थानीयस्तरसम्म लैजाने उद्देश्यले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट यस सम्बन्धी नमुना कानुन बनाएर समेत स्थानीय तहहरूलाई सहजिकरण गरिएको छ । जसको आधारमा महानगरले रणनीति तर्जुमा गरी कार्यान्वयनमा समेत ल्याइसकेको अवस्था छ । यसैलाई मध्यनजर गरी यस महानगरपालिकाले लैससास सम्बन्धमा देखिएका समस्या र चुनौतीको समाधान गर्न लैससास नीति आवश्यक रहेको पुष्टि गरेको समेत छ ।

- महानगरपालिकामा लैससास सम्बन्धी शासन ब्यबस्थाको प्रवर्द्धन गर्न,
- महानगरपालिकामा योजना तर्जुमा प्रक्रियालाई लैससास मैत्री बनाउन,
- महानगरपालिकाको नीति तथा कार्यक्रम र बजेटलाई लैङ्गिक उत्तरदायी बनाउन,
- महानगरपालिकाको नीति कानुन र संरचनामा लैससासलाई मुलप्रवाहीकरण गर्न,
- महानगरपालिका अन्तर्गत सन्चालन हुने नीति, योजना तथा कार्याक्रमलाई मार्गदर्शन गर्न,
- सरोकारवालाहरू विच बुझाईमा एकरूपता कायम गर्न र लैससास सम्बन्धी कानूनी ब्यबस्थाको कार्यान्वयनमा सहयोग पुरयाउन,
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्बन्धमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता, संघीय र प्रदेश सरकारका लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता अनुरूपको दायित्व पुरा गर्न,
- लक्षित वर्गमा सामाजिक न्याय कायम गर्दै न्यायोचित वितरणको ब्यबस्था गर्न,
- गुनासो सुनुवाईको उचित ब्यबस्था गर्न,
- नेपाल सरकारले गरेको दिगो विकासको लक्ष स्थानीयस्तरमा कार्यान्वयन गर्न र सो प्रतिफल प्राप्त गर्न ।

५.१.२ **महानगरपालीकाको दीर्घकालीन अवधारणा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लेख गरिए बमोजिम महानगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत विभिन्न बुँदाहरूहरूले जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरू सहित सुकुम्बासी व्यवस्थापन गर्न लक्षित समुह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन र गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन गर्ने कुराहरू उल्लेख गरिएको छ ।

त्यस्तै उक्त ऐनको दफा १२ मा वडा समितिको काम, कर्तब्य र अधिकार अन्तर्गत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रकृया अवलम्बन गरी महिला तथा पिछडिएको वर्गको सहभागितामा योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने व्यवस्थालाई जोड दिएको छ । उपरोक्त कानूनी व्यबस्थाका आधारमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा रणनीतिको दीर्घकालीन सोंच **"साँस्कृतिक शहर समृद्ध महानगर"** तय गरिएकोछ ।

५.१.३ लैंङ्गिक तथा सामाजिक समतामूलक विकासको माध्यमबाट लैङ्गिक तथा सामाजिक सम्वन्धमा सुधार ल्याई गरिबी न्यनीकरण गर्ने ।,

५.१.४ यस रणनीतिको मुख्य उद्देश्य लैससास अवधारणा अनुसार यसको प्रयोगलाई सरलिकृत रूपमा स्थानीयकरण गरी महानगरपालिकाले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दीगो बनाउन आर्थिक श्रोतको सुनिश्चितता, उपलब्धीका समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ ।

(क) लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत महानगरपालिकाको संस्थागत संरचना र कार्यक्रमहरूमा महिला र सीमान्तकृत समुहहरूलाई समाबेश गरी, लैङ्गिक समानता र सबै जात, जातिको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रबाहीकरण गर्दै लैजाने रहेको छ ।

(ख) महानगरपालिका एवं अन्य सेवा प्रदायक सरोकारवाला संस्थाहरू सहित लक्षित वर्ग समूहको आर्थिक, सामाजिक, राजनीतिक र सार्वजनिक जीवनमा अर्थपूर्ण सहभागिता, पहुंच तथा नियन्त्रणमा बृद्धि गर्ने नीति लिई समावेशीकरण तथा सशक्तिकरण गर्ने रहेको छ ।

(ग) लैससासबारे संबिधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि, लैससासबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने उद्देश्य समेत निर्धारण भएको छ ।

(घ) लैससास सम्बन्धी नीति निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति, विकास साझेदार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्र र अरू स्थानीय सरकार आदिसँग समन्वय, सहकार्य र सहजीकरण गर्ने नीति समेत महानगरले कार्यान्वयनमा ल्याएको छ ।

(ङ) महानगरपालिकाबासी विशेष गरी बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता आदिको लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने र जेष्ठ नागरिकलाई थप सुरक्षा प्रदान गर्ने नीति रहेको छ ।

(च) महानगरपालिकाको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने उल्लेख छ ।

(छ) नेपाल सरकारले प्रतिबद्धता जाहेर गरेको दिगो विकासको लक्ष प्राप्त गर्न स्थानीय तहहरूलाई जिम्मेवार बनाउने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता साथै संघीय र प्रदेश सरकारका लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता अनुरूपको दायित्व पुरा गर्ने समेत महानगरले उल्लेख गर्दै र कार्यान्वयन गर्दै आएको छ ।

## ५.२ नीति, रणनीति तथा कार्यनीतिहरू

### ५.२.१ नीतिगत सारांश

- महानगरपालिकाले संचालन गर्ने सम्पूर्ण योजना तथा कार्यक्रमलाई लैससास दृष्टिकोणबाट संस्थागत गरी त्यसमा महिला र सीमान्तकृत समुहको अर्थपूर्ण सहभागितामा कार्यान्वयन गरी मूलप्रबाहीकरण गर्दै लगिने,
- लैङ्गिक उत्तरदायी योजना तथा बजेटलाई तथा लैङ्गिक उत्तरदायी र समावेशी बजेट परीक्षणलाई स्थानीयकरण गरी लक्षित समुदायको आर्थिक तथा वित्तीय श्रोतमा पहुँच अभिबृद्धि गरिने,
- महानगरपालिका, सेवा प्रदायक सरोकारवाला संस्थाहरू, महिला र सीमान्तकृत समुहहरूलाई समावेश गरी उनीहरूका योजनाबद्ध रूपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी नगरपालिकाको विकास प्रकृयामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक, सामाजिक, र राजनीतिक र सार्वजनिक जीवनमा अर्थपूर्ण सहभागिता, पहुंच तथा नियन्त्रणमा बृद्धि गर्ने नीति लिई समावेशीकरण तथा सशक्तिकरण गर्ने,
- लैससासबारे संबिधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न बर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि, लैससासबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतिकरण तथा क्षमता विकास गर्ने,
- लैससास रणनीति प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आन्तरिक र बाह्य सवै सरोकारवालाहरूसंग नियमित र प्रभावकारी समन्वय, सहकार्य र सहजीकरण गर्ने,
- गरिब असहाय बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको वास्तविक तथ्यांक पत्ता लगाई सोको विवरण अद्यावधिक गर्दै तिनीहरूका लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने,
- सवैप्रकारका अनुगमन तथा मूल्यांकन प्रणालीमा लैससास उत्तरदायी दृष्टिकोण अपनाइने,
- महिला, बालबालिका, आदीबासि, जनजाति, मानव अधिकार लगायतका क्षेत्रमा नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय घोषणाका प्रावधानहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न अभिप्रेरित गरिने ।

### ५.२.२ रणनीतिहरू

- स्थानीय शासन प्रकृयामा सबै सामाजिक समूहका नागरिकहरूको अधिकाधिक सहभागिता सुनिश्चत गर्न संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्यक्षेत्रगत शर्त निर्धारण गर्ने,
- स्थानीय तहमा विद्यमान लैङ्गिक तथा सामाजिक विभेद कम गर्न सामुदायिक सचेतना र सशक्तीकरणको निमित्त सामुदायिक संस्थाहरू (महिला, बञ्चितीकरणमा परेका वर्गहरूको समुह, पारा लिगल, फेडरेसन, बाल क्लब र निगरानी समुह आदि) परिचालन गरी लैङ्गिक तथा सामाजिक भेदभाव न्यूनीकरण गर्ने । बञ्चितीकरणमा परेका वर्गहरूको क्षमता अभिबृद्धि गरी स्थानीय सरकारमा समावेशी विकास प्रयासलाई संस्थागत गर्ने,
- लैङ्गिक तथा सामाजिक भेदभावमा रहेका व्यक्तिहरूको न्यायोचित एवं उपयुक्त रूपमा वित्तीय स्रोतहरूमा पहुँच वृद्धि गर्ने,
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि संस्थागत तथा व्यक्तिगत दुबैथरी क्षमता विकासका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्ने,
- महानगरपालिकाको सेवा प्रवाह संयन्त्र तथा प्रक्रिया लैङ्गिक तथा सामाजिक समावेशीमैत्री हुने गरी सुधार गर्ने,

- महानगरपालिकामा तर्जुमा गरिएका नीतिहरूको लैससासको दृष्टिकोणबाट पुनरावलोकन तथा विकासमा जोड दिने,

- स्थानीय सरकारका लागि उपयुक्त सहयोग प्रदान गर्न स्थानीय तहका निकायहरूको क्षमता अभिवृद्धि गर्ने ।

उपरोक्त समग्र रणनीतिका अलावा देहायका क्षेत्रगत रणनीतिहरू समेत तय गरिएका छन् :

५.३ **मूलप्रवाहीकरण :**

- महानगरपालिका तहमा महिला, गरिब तथा बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरी नीतिगत ब्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य वातावरण र संस्कृति, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्य मार्फत पछाडि परेका वा पारिएका असक्त, गरिब तथा लक्षित वर्ग समूहको सवाल र समस्या पहिचान गरी उनीहरूलाई समान अवसर दिई सवाल र समस्याको सम्बोधन गरी उनीहरूको समग्र महानगरपालिकाको विकास प्रक्रियामा मूलप्रवाहीकरण गरिने र

- लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत महानगरपालिकाको संरचना र कार्यक्रमहरूमा महिला र सीमान्तकृत समुहहरूमा समावेश गरी लैङ्गिक समानता र सबै जात जातिको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रवाहीकरण गर्दै लगिने ।

५.४ **आर्थिक, सामाजिक र राजनीतिक समावेशीकरण तथा सशक्तिकरण** : बिकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका वा पारिएका असक्त, गरिव तथा लक्षित वर्ग समूहको महानगरपालिकाको समग्र शासन प्रणालीमा अर्थपूर्ण सहभागिता गराई उनीहरूलाई सवल बनाई आर्थिक, सामाजिक र राजनीतिक समावेशीकरण तथा सशक्तिकरण गर्नुको साथै आउन सक्ने प्राकृतिक तथा मानव सिर्जित बिपत् व्यवस्थापन गर्दै कृषि, सहकारी, पर्यटन आदिको समुचित विकास गरी नगरबासीको लागि स्वरोजगारीको ब्यबस्था गर्दै लगिने ।

५.५ **संस्थागत संरचना, सचेतिकरण् तथा क्षमता बिकास :**

- वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि आदिमा भएका व्यवस्थाहरूको सबै सरोकारवालाहरूसँग प्रभाबकारी समन्वय कायम गरी कार्यान्वयन गर्न चुस्तदुरूस्त संस्थागत संरचना निर्माण गरी महानगरपालिका लगायतका सेवा प्रदायक सरोकारवाला संस्थाहरूलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउदै लगिने,

- पछाडि परेका वा पारिएका असक्त, गरिव तथा लक्षित वर्ग र समुहको चुस्तदुरूस्त संस्थागत संरचना मार्फत योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक सचेतीकरण तथा क्षमता अभिवृद्धि गरी महानगरपालिकाको समग्र विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक विकास गरिने ।

५.६ **समन्वय, सहकार्य र सहजीकरण** : विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी, विकास साझेदार संस्थाहरु, अन्तर्राष्ट्रिय गैसस, नागरिक समाज, निजी क्षेत्र आदिसंग साझेदारी तथा समन्वय गरिने,

५.७ **सामाजिक संरक्षण** : महानगरपालिकाबासी विशेषगरी बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता आदिको लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने रणनीति लिई सामाजिक संरक्षण र सुरक्षा सम्बन्धी कार्यक्रमहरु लागु गर्दै लैजाने,

५.८ **अनुगमन तथा मूल्याङ्कन** : महानगरपायलिकाका सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै जाने,

५.९ महानगरपालिकाको शासन प्रक्रियामा विभिन्न सामाजिक समूहको संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्यक्षेत्रगत शर्त निर्धारण गर्ने रणनीति लिइने ।

## खण्ड ६

## कानमपा लैससास विश्लेषण (Analytical Review & Result)

६.१ **भूमिका** : नेपाल विभेदरहित, समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक न्यायको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्दै अगाडि बढिरहेको छ । नेपालको संविधानले लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ ।

संविधानको धारा १६ ले सबै व्यक्तिरूको सम्मान पूर्वक बाच्ने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, ३८ महिलाको हक, धारा ४२ ले सामाजिक न्यायको हक धारा ४३ ले आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला लगायतलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ । यसका साथै राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म,वर्ण,जात,जाति,लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भनी व्यवस्था गरेको छ। त्यस्तै, धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्थाको साथै धारा ५२ ले राज्यले गर्नु पर्ने दायित्वको ब्यबस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ ले नगरपालिका ले आफनो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीयस्तरमा विकासकालागि आवधिक, बार्षिक, रणनीतिगतरूपमा मध्यकालिन तथा दिर्घकालिन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रूपमा ब्यबस्था गरेको र सोही दफाको उपदफा (२) मा योजना बनाउदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरसम्बन्धीत विषयलाई ध्यान दिनु पर्ने भनी उल्लेख गरेको छ । सोहि विषयलाई मध्यनजर गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ( लैससास) रणनीतिको तर्जुमा गर्न लागेको हो ।

६.२ **लैससास रणनीतिको आवश्यकता तथा औचित्यता** : समाजमा रहेको विभेदका कारण पहुँच, स्रोत, सेवा, सूचना तथा निर्णायक भूमिकामा असर पर्ने गरेको छ। सामाजिक संरचना नमिल्दो हुनुका साथैं उपलब्ध सेवा सुविधाको समान उपभोग पनि नहुने गरेको अवस्था छ । यसको प्रमुख कारण बर्गिय, जातीय, क्षेत्रीय, भाषिक र धार्मिक विषय रहेका छन । यी विभेदहरूको बिरूद्धमा नेपाल सरकारले कानूनी ब्यवस्था गरी लागु गरेको छ । कानून अनुसार यी विभेदहरू दण्डनीय छन् । तथापि, समुदाय स्तरमा विभेदहरू ब्याप्त रहेको अझै देख्न सकिन्छ ।

असमानताका अनेक अवस्थाहरूलाई स्थानीय तहबाट उचित सम्बोधन गर्न काठमाडौं महानगरपालिकाले लैङ्गिकमैत्री समावेशी महानगर बनाउने सोच समेत लिएको छ । समुदायमा पछाडी पारिएका वा परेका महिला, दलित, आदिवासी जनजाती, मधेसी, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडितहरूलाई समान सहभागीता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागीताको भुमिकासहित लैङ्गिक समानता र सामाजीक समावेशीकरण मार्फत सवैले आत्मसम्मान वोध हुने वातावरण निर्माण गर्न र महानगरपालिकाबाट गठन तथा सञ्चालन हुने समिति, संरचना र क्रियाकलापहरूलाई मुलप्रवाहीकरणको माध्यमबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतिलाई संस्थागत गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति समेत तर्जुमा भएको छ ।

६.३ **उद्देश्यहरू**

- महानगरपालिकालाई संस्थागत एवं कार्यक्रमगत रूपमा लैंङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्ने,

- संस्थागत एवं कार्यक्रमगत रूपमा समावेश गर्ने गरी लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी अवधारणालाई महानगरपालिकाको कार्यक्रम तथा आयोजनाहरूबाट सुनिश्चित एवं प्रभावकारी रूपमा लागू गर्ने,
- महिला, बालबालिका, गरिब तथा वञ्चित समूहका मानिसहरूको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील, उत्तरदायी, जबाफदेही हुन सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने,
- सरोकारवालाहरूलाई वार्षिक तथा आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील, उत्तरदायी, जफावदेही हुन अभिप्रेरित गर्ने,
- स्थानीय जनता विशेषगरी महिला, बालबालिका, गरिब तथा वञ्चितीकरणमा परेका समूहका मानिसहरूको क्षमता विकास गरी यी वर्गहरूको स्थानीय तहको विकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी विकास प्रक्रियालाई संस्थागत गर्ने ।

६.४ **कानूनी ब्यबस्था** : असमानित समाजलाई समतामूलक ढङ्गबाट निर्माण गर्ने उद्देश्य नेपालको संविधान, २०७२ ले लिएको छ । संविधानमा सबै नागरिकलाई कानूनको दृष्टिमा समानताको हक प्रदान गर्दै कसैलाई उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने भनेर प्रष्ट रूपमा लेखिएको छ । यसै तथ्यलाई आत्मसात गरी नेपालको सन्दर्भमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) को मुद्दालाई बहुआयमिक मानी सबै सरकारी तथा गैरसरकारी क्षेत्रहरूमा अनिवार्य पालना गर्नुपर्ने कानूनी ब्यवस्था रहेकोछ । अतः लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्नका लागि तत्कालीन स्थानीय विकास मन्त्रालयले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०६६ तर्जुमा गरेको थियो ।

तथापि, यसको कार्यान्वयन र जनस्तरमा यसप्रतिको चिन्तन अझै कमजोर रहेको पाइएकोले राष्ट्रिय ऐन तथा नियमहरू र अन्तराष्ट्रिय महासन्धी र अभ्यासहरूको आधारमा लैससास अभियानमा ब्यापकता ल्याउने जमर्को भइरहेको छ । यसलाई स्थानीय तहहरूबाटै कार्यान्वयन गर्ने पहल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समेत गरेको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशी नीति तथा कार्यक्रमहरूलाई प्रभावकारी ढंगबाट सञ्चालन गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६, लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन, २०६९, लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीति, २०७२, स्थानीय तह लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०७६ नमूना कानून, र सामाजिक समावेशीकरण नीति, २०७६ समेत कार्यान्वयनमा ल्याई सोहि अनुरूप स्थानीय तहहरूलाई गर्न र गराउन सहजिकरण गरिरहेको छ । बदलिँदो राजनीतिक परिस्थिति र संवैधानिक ब्यबस्था अनुरूप महानगरपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरूले लैङ्गिक समानता तथा सामाजीक समावेशीकरणलाई प्रवर्द्धन गर्दै जाने रणनीति तथा कार्यक्रमहरू तर्जुमा गर्ने अभ्यास, महानगरपालिकाले ऐन, नियम र कार्यविधि तथा मापदण्ड तर्जुमा गर्दा लैससास सम्बन्धी संवेदनशिल भएर बनाउने प्रयास, वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक तथा समावेशी सहभागीता लाई जोड दिदै योजना तथा कार्यक्रमहरू तर्जुमा गरिएको छ ।

६.५ **काठमाडौं महानगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अवस्थाको विश्लेषण** : समाजमा लैङ्गिक विभेद जस्तै महिला, पुरूष र अन्य लिंगका आधारमा रहेको भिन्न सोंचाई तथा गराई र बिभिन्न बर्गहरूका बीचमा बिद्यमान रहेको सामाजिक विभेदबाट सृजित फरक मूल्य मान्यताहरू ब्याप्त रहेको अवस्था छ । यस्तै बर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक आधारमा हुने विभेदहरूलाई न्यूनिकरण अथवा नियन्त्रण गर्न नेपाल सरकारले संबिधान तथा अन्य कानूनी ब्यवस्थाका अधारमा गरेका प्रयासहरूलाई महानगरपालिकाले समेत आत्मसात गरी गर्ने कार्यान्वयन गर्ने प्रयास गरेको छ । यस प्रयासका वावजुदपनि केही चूनौति र अवसरहरू समेत देखिएका छन् ।

## ६.६ महानगरपालिकाका चुनौति तथा अवसरहरू

समावेशी लोकतन्त्रलाई सस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र अन्तर्गतका समिति र संरचना निर्माणमा लक्षित वर्गको समतामुलक पहुँच स्थापित गर्न लैङ्गिक समानता र सामाजिक

समावेशीकरण आवश्यक छ । यद्यपी, यस महानगरपालिकाको सन्दर्भमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको समस्या, चुनौति र अवसरहरू मुलतः देहाय अनुसार रहेका छन् :

(क) **समस्या तथा चूनौतिहरू**

१. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी बुझाईमा एकरूपता नहुनु साथै विभिन्न लिङ्ग, वर्ग क्षेत्र समुदाय र जातजाती बिच हारगत विभेद हट्न नसक्नु,

२. महानगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लैससासको सवाल मुलप्रवाहीकरण नहुनु

३. नियमितरूपमा लैङ्गिक उत्तरदायी बजेट परीक्षण नहुनु, र लक्षित वर्गको प्राथमिकता योजना तर्जुमा भन्दा आयआर्जनमा मात्र ध्यान दिनु ।

४. लैससासको लागि आवश्यक खण्डीकृत तथ्यांक संकलन र अभिलेखीकरणको अभाव रहनु,

५. लक्षित वर्गको अवसर र लाभ वितरणमा न्यायोचित पहुँच सुनिश्चत हुन नसक्नु र उनिहरूको आर्थिक तथा सामाजिक विकासमा उच्च अन्तर रहनु,

६. बंचितिकरणमा परेका वर्ग र समुहलाई आर्थिक तथा सामाजिक रूपमा सशक्तिकरण गर्न नसक्नु, महिला तथा बंचितिकरणमा परेका समुदायको उत्थानका लागि टोल वा बस्तीस्तरमा कार्यक्रमहरू लैजानका लागि थप बजेटको व्यवस्था गर्नलाई प्राथमिकिकरण गर्न नसकेको,

७. महानगरपालिकाका समिति र संरचनामा लैससासको भावना समेट्न नसक्नु, सबै जनप्रतिनिधि तथा कर्मचारीहरूमा लैससास कार्यान्वयन सम्बन्धमा उत्तिकै सचेतना र क्षमता नभएकोले सशक्तिकरणमा चुनौति रहेको,

८. महानगरपालिकाको अनुगमन तथा मुल्यांकन र प्रतिवेदन प्रणालीले लैससास अवधारणालाई अवलम्बन गर्न नसक्नु,

९. विभिन्न लक्षित वर्ग, क्षेत्र र समुदाय बीच ज्यादै ठुलो असमानताका कारण लाभ वाडफाँडमा वास्तविक लक्षित वर्गको पहिचान र पहुचमा सुनिश्चिता नहुनु, र

१०. समाजमा विद्यमान रहेका हानीकारक सामाजिक मुल्यमान्यताहरू कायम रहनु जसले गर्दा विद्यमान कानूनी ब्यबस्थाको कार्यान्वयन हुन नसक्नु ।

(ख) **अवसर तथा संभावनाहरू :** समावेशीकरणलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने संविधान र संविधानमा भएका ब्यबस्थाहरू, स्थानीय सरकार सन्चालन ऐन, नेपाल सरकारले अन्तर्राष्ट्रिय रूपमा जनाएका प्रतिवद्धता, स्थानीय सरकारले नै नीति तथा कानून निर्माण तथा नीति निर्माण गर्ने अधिकारले महानगरपालिकालाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्रीनगर बनाउने अवसर प्रदान गरेको छ । संघीय तथा प्रदेश सरकारको लैससास मैत्री बजेट तथा कार्यक्रम अनुरूप महानगरपालिकालाई नीति तथा कानून बनाउन अवसरहरू प्रदान गरेको छ । नगरमा धार्मिक, जातियता, भाषिक, र अन्य बिबिधताका साथै महिला, बालबालिका, जेष्ठ नागरिक, अल्पसंख्यक, अपाङ्गता भएका नागरिकहरूको वसोवास रहेको छ । महानगरपालिका पुरानो र श्रोत सम्पन्न स्थानीय तह भएकोले कार्यक्रमहरूको लागि बजेट ब्यवस्था गर्न सहज भएको छ । सबै शाखाहरूमा दक्ष कर्मचारीहरूको रहेको कारण नीति कार्यान्वयनमा सहज वातावरण रहेको छ । तथापि, महानगरपालिकाको विकास प्रकृयामा यी सबै बर्गका नागरिकहरूलाई मुलप्रवाहिकरण गर्न, उनीहरूलाई सक्षम तुल्याई बहुआयमिक गरबीबाट मुक्त गर्न महानगरपालिकाको काँधमा चुनौति रहेको छ । यी चुनौतिहरूको बीचमा समानता स्थापना गर्न आफ्ना कार्यक्रम, बजेट, नीति तथा कार्यान्वयनका पक्षहरूमा पनि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्राथमिकता दिइएको अवस्था छ । यस सम्बन्धी विस्तृत विवरण तल अनुसूचीमा दर्शाइएको छ ।

६.७ **विश्लेषण बिधि :** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विश्लेषणका लागि प्राथमिक स्रोतका तथ्याङ्कहरूको प्रयोग गरिएको छ । यसका लागि कार्यपालिका जनप्रतिनिधि, कर्मचारी र सेवाग्राहीरूसंग

समेत अन्तरक्रिया, शाखागत रूपमा र अन्य व्यक्तिहरूसंग समेत बेग्लाबेग्लै Key Informantion Interview, सहभागितात्मक छलफल आयोजना गरी सूचना संकलन तथा बिश्लेषण गरियो ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विश्लेषणका सिलसिलामा कर्मचारीहरूका बीचमा यसको महत्व, बिधि, आबश्यकता, उद्देश्य र बिधिका बारेमा प्रश्तुति, बिस्तृत छलफल र महानगरपालिकाका सबल पक्ष, कमजोर पक्ष र चुनौतिहरूको विश्लेषण गरी समग्र विकासकालागि प्रमुख संभावनाका आधारहरू, संभावना तथा अवसरहरूको संभावना क्षेत्र तथा स्थान तथा संभावना तथा अवसरबाट प्राप्त हुन सक्ने प्रतिफलहरूको बारेमा छलफल गरियो ।

महानगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था पाँच विषयगत क्षेत्रहरूका आधारमा गरियो । जसअनुसार स्थानीय नीति कानुन तथा योजना तर्जुमा, संस्थागत विकास, मानव संसाधन तथा क्षमता बिकास, सेवा प्रवाह, र सुशासन तथा उत्तरदायित्व रहेकाछन् । उपरोक्त क्षेत्रका १०० वटा सूचकहरूको विश्लेषणका आधारमा सहभागितामूलक परीक्षण गरिएको थियो ।

६.८ **विश्लेषणको नतिजा** : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको संस्थागत क्षमता विश्लेषणका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको ५ वटा विषयगत क्षेत्र,र १०० वटा सुचकहरूलाई प्रयोग गरी यस महानगरपालिकामा कार्यान्वयन गरिएको थियो । तलको तालिकामा विषयगत क्षेत्र अनुसार प्राप्त गरेको अकंभार देखाईएको छ ।

**तालिका - १**

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विश्लेषण**

| क्र.सं. | विषयगत क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | प्राप्ताङ्क प्रतिशत | फरक | फरक प्रतिशत | समग्र नतिजा |
|---|---|---|---|---|---|---|---|
| १ | नीति कानुन र योजना | 20 | 11.5 | 57.5 | 8.5 | 42.5 | राम्रो |
| २ | संस्थागत ब्यवस्था | 20 | 12.5 | 62.5 | 7.5 | 37.5 | राम्रो |
| ३ | मानव संसाधन तथा क्षमता बिकास | 20 | 16 | 80 | 4 | 20 | राम्रो |
| ४ | सेवा प्रवाह | 20 | 15.5 | 77.5 | 4.5 | 22.5 | राम्रो |
| ५ | सुशासन तथा उत्तरदायित्व | 20 | 15 | 75 | 5 | 25 | राम्रो |
| | **जम्माः** | **100** | **70.5** | **70.5** | **32.50** | **29.5** | राम्रो |

***नोटः*** *लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विश्लेषणको अंक गणना*

| प्राप्ताङ्क | ८० प्रतिशतभन्दा बढी | ६० देखि ७९ प्रतिसतसम्म | ४० देखि ५९ प्रतिशतसम्म | ४० प्रतिशतभन्दा कम |
|---|---|---|---|---|
| समग्र नतिजा | उत्कृष्ट | राम्रो | कमजोर | अति कमजोर |

***स्रोतः*** *२०७५ स्थानीय सरकारको संस्थागत, स्वमूल्याङ्कन कार्यबिधि*

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विश्लेषणको प्राप्त अकंभारका आधारमा यस महानगरपालिका समग्र क्षमता राम्रो (७०.५०%) रहेको पाइयो । बिषयगत क्षेत्रहरूको बेग्लाबेग्लै क्षमता बिश्लेषण गर्दा सेवा प्रवाह (७७.५०%), सुशासन तथा उत्तरदायित्व मानव संसाधन तथा क्षमता बिकास (८०%), र संस्थागत ब्यवस्था (६२.५०%) क्षेत्रका गतिबिधिहरू उत्कृष्ट क्षमताका साथ संचालन भएको पाइयो । अन्य विषयगत क्षेत्रहरूमा नीति कानुन र योजनाका (५७.५०%) गतिबिधिहरू राम्रो क्षमताका साथ संचालन भएको पाईयो । समग्रमा विश्लेषणको प्राप्त अकंभारका आधारमा यस महानगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी गतिबिधिहरूमा ध्यान पुर्याइरहेको देखिन आउँछ, जो विकास र न्यायकालागि सकारात्मक अवस्था हो ।

महानगरपालिकाले गरेको अपेक्षित अबस्था र र प्राप्ताङ्क बीचमा फराकिलो भिन्नता (२९.५०%) अबस्थालाई हेर्दा सुधार गर्नुपर्ने रहेको देखिन्छ । तथापि, भिन्नता (GAP) लाई घटाउनका लागि कामपाले कार्यक्रम सबलीकरणमा ध्यान दिन जरूरी छ । यसले नागरिकमा सुशासन र विकासको अनुभुती गराउन

सहयोग पुर्याउंछ । यसका अलावा, असल कार्यको अनुसरण गर्दा जस्तैः दक्ष कर्मचारीको अभाव, नियम कानुनको अभाव, सिकाइकै रूपमा रहेका जनप्रतिनिधिहरू र सीमित स्रोत साधनका वावजुद पनि स्थानीय कानुन निर्माण, योजना तर्जुमा, पूर्वाधार विकास, क्षमता विकास, राजश्व संकलन तथा वजेट निर्माण, न्याय सम्पादन, सेवा प्रवाह, पारदर्शिता तथा सुशासन, सूचनाको प्रविधिको प्रयोगमा गरिएका पहलहरू उल्लेखनिय छन् ।

# खण्ड ७

# जेसी अडिट

७.१ **जेसी अडिट (लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लेखापरीक्षण** : फरक क्षमता भएका, पिछडिएका, कमजोर वर्गमा परेका, मूल प्रवाहीकरणमा प्रवेश गर्न नसकेका, समाजबाट पृथक रहेका, रोजगारी तथा आय आर्जनमा विमुख भएका, सशक्तिकरणको पाटोमा ओझेलमा परेका, वर्ग, लिङ्गबाट पृथक देखिएका, असमान शक्ति सम्बन्ध भएका, स्रोत तथा साधनको पहुँच बाहिर रहेका, सुविधाको पूर्ण उपभोग गर्न नसकेका ब्यक्ति, समुदाय, समाज, समूहको लागी कुनैपनि निकाय, सरकार तथा संगठनले उनीहरुको आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक विकास तथा पूर्वाधार, शिक्षा तथा स्वास्थ्य जस्ता क्षेत्रमा ब्यवस्था गरेको बजेट र सोको खर्च एवं खर्चबाट सिर्जना भएको उपलब्धी ठिक छ या छैन, के के सुधार गर्नुपर्ने हो, कार्यक्रम, बजेट, खर्च क्षमता, उपलब्धी र निकायको कार्य सम्पादनको परीक्षणलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लेखापरीक्षण भनिन्छ ।

७.२ **JESI Audit को अवधारणा/उद्देश्य**

- भिन्नताको उचित संवोधन ठिक छ छैन परीक्षण गर्छ,
- लक्षित वर्गले लिएको लाभको विश्लेषण गर्छ,
- फरक क्षमताको हित अभिवृद्धिको लागी सुझाव दिन्छ,
- सार्वजनिक सेवाको आधारभूत मूल्य मान्यता अभिवृद्धि गर्छ,
- प्रतिनिधित्व र समान अवसरको पाठ सिकाउँछ,
- सार्वजनिक क्षेत्रमा कमजोर वर्गको स्वामित्व अभिवृद्धि गर्छ,
- सामाजिक गतिशिलतालाई ध्यान दिन्छ,
- सामाजिक द्वन्दलाई न्यूनिकरण गर्न सहयोग पुऱ्याउँछ,
- सामाजिक मेलमिलाप र सहिष्णुता कायम गराउँछ,
- सेवा प्रवाहमा बढोत्तरी ल्याउँछ ।

७.३ **नेपालमा कमजोर वर्गको कल्याणका लागी भएका प्रयासहरू**

❖ **मूल कानून**

- सामाजिक सुरक्षा, शिक्षा तथा आधारभूत स्वास्थ्यलाई मौलिक हक अन्तर्गत समावेश गरेको,
- नागरिकको जिउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातीक समावेशीकरण सहभागीता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जिवनका सवै क्षेत्रमा न्यायपूर्ण ब्यवस्था कायम गर्दै लोक कल्याणकारी राज्य ब्यवस्थाको स्थापना गर्ने राज्यको निर्देशक सिद्धान्तको रुपमा रहेको,
- चौथो योजनामा बन्चितिमा परेका दलित, आदिवासी, जनजाती, अपाङ्ग, पिछडा वर्ग समुदायको राजनीतिक, आर्थिक, सामाजिक एवं साँस्कृतिक उत्थान गर्ने विषय उल्लेख भएको,
- निजामती सेवा ऐनका अलवा विभिन्न सरकारी सेवा सम्बन्धी ऐनहरु र सार्वजनिक संस्थानहरुमा समेत महिला तथा समाजमा पछाडी परेको वर्ग र समुदायको लागी भर्ना आरक्षण की व्यवस्था गरिएको,
- सामाजिक सुरक्षा संचालन कार्यविधि, २०७२ ले जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग, लोपोन्मुख, आदिवासी जनजाती तथा बालबालिकालाई तोकिए वमोजिम सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई ब्यवस्थित गरेको,
- राष्ट्रिय स्वास्थ्य बीमा योजना,
- मूलुकी आचार संहिता ऐन,

- दैवि प्रकोप ऐन, २०३९,
- श्रम ऐन, २०४८,
- बालबालिका ऐन, २०४८
- सामाजिक व्यवहार सुधार ऐन, २०३३
- असहाय संरक्षक र कल्याण ऐन, २०३३
- अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, नियमावली, २०५१ कर्मचारी पेन्सन, विमा, नागरिक लगानी कोष, कर्मचारी संचयकोष, सामाजिक सुरक्षा कोष ।

### ७.४ कार्यक्रमहरु (महानगरपालिका)

- श्रेष्ठ नागरिक, एकल महिला, अपाङ्ग, लोपोन्मुख आदिवासी, मनजाती तथा बालबालिकालाई सामाजिक सुरक्षा भत्ता वितरण,
- पेन्सन कार्यक्रम, विमा कार्यक्रम,
- वाल शिक्षा, वाल स्वास्थ्य, वाल पोषण, दलित तथा महिलाको लागी छात्रवृति कार्यक्रम
- गरिबी निवारण कार्यक्रम
- बालविकास कार्यक्रम
- महिला विकास कार्यक्रम
- सडकापेक्षी सहयोग कार्यक्रम
- उद्दार तथा मानव सहायता कार्यक्रम
- खाद्य सहायता कार्यक्रम आदि ।

### ७.५ महानगरिय GESI तथा विविधता व्यवस्थापन

- महानगरपालिका आफैमा संघीयताको विविधता व्यवस्थापनको एउटा अंग भएकोले पहिचानको माग संबोधन गर्न, स्थानीय सरकारसंग जनताको पहूँच घनिष्ट पार्न, समाजमा रहेका असमान निष्ठाहरुलाई सुदृढ तुल्याउन, राजनीतिक सहभागीतामा फराकिलो आधार प्रस्तुत गर्न र अन्तनिर्भरता र सामूहिकतामा निर्णय लिनको लागी समावेशी समेतलाई मध्यनजर राखी विभिन्न तवरले बजेट निर्माण गरेको अवस्था विद्यामान छ ।

- विविधता व्यवस्थापनमा रही महानगरपालिकाले आवश्यकता संस्कार, समस्या, साधन र उद्देश्यलाई प्रत्येक वर्ष परिपक्व बनाउदै लगेको छ । तथापी सबै अपेक्षा, मूल्य, मान्यता अनुसार बजेट निर्माण भएको अवस्था भने छैन ।

- विविधता व्यवस्थापन लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको एउटा मूलभूत पक्ष रहेकोले महानगरले सकारात्मक विभेदको नीति लिएको छ । विविध संस्कृतिको प्रवर्द्धन र सम्वर्द्धन गर्न साँस्कृतिक आयोग समेत गठन गरेको छ । विविध राष्ट्रीय भाषा अर्न्तगत नेपाल भाषाको विकासको लागी भाषा केन्द्रको स्थापना गरेको छ । स्थानीय भाषामा समेत नागरिक वडापत्र, सूचना प्रकाशन, बहुभाषा नीतिको पक्ष अवलम्वन गरेको छ । विविध साँस्कृतिक महोत्सवको आयोजना तथा आयोजना गरेको स्थलमा सहभागीता तथा प्रतिनिधित्व गरेको छ । महानगरलाई एकल संस्कृतिबाट बहुल संस्कृति संगठनमा उपान्तरण गरेको छ ।

# खण्ड ८

# काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को लैससास नीति तथा कार्यक्रमहरु

८.१ महानगरपालिकाको दीर्घकालीन सोच साँस्कृतिक शहर, समृद्ध महानगर रहेको छ । यस सोचलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु अवलम्बन गरेको छ :

- साँस्कृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन,
- आधुनिक संचार प्रविधिको उच्चतम उपयोग,
- शहरलाई जीवन्तता प्रदान
- साँस्कृतिक पर्यटन
- नव प्रवर्तनमा आधारित उद्यम
- संस्थागत सुशासनलाई प्राथमिकता
- प्राथमिकता प्राप्त योजना तथा कार्यक्रम
- शासनमा सहभागिता, उत्तरदायी र पारदर्शी स्थानीय सरकारको भूमिका र
- स्वच्छ, सफा, हरियाली तथा सुरक्षित र समुन्नत शहरको रुपमा विकास गर्ने ।

८.२ उपरोक्त मूल नीति तथा कार्यक्रमको आधारमा आर्थिक वर्ष २०७९।८०, २०८०।८१ र २०८१।८२ मा लैससास सम्बन्धी विभिन्न क्षेत्रगत नीति मुख्य रुपमा तर्जुमा गरेको अवस्था रहेको छ :

| सि.नं. | विषय क्षेत्र | नीति तथा कार्यक्रम |
|---|---|---|
| ८.२.१ | शिक्षा (बाल विकास) | • महानगर शिक्षा<br>• बाल शिक्षा<br>• आधारभूत शिक्षा<br>• माध्यमिक शिक्षा र छात्रवृत्ति/निःशुल्क शिक्षा<br>• प्राविधिक ज्ञान र सीप सहितको शिक्षा<br>• एउटा सीप एउटा स्वरोजगार<br>• आन्तरिक आय बढी भएको सामुदायिक विद्यालयको निश्चित प्रतिशत आम्दानी महानगर शिक्षा कोषमा जम्मा गरी आन्तरिक आय नभएका समुदायिक विद्यालयमा अध्ययन गर्ने, विपन्न अनाथ तथा असहाय बालबालिकाको शिक्षामा खर्च गर्ने व्यवस्था<br>• प्राविधिक विषय कक्षा सञ्चालन<br>• प्रविधिमैत्री सीप विकास<br>• निःशुल्क सेनेटरी प्याड<br>• Book Free Friday<br>• Skill Development in Education |
| ८.२.२ | स्वास्थ्य | • नियमित स्वास्थ्य जाँच सम्बन्धी व्यवस्था<br>• नागरिक आरोग्यता प्रवर्द्धन<br>• क्यालोरीमा आधारित उपभोग प्रणाली<br>• विपन्न नागरिकको लागि सबै अस्पतालले प्रदान गर्नुपर्ने निःशुल्क वेड सुविधाको लागि आवश्यक कार्यविधि निर्धारण<br>• काठमाडौं महानगरपालिकाबाट आर्थिक प्राविधिक तथा अस्पतालजन्य उपकरण सहायता उपलब्ध गराइएका अस्पतालहरुसंग समन्वय गरी स्थानीय विपन्न र सामाजिक सुर९क्षा प्रदान गर्नुपर्ने नागरिकहरुका |

| सि.नं. | विषय क्षेत्र | नीति तथा कार्यक्रम |
|---|---|---|
| | | लागि निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाउने कार्यनीति रहेको |
| ८.२.३ | पूर्वाधार | • फूटपाथमा मानव आवजावत बाहेकका सबै क्रियाकलापहरु निषेध गर्ने<br>• बसस्टपहरुमा सम्भव भएसम्म लक्षित शौचालयको सुविधा पुऱ्याउने<br>• महानगर क्षेत्रभित्र रहेका सामुदायिक विद्यालय, सार्वजनिक संस्था तथा सार्वजनिक शौचालयहरुलाई स्तरोन्नती गरी अपाङ्गता, लैङ्गिक तथा बालमैत्री बनाइने<br>• महानगर उज्यालो कार्यक्रम सञ्चालन गर्ने, |
| ८.२.४ | सँस्कृति/सम्पदा/पर्यटन | • साँस्कृतिक विविधताको जगेर्ना गर्दै महानगर क्षेत्रमा बसोबास गर्ने विभिन्न जातजाति र समुदायका साँस्कृतिक सम्पदाहरुको पहिचान र विकास गर्ने |
| ८.२.५ | सामाजिक विकास तथा समावेशीकरण कार्यक्रम २०७९।८० र २०८०।८१ | • महानगरपालीकाबाट गैरसरकारी संस्था मार्फत गरिने विभिन्न क्षेत्रगत सामाजिक कार्यहरुलाई थप व्यवस्थित, संस्थागत र उपलब्धीमूलक बनाउनु त्यस्ता कार्यक्रमहरु उपप्रमुख सामाजिक कार्यक्रम अन्तर्गत प्रतिस्पर्धाको माध्यमबाट सञ्चालन गर्न आवश्यक कानूनी प्रवन्ध मिलाउने,<br>• महानगरवासीलाई सीपमूलक तालिम दिई आयआर्जन सम्बन्धी क्रियाकलापमा सहभागी गराउने,<br>• महिलाले संचालन गर्ने व्यवसायका लागि सहकारी गठन, वीउ पूँजी र व्यवस्थापन तालीम प्रदान गर्ने,<br>• महिला विरुद्ध हुने सबैप्रकारका भेदभाव, कूरीति, हिंसा अन्त्य गर्न महिला जागरण, वित्तीय तथा कानूनी साक्षरता सशक्तिकरणका कार्यक्रमहरु वडा तहबाट समेत सञ्चालन गरिने,<br>• बाबुआमा विहीन बालवालिकाको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिने,<br>• वालमैत्री स्थानीय तह घोषाणा गर्न आवस्यक कार्यक्रम सञ्चालन गरिने,<br>• विपन्न, दलित, आदिवासी र अपाङ्गता भएका महानगरवासीहरुका लागी विशेष संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिने,<br>• महानगर क्षेत्रभित्र बाल संरक्षण गृहमा रहेका वालवालिकाहरुलाई सम्बन्धित स्थानीय तहसंगको समन्वयमा परिवारमा पुर्नमिलन गराउन आवश्यक प्रवन्ध मिलाइने,<br>• असहाय, वेवारिस तथा सडक सहयोगापेक्षी मानव उद्धार, उपचार तथा व्यवस्थापनको लागि मानव सेवा अश्रामसँगको सहकार्यलाई थप प्रभावकारी बनाउने,<br>• महानगर क्षेत्रमा भिक्षा माग्न र माग्न ल्याउने कार्यलाई पूर्णत निषेध गरिने,<br>• २०८१ आषाढ मसान्तसम्म ७५ वर्ष उमेर पुरा भएका वरिष्ठ जेष्ठ नागरिकहरुलाई मासिक १ हजारका दरले वार्षिक रु.१२ हजार उपलब्ध गराउदै आएको महानगर विशेष भत्तालाई निरन्तरता दिने,<br>• ६८ वर्ष नाघेका ज्येष्ठ नागरिकहरुको घरमा गई स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइने,<br>• ६८ वर्ष नाघेका ज्येष्ठ नागरिकको लागि वडासंग समन्वय गरी |

| सि.नं. | विषय क्षेत्र | नीति तथा कार्यक्रम |
|---|---|---|
| | | निःशुल्क रुपमा औषधी वितरण गर्ने व्यवस्था मिलाइने,<br>• ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभवको पुस्तान्तरण र हस्तान्तरण गर्न वडाको समन्वयमा ज्येष्ठ नागरिक मिलन केन्द्रको स्थापना गरिने<br>• वडामा रहेका ज्येष्ठ नागरिक मिलने केन्द्रहरुसंग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिने,<br>• ज्येष्ठ नागरिकहरुलाई मानसिक एवं शारीरिक रुपमा सक्रिय बनाउन विभिन्न कार्यक्रम सञ्चालन गरिने,<br>• ज्येष्ठ नागरिकहरुमा देखापर्ने विशेष रोगहरु अल्जाइमर्स पार्किन्सन्स आदिको उपचार गर्ने अस्पतालहरुसंग सहकार्य गरी ज्येष्ठ नागरिक उपचार कक्ष स्थापना गरी सञ्चालनमा ल्याउने,<br>• काठमाण्डौ महानगरपालीकामा रहेका पूर्ण अशक्त 'क' वर्गका नागरिकलाई साविकमा दिइदै भएको वार्षिक रु. ३ हजारमा रु.९ हजार वृद्धि गरी वार्षिक रु.१२ हजार प्रदान गरिने,<br>• अपाङ्गता भएका व्यक्ति तथा अभिभावकहरुका लागि सीप विकास तथा अपाङ्गता भएका अभिभावकहरुका लागि स्याहार सीपको तालीम कार्यक्रम सञ्चालन गरिने,<br>• अपाङ्गता भएका व्यक्ति तथा अभिभावकहरुका लागि आवश्यक सहयोग सामग्री निःशुल्क वितरण गरिने,<br>• महानगर क्षेत्रभित्र रहेका बैङ्क तथा वित्तीय संस्थाहरूमा अपाङ्गता मैत्री, एटिएम मेशिन संचालन गर्न आवश्यक समन्वय गरिने,<br>• पूर्व प्रधानमन्त्री तथा तत्कालीन नेकपा (एमाले) का अध्यक्ष एवं ज्येष्ठ नागरिक सम्मानका अभियन्ता मनमोहन अधिकारीको स्मृतिमा **"मनमोहन ज्येष्ठ नागरिक सम्मान'** कार्यक्रम कार्यान्वयन गरिने,<br>• सर्वोच्च नेता गणेशमान सिंहले प्रजातन्त्रको निमित्त गर्नु भएको योगदानलाई चीरस्थायी बनाउन र प्रजातन्त्र प्राप्तीको आन्दोलनमा समर्पित व्यक्तित्वहरुलाई **"गणेशमान सिंह प्रजातन्त्र सेनानी"** सम्मानबाट विभूषित गरिने,<br>• मंगलादेवी सिहंको स्मृतिमा स्थापना भएको मंगलादेवी स्मृति प्रतिष्ठान मार्फत नारी शसक्तिकरण र उत्थानमा मंगलादेवी सिंहले पुऱ्याउनु भएको योगदानको कदर गरी **"मंगलादेवी सिंह उद्यमशिलता प्रवर्द्धन"** कार्यक्रम सञ्चालन गरिने,<br>• स्थानीय तहका महिला जनप्रतिनिधिले उल्लेख्य तथा उदाहरणीय भूमिका निर्वाह गरेवापत एक जना महिला जनप्रतिनिधिलाई साधना प्रधान सम्मान प्रदान गरिने,<br>• स्थानीय समुदायबाट उत्पादन गरिएका सामग्रीहरू कोशेलीघर मार्फत खरिद बिक्रीको व्यवस्था मिलाइने,<br>• महानगरभित्रका सार्वजनिक तथा सामुदायिक जग्गामा भवन निर्माण गरी वा अन्य तरिकाबाट आयआर्जन गर्ने व्यक्ति, कम्पनि, संघ संस्था वा निकायको आय एक महानगर कोषमा जम्मा हुने व्यवस्था मिलाइने,<br>• सामाजिक संघसंस्थाको गतिविधि सञ्चालन गर्न आवश्यकतानुसार अनुदान उपलब्ध गराउने, |
| ८.२.६ | आर्थिक वर्ष | • जेष्ठ नागरिकमा रहेको ज्ञान, अनुभव, क्षमता र सीपलाई पुष्तान्तरण |

| सि.नं. | विषय क्षेत्र | नीति तथा कार्यक्रम |
|---|---|---|
| | २०८१।०८२ मा लैसास सम्बन्धी नीति तथा कार्यक्रम | गर्न विशेष कार्यक्रम अगाडी बढाउने, |
| | | • ज्येष्ठ नागरिक, असक्त र अपाङ्गता भएका व्यक्तिको सामाजिक सुरक्षा, स्वास्थ्य उपचार र पोषण सुविधालाई निरन्तरता दिइने, |
| | | • मागको आधारमा ७० वर्षभन्दा माथिको उमेरका ज्येष्ठ नागरिकलाई निवासमै आधारभूत औषधी उपचार तथा फलोअपको व्यवस्था मिलाउने कार्य अगाडी बढाउने, |
| | | • स्थानीय हस्तकला, काष्ठकला, चित्रकला, मूर्तिकला, थान्का पौभा जस्ता रैथाने सिप तथा कलाको राष्ट्रिय तथा अर्न्तराष्ट्रियस्तरमा ब्राण्डिङ्ग गर्ने र यस्ता कार्यमा महिला तथा लक्षित वर्गलाई समावेस गर्ने, |
| | | • राष्ट्रिय तथा अर्न्तराष्ट्रिय क्षेत्रमा ख्याती प्राप्त व्याक्तित्व तथा सहिदहरुको सम्मानमा सामाजिक विकास र खेलकूदका कार्यक्रमहरु सहकार्यमा सञ्चालन गरिनु, |
| | | • वहुआयामिक शहरी गरिबी न्यूनिकरणका लागि वडा कार्यालयको सिफारिसमा लक्षित कार्यक्रम सञ्चालन गरिने, |
| | | • शहरी अति गरिबीको लागि एक घर एक रोजगारी या उद्यमशिलताको सुनिश्चित गर्दै सम्बन्धित वडा कार्यालयको सिफारिशमा निःशुल्क शिक्षा र स्वास्थ्य सुविधा उपलब्ध गराइने, |
| | | • महानगरपालिकाको क्षेत्राधिकारभित्र रहेका अस्पताल, पोलीकिल्निक, फार्मेसी लगायतका स्वास्थ्य संस्थाहरुको दर्ता प्रणालीलाई सूचना प्रणालीमा आवद्ध गरी अनुगमन, नियमन कार्यलाई तिव्रता दिइने, |
| | | • महानगरवासीको न्यूनतम जीवनस्तर सम्बन्ध सूचकहरु सहितको मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याइने, |
| | | • सार्वजनिक स्थानमा धुम्रपान, मद्यपान र लागू औषध प्रयोग गर्नेलाई पूर्ण बन्देज लगाउने, |
| | | • बालबालिकाले धेरै प्रयोग तथा उपयोग जङ्कफूडलाई निरुत्साहित गर्ने, |
| | | • महानगर क्षेत्रभित्र भित्रिने खाद्य पदार्थहरुको गुणस्तर र स्वच्छता कायम गर्न आवश्यक प्रवन्ध मिलाइने, |
| | | • काठमाण्डौं महानगरपालिकासंग विशेषज्ञ स्वास्थ्य सेवाका लागि सहकार्य गर्न इच्छुक सामुदायिक तथा सरकारी अस्पताललाई प्राविधिक र आर्थिक सहयोग उपलब्ध गराइने, |
| | | • सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रलाई स्वास्थ्य विमा कार्यक्रमको प्रथम विन्दुको रुपमा सञ्चालन गरिने, |
| | | • महानगरपालिकाबाट उपलब्ध गराइने स्वास्थ्य उपचार सेवामा अनकल डाक्टर सेवा, विशेषज्ञ चिकित्सक सेवा, मनोसामाजिक परामर्श सेवा, नसर्ने रोगहरुको स्क्रिनिङ्ग उपचार तथा रेफर सेवा थप गर्ने र निदानात्मक सेवामा सेन्ट्रल ल्याव स्थापना गरिने, |
| | | • विश्वविद्यालयका गोल्ड मेडलिष्टहरुलाई सामुदायिक विद्यालयको रिक्त शिक्षक पदमा करार सेवामा शिक्षण प्रबन्ध गर्ने, |
| | | • काठमाण्डौलाई अन्तराष्ट्रिय शैक्षिक गन्तब्यको रुपका विकास गरी विद्यार्थीलाई आकर्षित गर्ने |
| | | • शैक्षिक अपाङ्गता, अर्टिजम र दुर्लभ रोग भएका विद्यार्थीलाई लक्षित गरी विशेष विद्यालय स्थापना गरी सञ्चालनमा ल्याउने, |

| सि.नं. | विषय क्षेत्र | नीति तथा कार्यक्रम |
|---|---|---|
| | | • सामुदायिक तथा संस्थागत सबै विद्यालयमा अपाङ्गता भएका विद्यार्थीहरुलाई भेदभाव रहित तवरमा पठनपाठन कार्य गर्न गराउन उत्प्रेरित गर्ने, |
| | | • विद्यार्थीलाई पढ्दै, कमाउदै अवधारणा बमोजिम पार्टटाइम काम गर्ने गरी रोजगारी सिर्जनाको लागी आवश्यक कानूनी प्रवन्ध मिलाइने, |
| | | • सामुदायिक र संस्थागत विद्यालय तथा गैरसरकारी संस्थाहरुबाट उपलब्ध गराउदै आएको छात्रवृतिबाई सम्बन्धित वडाको सिफारिशमा काठमाण्डौ महानगरपालिकाको एकद्वार प्रणाली मार्फत वितरण गर्ने व्यवस्था मिलाउने, |
| | | • सामुदायिक विद्यालयमा बालबालिकाको स्वास्थ्य र पोषणलाई ध्यान दिई दिवा खाजामा डाईट प्लान सहितको मापदण्ड बनाई कार्यान्वयनमा ल्याउने |
| | | • बालबालिकाको अर्न्तराष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता विकास गर्न सामुदायिक विद्यालयहरुको शैक्षिक र भौतिक गुणस्तर सुधार गरिनेछ, |
| | | • विद्यार्थीको शारिरीक तथा मानसिक विकासका लागि खेलकुदलाई पूर्व प्राथमिक तह देखीनै अनिवार्य गरिने, |
| | | • विद्यालय स्रोतकेन्द्रमा कम्तिमा एक/एक जना मनोसामाजिक परामर्शदाता र नर्सको व्यवस्था गरिने, |
| | | • बालबालिकाको सुविधाको लागी पूर्व प्राथमिक तहलाई २ तहमा सञ्चालन गरिने व्यवस्था मिलाइने, |
| ८.२.७ | सशर्त अनुदान संघीयतर्फका नीतिहरु (२०८१।८२) | • गरिबी निवारणका लागी लघु उधम कार्यक्रम/सीप कार्यकम, |
| | | • महिलाहरूको आर्थिक सशक्तिकरण र नेतृत्व विकास, |
| | | • सामाजिक रूपले स्वास्थ्य शिविर व्यवस्थापन, |
| | | • श्रवण दृष्टिविहिन व्यक्तिको दिवा सेवा सञ्चालन तथा हेरचाह तालिम, उद्यमशिलताको विकास, पूर्णस्थापना, |
| | | • दोभासे तालीम, रोजगारमूलक वालक, आदि |
| | | • निःशुल्क स्यानीटरी प्याड ब्यवस्थापन |
| | | • दलित तथा छात्रा छात्रवृति |
| | | • पोषण मैत्री स्थानीय शासन प्रर्वदन |
| | | • परिवार कल्याण अन्तर्गत किशोर किशोरी कार्यक्रम, |
| | | • अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण |
| | | • नर्सिङ्ग तथा सामाजिक सुरक्षा कार्यक्रम |
| | | • राष्ट्रिय महिला स्वास्थ्य कार्यक्रम |
| | | • प्रधानमन्त्री रोजगार कार्यक्रम |
| | | • युवा रोजगारीको लागि रुपान्तरण पहल परियोजना |
| | | • रोजगार प्रवर्द्धन कार्यक्रम |

# खण्ड ९

# कामपा लैससास कानून र नीतिगत उपलब्धी

९.१ **कानून** : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा समाजमा रहेका विभिन्न असमानताहरुलाई न्यूनीकरण गर्ने, कानून बनाई सोलाई रोकथाम गर्ने, कानूनको आधारमा स्रोत तथा साधनको पहुँचमा अभिवृद्धि ल्याई समाजलाई समतामूलक दिशामा अगाडी बढाउने गरी महानगरपालिकाले यस क्षेत्रमा विभिन्न कानून, कार्यविधि निर्धारण गरेको छ । यी कानून तथा कार्यविधिहरू देहाय अनुसार रहेका छन् :

| सि.नं. | विवरण | प्रकाशित मिति |
|---|---|---|
| 1 | काठमाण्डौ महानगरपालिका अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५ | 2075/11/17 |
| 2 | कामपाले उपलब्ध गराउने आर्थिक सहायता निर्देशिका, २०७६ | 2076/11/1 |
| 3 | कामपा मेयर रिसर्च फ्लोसिप कार्यक्रम कार्यविधि, २०७६ | 2076/9/17 |
| 4 | कामपा जीवन निर्वाहका लागि पारिश्रमिक कार्यविधि, २०७७ | 2077/2/4 |
| 5 | काठमाण्डौ महानगरपालिका महिला उद्यमशिलता अभिवृद्धि कार्यक्रम कार्यविधि, २०७७ | 2077/6/19 |
| 6 | कामपा लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८ | 2078/4/19 |
| 7 | कामपा छात्रवृत्ति कार्यविधि, २०७८ | 2078/4/19 |
| 8 | कामपा मानव वेचविखन तथा ओसारपसार नियन्त्रण कार्याविधि, २०७८ | 2078/4/19 |
| 9 | वडा महिला सञ्जाल कार्यविधि, २०७९ | 2079/5/12 |
| 10 | मेलमिलाप केन्द्र सञ्चालन निर्देशिका, २०७९ | 2079/9/18 |
| 11 | कामपा विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७७ | 2077/4/15 |

९.२. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यविधि, २०७८ महानगरबाट स्वीकृत भएको छ । सो कार्यविधि अनुअप नगर प्रमुखको संयोजकत्वमा ९ सदस्य र वडा अध्यक्षको संयोजकत्वमा वडास्तरीय समिति गठनको प्रारूप रहेको छ । समितिले मुलतः ओसारपसार तथा बेचविखन विरुद्धका कार्यक्रमको योजना बनाउने, योजना कार्यान्वयन गर्ने, जोखिममा रहेका व्यक्ति तथा वर्गको पहिचान गर्ने, जोखिमबाट उद्दार गर्ने, संरक्षण, न्याय र पुर्नस्थापनका लागि समन्वयको कार्य गर्ने व्यवस्था उल्लेख भएको छ । उक्त कार्यविधि नेपाल सरकारले मानव बेचविखन विरुद्धको ऐन, २०६४, नियमावली, २०७० र सो अनुसार कार्यविधि जारी गरेको छ । प्रत्येक वडालाई कार्यविधि अनुरुप कार्य गर्न रु.५० हजार र २०८२।८३ देखि रु.२ लाख पठाउने व्यवस्था गरेको देखिन्छ ।

### ९.३ २०८०।८१ मा भएको लैसास सम्बन्धी उपलब्धी

लैङ्गिक समानता र सामाजिक समावेशीकरणको पक्षमा महानगरपालीकाबाट आर्थिक वर्ष २०८०।८१ मा गरेका प्रमुख उपलब्धी निम्नानुसार देखिन्छ :

(१) जेष्ठ नागरिकहरुलाई वडाहरूबाट देशका विभिन्न स्थानको तिर्थाटन तथा भ्रमण गराएको,

(२) असहाय, वेवारिसे अवस्थामा रहेका ३५ जना सहयोगापेक्षी मानिसहरुलाई सडकबाट उद्धार गरेर मानव सेवा आश्रममा व्यवस्थापन गरेको,

(३) पारिवारिक पुर्नमिलन गराउन सकिने व्यक्तिलाई परिवारमा पनस्थापना गरेको,

(४) लक्षित वर्ग कार्यक्रम अन्तर्गत ३ वटा सीपमूलक कार्यक्रम सञ्चालन गरिएको,

(५) अपाङ्गता भएका ५ सय जना व्यक्तिको सहभागीतामा भारतोलन र वोसिया खेल आयोजना गरेको,

(६) अपाङ्गता भएका करिब १०० जनालाई ह्विल चेयर, वाकर, कमोड चेयर र सेतो छडी वितरण गरेको,

(७) एक वडा एक उद्यमशिलता नमूना कार्यक्रम अन्तर्गत १५ वटा वडामा उद्यमशिलता कार्यक्रम सञ्चालन गरेको,

(८) बालबालिकाको संरक्षण तथा बाल अधिकारको प्रवर्धन कानूनी प्रबन्ध मिलाएको,

(९) सामुदायिक विद्यालयमा अध्ययनरत र यातायात क्षेत्रमा संलग्न बालबालिकाको विवरण सङ्कलन गरी बालश्रम तथा हिंसामा परेका ४१ जना बालबालिकाको उद्धार गरेको,

(१०) गरिब घर परिवार पहिचान कार्यक्रम अन्तर्गत महानगरपालिका क्षेत्रभित्र घरदैलो कार्य मार्फत तथ्याङ्क सङ्कलन गरेको,

(११) लैङ्गिकताको आधारमा हिंसा नियन्त्रण गर्ने महिलाको बहुपक्षिय अधिकार तथा मानव अधिकारका समग्र विषयमा प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न वडा महिला सञ्जाल गठन गरी स्थानीय न्याय सम्बाद कार्यक्रम सञ्चालन गरिएको,

(१२) न्यायिक समितिको पहिलो राष्ट्रिय सम्मेलनमा पेश भएका कार्यपत्रहरु, सम्मेलनका निचोडहरु समेत संग्रह गरी न्यायिक समिति दिग्दर्शन प्रकाशनको व्यवस्था मिलाएको

(१३) निःशुल्क कानूनी सेवालाई निरन्तरता दिएको,

(१४) सबै वडामा मेलमिलाप केन्द्र स्थापना, निरन्तरता र विवाद निरुपणको कार्यलाई निरन्तरता दिएको,

(१५) स्तन तथा पाठेघरको मुखको क्यान्सर पहिचानको लागि स्वास्थ्य शिविर सञ्चालन गरेर सेवा पुऱ्याएको,

(१६) निःशुल्क एम्वुलेन्स सेवा सञ्चालनमा ल्याएको,

(१७) योग तथा जिम प्रशिक्षकको रुपमा कार्य गर्न सक्ने गरी क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको,

(१८) जनप्रतिनिधि तथा स्थानीयवासी समेत गरी २६० जनालाई मनोसामाजिक परामर्श तालिम प्रदान गरेको,

(१९) जुनसुकै स्थानीय तहबाट सिफारिस भई आएका विपन्न, असहाय र वेवारिसे अवस्थाका विरामीलाई निःशुल्क उपचार गर्ने प्रबन्धलाई अगाडि बढाएको

(२०) स्वास्थ्य विमा कार्यक्रम सञ्चालनमा ल्याएको,

# खण्ड १०

## लैससास सम्बन्धी मुख्य कार्यहरु

**१०.१ आर्थिक वर्ष २०७९।८०, २०८०।८१ र २०८१।८२ मा भएका लैससास सम्बन्धी मुख्य कार्यहरु**

(१) शिक्षामा सीप (वुक फ्रि फ्राइडे),

(२) १०% छात्रवृत्तिको अनिवार्य व्यवस्था (लक्षित वर्गका विद्यार्थी),

(३) सामाजिक क्षेत्रका कार्यक्रमको लागि प्रतिस्पर्धाका माध्यमबाट छनौट,

(४) अटिजम, डाउन सिन्ड्रोम, सेरब्रेल पल्सी र मष्तिष्क पक्षाघात भएका बालबालिका लक्षित कार्यक्रम सञ्चालन,

(५) शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना,

(६) दीर्घरोग भएका विरामी, उनीहरुले प्रयोग गर्ने औषधीको सर्भेक्षण सुरु,

(७) १० प्रतिशत निःशुल्क स्वास्थ्योपचारको व्यवस्था (लक्षित वर्गका बिरामीलाई)

(८) निःशुल्क एम्बुलेन्स सेवा प्रवाह

(९) वडा स्तरिय महिला सञ्जाल गठन

(१०) वडामा मेलमिलाप कक्ष स्थापना

(११) सबै वडामा निःशुल्क कानूनी सहायता सेवा शुरु

(१२) सामाजिक संजालको माध्यमबाट लोभ देखाउने, आफू प्रति आकर्षित गर्ने र श्रम तथा यौन क्षेत्रमा प्रयोग गराउने, यस्तै प्रकारका विकृति माथि निगरानी गर्न महानगरले वडास्तरिय ओसारपसार तथा बेचविखन विरुद्ध काम गर्ने समितिको गठन,

(१३) खड्गी समूदायका ४७ वटा बाजा खलः र गुठीलाई रु.१ लाखको दरले अनुदान रकम उपलब्ध गराएको,

(१४) लैङ्गिक हिंसा विरुद्ध **"वडा स्तरिय महिला सञ्जाल"** गठनका लागि प्रति वडा रु.५० हजार बजेट व्यवस्था

(१५) महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका परिचालन तथा कोष सञ्चालन निर्देशिका, २०७९ को मस्यौदा विधायन समितिमा पठाएको,

(१६) विकास सहायता कार्यक्रमका लागि प्रस्ताव छनौट,

(१७) महिला सञ्जाल र मेलमिलापकर्ताहरुको लागि अभिमुखीकरण,

(१८) महिला समूहको लागि प्रस्ताव लेखन तालीम

(१९) ११३ औं अन्तर्राष्ट्रिय नारी दिवसमा अन्तक्रियात्मक गोष्ठी

(२०) बजेट नीति र कार्यक्रममा नागरिक पृष्ठपोषण प्रणालीको शुरुवात

(२१) लक्षित वर्गलाई सुविधा उपलब्ध गराउन अस्पतालहरुलाई महानगरको निर्देशन (लक्षित वर्गको लागि कुल शैOयाको १० प्रतिशत छुट्याउन व्यवस्थाको कार्यान्वयन),

(२२) ३३ बूँदे प्राथमिक सूची तयार गर्दै बाल भेला सम्पन्न,

(२३) परम्परागत पेशागत सीप कार्यक्रम तालिमहरु,

(२४) लक्षित वर्ग निःशुल्क उपचार सुविधाको अनुगमन,

(२५) बालबालिकालाई श्रममा परिचालन नर्गन सार्वजनिक आव्हान,

(२६) २०८१।८२ मा ३०७७९ जना विद्यार्थीलाई पूर्ण छात्रवृत्ति प्रदान गरिएको,

(२७) २३५ जना परम्परागत बाजा गुरुलाई सम्मान,

(२८) सेवा निवृत १३ जना स्वास्थ्य स्वयमसेविकालाई जनही २ लाख सहित महानगरको सम्मान,

(२९) हिंसा पीडितका लागि वडा महिला सञ्जाल मार्फत तत्काल राहत र पुर्नरस्थापनाको काम,

(३०) ५६ हजार ६७३ जना महानगरवासी स्वास्थ्य विमा कार्यक्रममा आवद्ध

(३१) महानगरले दया र मायाको आधारमा होइन अपाङ्गता भएका व्यक्तिको अधिकारको आधारमा सेवा प्रवाह,

(३२) विवाद निरुपणमा वडा महिला सञ्जालको भूमिका बुझाउन नाटक मञ्चन,

(३३) दृष्टिविहिनहरुको फुटवल प्रतियोगिता,

(३४) हाडनाता करणीबाट जन्मिएका बालबालिका संरक्षणको निर्णय गर्न आमाहरुसंग भेटघाट गर्ने,

(३५) महिला सम्बन्धित कानूनी प्रवन्धका सचेतना र वितरीत सेवाको विश्लेषण,

(३६) ७७७५ जना महिलाको स्तन क्यान्सर र ६६२४ जना महिलाको पाठेघरको मुखको क्यान्सर परीक्षण गरिएको,

(३७) सामुदायिक विद्यालयमा अध्ययनरत २ हजार २ सय छात्राहरुमा रक्तअल्पता परीक्षण,

(३८) कानूनी सहजकर्ता मार्फत निःशुल्क कानूनी सेवा उपलब्ध भएको,

(३९) लैङ्गिकताको आधारमा हुने हिंसा नियन्त्रण गर्न वडा महिला सञ्जाल गठन,

(४०) एक वडा एक नमूना कार्यक्रम अन्तर्गत

(४१) १५ वटा वडामा ३०८ जना महिलालाई सीपमूलक तालीम प्रदान भएको,

(४२) थप ११ वटा वडामा सीपमूलक तालीम सम्बन्धी छलफल सम्पन्न गरेको,

(४३) ७ वटा वडाका १३६ महिलालाई उद्यमशिलता तालीम दिएको,

(४४) १२ जनालाइ पुर्नताजगी तालीम र २ वटा वडामा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेड्पा सञ्चालनमा ल्याएको,

(४५) महिला जेष्ठ नागरिकलाई वार्षिक १२ हजार रुपैयाको दरले पोषण भत्ता प्रदान (२०८०।८१)

(४६) अपाङ्गता भएका महिला तथा बालिका माथिको हिंसा विरुद्धको सवाल बिषयक अन्तक्रिया कार्यक्रम

(४७) काठमाण्डौ महानगरपालिकाभित्र ४ लाख २४ हजार १४४ महिला रहेकोमा सबैभन्दा बढी महिला संख्या वडा नं १६ रहेको र यस वडामा ४२ हजार ५१५ जना महिला रहेका छन् । सबैभन्दा कम वडा नं. २४ मा २१४७ महिला रहेका छन् ।

(४८) महानगरपालिकाभित्र २०८१।८२ सम्म "क" वर्गको अपाङ्गता परिचयपत्र प्राप्त गर्ने महिलाको संख्या १०८, "ख" वर्गको २०९ जना, "ग" वर्गको ८२ जना र २९ जनाले "घ" वर्गको परिचयपत्र प्राप्त गरेको छ । यसरी कुल ४२७ महिलाले अपाङ्ग परिचय प्राप्त गरेको,

(४९) बाल उद्धार टोलीबाट जोखिमपूर्ण श्रम र अवस्थाबाट ३२ जना बालिकाहरुलाई उद्धार र संरक्षण गरेको,

(५०) साउथ एशियन फुटबल फेडेरेसन वुमन्स च्याम्पियनसिपका उपबिजेता महिला टोलीलाई प्रोत्साहन गर्न रु.२७ लाख ५० हजार वितरण भएको,

(५१) सेन्ट्रल एशियन भलिबल एसोसियसन काभाका उपबिजेता महिला टोलीलाई रु.१७ लाख प्रदान भएको,

(५२) बडिबिल्डिङ्ग रजनी श्रेष्ठलाई रु.१ लाख, पलेसा गोबर्द्धनलाई रु.५ लाख, संगिना बैध, प्रतिभा माली, मिरा राईलाई जनही रु.१ लाख ५० हजार सम्मान स्वरुप प्रदान गरेको,

(५३) सामुदायिक विद्यालयमा अध्ययनरत २ हजार २ सय छात्राहरुमा रक्तअल्पताको परीक्षण गर्दा २२० जनामा समस्या देखिएपछि औषधी प्रदान गरिएको,

(५४) पूर्ण अशक्त र अति अशक्तहरुका बिच वोसिया खेल सम्पन्न भएको अवस्था छ । उक्त खेलमा ११ वर्षदेखि ४३ वर्षसम्मका ६० असक्त व्यक्तिको सहभागीता रहेको थियो । वोसिया खेल ४ क्याटेगोरीमा खेलाउने गरिन्छ,

(५५) एक वडा एक नमूना कार्यक्रम अन्तर्गत १५ वटा वडामा ३०८ जना महिलाहरुलाई सीपमूलक तालीम प्रदान भएको, ७ वटा वडाका १३६ लाई उद्यमशिलता तालीम प्रदान भएको छ,

(५६) रोजगार सेवा केन्द्रबाट २० जना महिलाहरुलाई इलेक्ट्रिकल रिपेयरिङ्ग तालिम दिइएको छ,

(५७) महानगरपालिकाभित्र स्तनपान कक्षा निर्माण भएको छ,

(५८) २०८२ वैशाखमा १५७३ जना महिलाले सिपमूलक तालीम प्राप्त गरेको,

(५९) लक्षित वर्गलाई निःशुल्क उपचार गराउनु पर्ने कानूनी व्यवस्था भएपनि यो व्यवस्थालाई कार्यान्वयनमा ल्याउन महानगरपालिकाले लक्षित वर्गको उपचार गराउने सम्बन्धी कार्यविधि, २०८० कार्यान्वयनमा ल्याई २०८० फाल्गुण १ देखि सेवा प्रारम्भ गरेको छ । २०८२ भाद्रसम्म यस्तो सेवाबाट रु.७४ लाख १६ हजार बराबरको कुल २०२ जनाले सेवा लिएको अवस्था छ । यस प्रणालीमा निजी क्षेत्रबाट सञ्चालित ५३ वटा अस्पतालका ३८० शैया प्रणालीमा आवद्ध भएको अवस्था विद्यमान छ ।

(६०) वडा ३० को महिला सञ्जालबाट नाटक घरेलु हिंसाको कथामा नाटक मञ्चन गरेको छ । वडामा २०७९ कार्तिक २३ मा महिला सञ्जाल गठन भएकोमा ३९ विवाद दर्ता भई २० वटा मेलमिलापबाट टुङ्गिएका र २०८१।८२ मा १२ विवाद दर्ता भएको ५ वटा मेलमिलाप भएका छन् ।

१०.२ **लैङ्गिक समावेशिता/कार्यक्रममा महानगरको प्रतिबद्धता** : लैङ्गिक हिंसा शारिरिक यौनजन्य, भावनात्मक, मनोवैज्ञानिक र आर्थिक किसिमले हुने गर्दछ । महिला, किशोरी र यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरु आजिवन लैङ्गिक हिंसामा पर्ने गरेका छन् । यद्यपी, धेरै पिडकले आफ्नो पिडा बाहिर ल्याउन सकेका छैनन् । नेपालमा शारिरिक वा यौनजन्य हिंसाबाट पीडित तथा प्रभावित महिलाहरुमध्ये एक तिहाईभन्दा कमले मात्र उजुरी गर्ने वा त्यसका लागी सहयोग लिने गरेकोले लैङ्गिक हिंसाको वास्तविक अवस्था सार्वजनिक हुन सकेको छैन् । अपाङ्गता, जात वा जातीयताका आधारमा भेदभाव भोगिरहेका व्यक्तिहरुमा हिंसाको अनुभव तुलनात्मक रुपमा बढी छ । तर न्यायमा तिनको पहुँच बढाउन सकेको अवस्था भने छैन् ।

नेपाल प्रहरीको आंकलन अनुसार महिला तथा किशोरी विरुद्धको अपराध चिन्ताजनक दरमा बढेको छ । कोभिड महामारीसँगै विभिन्न विपद्का कारण लैङ्गिक हिंसाका घटनाहरु बढिरहेका छन् । ग्रामीण क्षेत्रका न्यून तथा कम आय भएका र औपचारिक शिक्षाबाट बन्चित महिला तथा किशोरीहरु तुलनात्मक रुपमा बढी जोखिममा छन् । यसमा उमेर र वैवाहिक स्थितिले पनि फरक पार्ने गरेको छ । सन् २०१६ को नेपाल जनसांख्यीक तथा स्वास्थ्य सर्वेक्षणले १९ वर्ष पुग्नु अघी विवाह गर्ने महिलाले बढी उमेरमा विवाह गर्ने महिलाले भन्दा श्रीमानबाट हिंसा भोग्ने सम्भावना बढी हुने गरेको देखाएको छ ।

लैङ्गिक हिंसाको यस्तो अवस्थाका वावजुद नेपालको पिडित तथा प्रभावितहरुमध्ये थोरैले मात्र आवश्यक सहयोग पाउने गरेका छन् । सहायताका क्षेत्रमा कार्यरत संघसस्थाले ज्यादै सीमित स्रोतका साथ कार्य गरिरहेका छन् । देशका महत्वपूर्ण सेवाहरुमध्ये एक उद्दार संकट व्यवस्थापन केन्द्रहरुले पीडित तथा प्रभावितहरुलाई स्वास्थ्य सेवा, मनोसामायिक परामर्श, कानूनी सुरक्षा र पुनस्थापना सेवा उपलब्ध गराउदै आएका छन् । तर नेपालभरी यस्ता केन्द्रहरुको संख्या ८८ मात्र छ । यस्तै अवस्था र स्थिति समग्रमा काठमाडौं महानगरपालिकाभित्र समेत रहेको अवस्था विद्यमान छ ।

लैङ्गिक, समानता देश विकासका लागी अत्यावश्यक छ र लैङ्गिक हिंसा उन्मूलन विना लैङ्गिक समानता हासिल हुन सक्ने अवस्था रहदैंन । महानगरपालिकाले पनि लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, महिला विरुद्ध हिंसा र उन्मुलनका लागि अन्तर्राष्ट्रिय दिवस र डिसेम्बर १० मानव अधिकार

दिवसमा सहभागी हुँदै सबैप्रकारका लैङ्गिक हिंसा विरुद्ध आवाज उठाउदै आएको छ । व्यक्तिगत, सामूदायिक र संस्थागतस्तरबाट लैङ्गिक हिंसालाई कमी गराउन तथा सो उपर न्यूनिकरण गर्न विभिन्न अनुदान समेत उपलब्ध गराएको छ । विभिन्न कार्यक्रम गर्न विभिन्न समूहहरुलाई समेत रकम निकासा सर्दै आएको अवस्था रहेको छ । महानगरपालिकाबाट लैङ्गिक हिंसा सम्बन्धमा गतविगत वर्षहरुदेखिनै विभिन्न प्रतिवद्धता र उपायहरु अवलम्बन गर्दै आएको छ ।

- व्यवहार र पूर्वाग्रहको समीक्षा गरी अघी बढ्ने,
- हिंसा रोक्न आवाज उठाउने,
- लैङ्गिक रूपमा उत्तरदायी अभिभावकत्व अवलम्बन गर्ने,
- रुढीवादी लैङ्गिक मान्यताहरुलाई चुनौती दिने,
- घरायसी कामको समान वितरणलाई बढावा दिने,
- उत्साहजनक सहमति, शारिरीक स्वायत्तता र उत्तरदायित्वबारे सिक्ने र सिकाउने अवसर जुटाउने,
- समानता, सम्मान र मर्यादा जस्ता मान्यता माथि जोड दिँदै सबैका लागि सकारात्मक हुने गरी पुरुषत्वको धारणालाई रुपान्तरण गर्ने,
- बालबालिका लक्षित लैङ्गिक हिंसा निवारण कार्यक्रमलाई सहयोग गर्ने ।
- महिला नेतृत्वको आवाजलाई बल प्रदान गर्ने,
- ऐतिहासिक रुपमा विपन्न जाती समूह तथा अपाङ्गता भएका महिला तथा किशोरीहरुले गरेको कामलाई समर्थन गर्ने,
- विविधता र समावेशिकरण सुनिश्चित गर्ने,
- महिला र युवाले नेतृत्व गरेका संघसंस्थाहरुलाई सहयोग गर्ने, र
- उल्लेखित उपायहरु तथा प्रतिवद्धतामा, सम्मान, सहयोगी आमा समूह, जाती, अपाङ्ग बाल केन्द्र, लैङ्गिक कार्यक्रम, भेदभाव, एकापेक्षी, स्वास्थ्य लगायतका क्षेत्रमा बजेट ब्यवस्था व्यवस्था गरी कार्य गर्दै आएको अवस्था छ ।

**१०.३ का.म.पा. लैससाससंग सम्बन्धित नीतिगत उपलब्धी (बिस्तृत विवरण खण्ड ९ मा समेत समावेश छ )**

(क) ***महिला, बालबालिका तथा किशोरीहरुको सामाजिक आर्थिक विकासका वाधक संरचनात्मक अवरोध हटाउने,***

- विभिन्न कानूनको निर्माण गरेको,
- संघ/प्रदेश र स्थानीय कानूनको एकरुपता,
- कार्यस्थलमा महिला प्रति मर्यादित ब्यवहार,
- प्रोत्साहित गर्नेसंग सम्बन्धित आमा एवं महिला कार्यक्रम सञ्चालन गरेको,
- लैङ्गिक मैत्री समाजलाई प्रोत्साहित गरेको ।

(ख) ***लैङ्गिक हिंसाको अन्य गर्ने***

- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यान्वयनमा ल्याएको,
- विभेद र हिंसाको सामाजिक संरचना तथा व्यवहारमा परिवर्तन ल्याउन महिला अधिकार, नारी अधिकार, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरु मनाएको,
- नीति निर्माण तथा योजना तयार गर्दा लैससासको अवधारणालाई समेटेको,
- निजी क्षेत्रलाई समेत लैङ्गिक मैत्री बनाउन विभिन्न सूचनाहरु प्रवाह गरेको (FM रेडियो, सामाजिक सञ्जाल, बुलेटिन),

- कानूनले निर्धारण गरेको तह र उपभोक्ता समिति गठन, महिला सेल, महिला कार्यक्रम, महिला अधिकार, विभिन्न समिति, उपसमितिमा न्यूनतम पनि ३३ प्रतिशत नघटाई पहुँचलाई स्थापित गरेको,
- बालबालिकाको अतिरिक्त क्रियाकलापलाई विभिन सामुदायिक विद्यालयमा सीप, क्षमता अभिवृद्धिको लागि कार्यक्रम अगाडी बढाएको र प्राविधिक शिक्षालाई बढी जोड दिएको, बालक्लव, STEAM, विज्ञान, छात्रवृत्ति, सीप Book Holiday on Friday जस्ता कार्यक्रम सञ्चालनमा ल्याएको ।

(ग) *लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने*

- लैससास नीतिलाई प्राथमिकता दिएको,
- सेवा प्रवाहलाई लैङ्गिक मैत्री बनाएको,
- कानूनले निर्धारण गरेका विभिन्न संरचना, समूह तथा समिति/उपसमिति गठनमा महिलालाई प्राथमिकता दिएको,
- शिक्षण स्वास्थ्य/सामाजिक क्षेत्रमा लैससाससँग सम्बन्धित बजेट तथा कार्यक्रमलाई प्राथामिकिकरण गरेको ।

(घ) *महिलाको आर्थिक सशक्तिकरण गर्ने*

- श्रम बैङ्कको स्थापना,
- शहरी महिलाको रोजगारी वृद्धि गर्न कोशलीघर, K.HUB, पर्यटन र महिला, २० भन्दा बढी विविध विधाका तालिमबाट सीप प्रदान,
- व्यवसायिक जोखिमलाई न्यूनिकरण गर्न जोखिमसंग सम्बन्धित तालिम प्रवाह गरेको, र
- आर्थिक वृद्धिका क्षेत्रमा निर्णायक पदमा लैङ्गिक प्रतिनिधित्वलाई प्राथमिकता प्रदान गरेको ।

# खण्ड ११
# कामपा बजेटमा GESI को स्थान

११.१ विगत ७ वर्षको कुल बजेट तथा कार्यक्रम संख्या र जेसीको अवस्था निम्नानुसार रहेको छः

(रु.००० मा)

| आर्थिक वर्ष | चालू तथा बजेट पूँजीगत (संशोधित) | कैफियत |
|---|---|---|
| २०७५।७६ | १३,०२,१२,३७ | खर्च समूह र बजेट समूहमा कार्यक्रम वाईज १,२,३ को प्राथमिकतामा बजेट वर्गिकरण नगरेबाट जैसीसँग सम्बन्धित बजेट र खर्चको स्थिति मापन हुन नसकेको । |
| २०७६।७७ | १५,५०,७०,१२ | |
| २०७७।७८ | १६,४२,७३,२६ | |
| २०७८।७९ | १६,५२,८७,११ | |
| २०७९।८० | २५,४१,९६,९६ | |
| २०८०।८१ | २४१८७८८० | |
| २०८१।०८२ | २५००७६५० | |

११.२ महानगरपालिकाको आर्थिक वर्ष २०७५।७६ देखी २०८१।०८२ सम्मको विषयगत क्षेत्र बजेटको स्थितिमा सामाजिक वाहेक अन्य क्षेत्रमा प्राथमिकीकरण नगरेको । सामाजिक क्षेत्रको बजेट निम्न रहेको :

(रु.००० मा)

| विषय/आ.व. | बजेट | खर्च | जेसीको अवस्था |
|---|---|---|---|
| सामाजिक, Health, Education | | | लैङ्गिक स्थितिमा वर्गीकरण नभएको । |
| २०७५।७६ | २,८७,७२,२६ | - | |
| २०७६।७७ | ३,५२,७४,३१ | - | |
| २०७७।७८ | २,२२,२५,५२ | - | |
| २०७८।७९ | ३,३३,६८,८९ | - | |
| २०७९।८० | ५,७५,०९,७८ | - | |
| २०८०।०८१ | ६,२५,९१,८९ | | |
| २०८१।०८२ | ६,३१,३८,४१ | | |

११.३ महानगरले आ.व. २०८१।०८२ मा तर्जुमा गरेको बजेटका देखिएका लैंङ्गिक बजेट सम्बन्धी केही उदाहरण निम्न छन् । यस्तै किसिमको बजेट २०८०।८१ मा पनि समावेश गरेतापनि वर्ग १, २, ३ नछुट्टीएकोले प्रत्यक्ष योगदान सम्बन्धमा यकिन गर्न सकिएन । तथापी अभ्यासको निरन्तरता रहेको छ ।

११.४ **लैससास वित्तीय प्रगति स्थिति** : काठमाडौं महानगरपालिकाले आर्थिक वर्ष २०८१।८२ को लागि समष्टिगत रुपमा लैससासको क्षेत्रमा व्यवस्था गरेको बजेट तथा सोको वित्तीय प्रगति स्थिति निम्न अनुसार उल्लेख गरिएको छ :

| सि.नं. | आन्तरिक कार्यक्रम २०८१।८२ | बजेट २०८१।८२ | निकासा/खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| 1 | महिला समूहको बैठक संचालन | 500 | 206 | 41.20 |
| 2 | न्यूनतम जीवनस्तर सम्बन्धी सूचकहरु सहितको मापदण्ड निर्धारण | 500 | - | - |
| 3 | सुरक्षित आप्रवासन (रोजगार प्रवर्द्धन) का मनोसामाजिक परामर्शकर्ता व्यवस्थापन | 1,000 | 428 | 42.80 |
| 4 | गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्य एवं सोको गणक तथा सुपरीवेक्षक पारिश्रमिक | 16,517 | 16,517 | 100.00 |
| 5 | श्रम बैक मार्फत प्राप्त जनशक्ति पारिश्रमिक | 4,000 | 369 | 9.23 |
| 6 | उद्यमशिलता कार्याशाला गोष्ठी तथा अन्तक्रिया | 2,895 | - | - |
| 7 | जोर गणेश सामुदायिक सिकाई केन्द्र कार्यक्रम | 800 | 800 | 100.00 |

| सि.नं. | आन्तरिक कार्यक्रम २०८१।८२ | बजेट २०८१।८२ | निकासा/खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | सहयोग | | | |
| 8 | उद्यमशिलता सम्बन्धी एक वडा एक नमूना कार्यक्रम | 9,000 | 6,778 | 75.31 |
| 9 | समता अभियान सहयोग कार्यक्रम | 250 | 250 | 100.00 |
| 10 | मातृभूमी महिला समाज कार्यक्रम सहयोग | 300 | 300 | 100.00 |
| 11 | संकटा सामूदायिक सिकाई केन्द्र सहयोग | 1,000 | - | - |
| 12 | सीप मेला | 500 | 475 | 95.00 |
| 13 | दलित तथा महिला सशक्तिकरण आयमूलक तालीम सञ्चालन | 1,000 | 957 | 95.70 |
| 14 | राष्ट्रिय अपाङ्ग कोष सहायक सामाग्री उत्पादन तथा वितरण | 2,000 | 2,000 | 100.00 |
| 15 | नेपाल घरेलु उद्योग महासंघलाई कार्यक्रम सहयोग | 2,000 | 2,000 | 100.00 |
| 16 | दलित लक्षित संघ संस्थाहरुसंग सहकार्य | 1,000 | - | - |
| 17 | महिला तथा पुरुष वास्केटवल प्रतियोगिता | 3,000 | - | - |
| 18 | नेपाल वाल संगठन कार्यक्रम सहयोग | 10,000 | 10,000 | 100.00 |
| 19 | प्रविधि युगको किशोरी कार्यक्रम | 2,500 | - | - |
| 20 | श्रष्टा सम्मान कार्यक्रम | 1,500 | 1,500 | 100.00 |
| 21 | ज्येष्ठ नागरिक संघ संस्थासँग सहकार्यमा कार्यक्रम | 1,000 | 200 | 20.00 |
| 22 | लागू औषध, मानव बेचविखन ओसारपसार नियन्त्रण, लैगिक हिंसाको अभियान लगायतका सचेतना कार्यक्रम | 1,000 | 117 | 11.70 |
| 23 | बाल उद्धार कोष स्थापना | 5,000 | 5,000 | 100.00 |
| 24 | जोखिमपूर्ण श्रमबाट उद्धार गरिएका बालबाकि, हिसां पीडित बालबालिका र महिलाहरुको लागी अस्थायी संरक्षण गृह सञ्चालन तथा व्यवस्थापन एवं अल्पकालीन वसोवास ब्यवस्था कार्यक्रम | 25,000 | - | - |
| 25 | सम्बद्ध राष्ट्रिय तथा अर्न्तराष्ट्रिय दिवस तथा समारोह | 700 | 460 | 65.71 |
| 26 | वाल मैत्री वडा घोषणा | 1,000 | 44 | 4.40 |
| 27 | ज्येष्ठ नागरिक राष्ट्रिय परिचयपत्र तथा अपाङ्गता परिचयपत्र वितरणका लागि घुम्ति टोली परिचालन | 1,000 | - | - |
| 28 | उद्यम गर्न बीउ पूँजीमा सहयोग | 5,000 | - | - |
| 29 | वाल संरक्षण प्रणाली स्थापना तथा ब्यवस्थापन | 5,000 | 2,328 | 46.56 |
| 30 | वालापनको रक्षा भविष्यको सुरक्षा कार्यक्रम | 3,000 | 987 | 32.90 |
| 31 | ओसीएमसी एकद्वार संकट व्यवस्थापन केन्द्र समन्वय र सहयोग कार्यक्रम | 1,000 | 344 | 34.40 |
| 32 | अटिजम सम्बन्धि संस्था सहयोग | 2,000 | 1,500 | 75.00 |
| 33 | महिला फुटवल प्रतियोगिता | 2,500 | 2,300 | 92.00 |
| 34 | महानगरवासीलाई लोकसेवा तयारी कक्षा | 2,000 | 598 | 29.90 |

| सि.नं. | आन्तरिक कार्यक्रम २०८१।८२ | बजेट २०८१।८२ | निकासा/खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| 35 | कामपा अन्तरवडा क्रिकेट प्रतियोगिता | - | - | - |
| 36 | वडा तथा नगरस्तरीय वालअधिकार समिति परिचालन अभिमुखीकरण | 1,500 | 71 | 4.73 |
| 37 | अपाङ्गताको क्षेत्रमा कार्य गर्ने संस्थासंग सहकार्यमा हुने कार्यक्रम | 2,000 | 1,650 | 82.50 |
| 38 | अपाङ्गता भएका नागरिकलाई सीपमूलक तथा अभिभावकलाई स्याहार सीप कार्यक्रम | 1,000 | 654 | 65.40 |
| 39 | लैंगिक तथा यौनिक अल्पसंख्यक लक्षित कार्य गर्ने संस्थाहरू सँग सहकार्य | 2,000 | - | - |
| 40 | शहरी अति गरिबीहरुको लागी एक घर एक रोजगारी । उधमशिलता सम्बन्धी नमूना कार्यक्रम | 5,000 | - | - |
| 41 | विपन्न वर्गका खेलाडीहरुलाई फुटवल प्रशिक्षण कार्यक्रम | - | - | - |
| 42 | एच.आई.भि र मनोरन्जन क्षेत्रमा कार्यरत संस्थाहरुसंग समन्वय गरी डान्सबार, क्यासिनो, रेष्टुरेन्ट, होटलमा कार्यरत महिलाहरुको तथ्याङ्क संकलन र जोखिम व्यवस्थापन | 1,000 | 400 | 40.00 |
| 43 | आकास्मिक सामाजिक विकासका कार्यहरु (स्वास्थ्य, शिक्षा, सामाजिक विकास) | 20,000 | 3,412 | 17.06 |
| 44 | वालश्रम निवारणमा तथ्याङ्क संकलन टोली परिचालन तथा अनुगमन | 1,000 | - | - |
| 45 | पोषण सम्बन्धी कार्यक्रम वडा तहमा | 500 | - | - |
| 46 | महिला क्रिकेट प्रतियोगिता | 2,500 | - | - |
| 47 | मानव वेचविखन, ओसारपसार नियन्त्रण सम्बन्धी वडा समितिलाई तालीम | 500 | - | - |
| 48 | एकायन कराते प्रतियोगिता | 1,500 | 1,500 | 100.00 |
| 49 | सबै किसिमका अपाङ्गता सम्बन्धी सचेतनामूलक कार्यक्रम | 500 | - | - |
| 50 | कार्यविधिका आधारमा क्लोथ बैंक परियोजना | 5,000 | - | - |
| 51 | बहिराहरुको लागी कार्यक्रम सहयोग तथा महानगरपालिका दोभाषे व्यवस्थापन | 2,000 | 1,887 | 94.35 |
| 52 | अपाङ्गता लक्षित खेलकूद कार्यक्रम | 1,000 | 863 | 86.30 |
| 53 | महिला तथा पुरुष ब्याडमिन्टन ओपन प्रतियोगिता | 3,000 | - | - |
| 54 | प्रविधि युगको किशोर कार्यक्रम | 2,500 | - | - |
| 55 | बालबालिकाको क्षेत्रमा कार्य गर्ने संघसंस्थासंग सहकार्य | 2,000 | 1,723 | 86.15 |
| 56 | वाल क्लव गठन र बाल भेला सम्बन्धी कार्यक्रम | 1,000 | 40 | 4.00 |
| 57 | रोजगार मेला सञ्चालन | 2,000 | - | - |
| 58 | डाउन सिन्ड्रोम, सेरेब्रल पाल्सी र मस्तिष्क पक्षघात भएका बालबीलका लक्षित कार्यक्रमका लागी विभिन्न | 2,000 | 2,000 | 100.00 |

| सि.नं. | आन्तरिक कार्यक्रम २०८१।८२ | बजेट २०८१।८२ | निकासा/खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | संघ संस्थालाई सहयोग | | | |
| 59 | महिला तथा पुरुष फूटवल प्रतियोगीता | 3,000 | - | - |
| 60 | उद्यमशिलता विकास कोष | 10,000 | - | - |
| 61 | उद्यमशिलता प्रवर्द्धनको लागी सामाजिक विकास समितिका सदस्यका भ्रमण | 2,000 | 29 | 1.45 |
| 62 | सरकारी अस्पतालसंग सम्झौता गरी ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य उपचार सेवा प्रदान गर्ने कार्यक्रम | - | - | - |
| 63 | सामूदायिक स्वास्थ्य परिषदलाई ज्येष्ठ नागरिक समेतको उपचार खर्च | 2,000 | 2,000 | 100.00 |
| 64 | छेत्रपाटी निःशुल्क चिकित्सालयलाई ज्येष्ठ नागरिक समेतको उपचार खर्च | 15,000 | 12,457 | 83.05 |
| 65 | राष्ट्रिय तथा अन्र्तराष्ट्रिय ख्याती प्राप्त व्यक्तिहरुको नाममा विभिन्न कार्यक्रम सञ्चालन | 31,500 | - | - |
| 66 | वरिष्ठ ज्येष्ठ नागरिक सहयोग कार्यक्रम | 2,000 | - | - |
| 67 | जोखिममा परेका बालबालिकालाई सहयोग कार्यक्रम ( वालगृह तथा सामुदायिक विद्यालय समेत) | 2,500 | - | - |
| 68 | विपन्न नागरिक सहयोग | 1,000 | 1,000 | 100.00 |
| 69 | लैंगिक हिंसा पीडित बञ्चितिमा परेकाहरुलाई सहयोग कार्यक्रम | 2,000 | - | - |
| 70 | विपन्न क्रियापुत्री सहयोग | 2,500 | - | - |
| 71 | विशेष परिस्थिति आकस्मिक सहयोग कार्यक्रम | 1,000 | - | - |
| 72 | लघु, घरेलु साना तथा महिला र कृषि उद्यमीहरुका उत्पादनहरुको काठमाण्डौ जिल्ला स्तरीय औद्योगिक प्रदर्शनी कार्यक्रमका लागी घरेलु तथा साना उद्योग महासंघलाई कार्यक्रम सहयोग | 1,000 | 1,000 | 100.00 |
| 73 | विपन्न गर्भवति सुत्केरी सहयोग | 3,000 | - | - |
| 74 | विभिन्न संघसंस्था सहयोग कार्यक्रम | 5,000 | 4,348 | 86.96 |
| 75 | मानव सेवा आश्रमलाई घरभाडा व्यवस्थापन तथा स्क्रिनिङ अनुदान | 10,000 | 10,000 | 100.00 |
| 76 | खेलकुद कार्यक्रमको लागी क्लवहरुलाई अनुदान | 8,433 | 118 | 1.40 |
| 77 | सीप मेला सञ्चालनार्थ तालीम व्यवस्थापनका लागी ँएत्भ्ः लाई अनुदान | 5,000 | 5,000 | 100.00 |
| 78 | सामूदायिक सिकाई केन्द्र पुस्तकालय अनुदान | 5,000 | - | - |
| 79 | १६ वडा मा लिफ्ट जडान जेष्ठ नागरिकको लागी | 2,500 | - | - |
| 80 | मतदाता परिचयपत्र वा नागरिकताको आधारमा महानगरवासीहरुको लागि पोषण भत्ता | 5,952 | - | - |
| 81 | प्रकोपमा परेका लाई राहात कार्यक्रम | 2,000 | 10 | 0.50 |
| 82 | खेलाडी प्रोत्साहन तथा सन्मान कार्यक्रम | 2,000 | 2,000 | 100.00 |

| सि.नं. | आन्तरिक कार्यक्रम २०८१।८२ | बजेट २०८१।८२ | निकासा/खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| 83 | तालीम सञ्चालन तथा नमूना ल्याव स्थापना | 9,000 | - | - |
| 84 | महिला स्वास्थ्य स्वयमसेविका चाडपर्व खर्च | 8,744 | 8,550 | 97.78 |
| 85 | सामुदायिक म.स्वा.से.समिति सञ्चालन | 300 | 79 | 26.33 |
| 86 | भिटामिन 'ए' कार्यक्रममा म.स्वा.से. थप प्रोत्साहन | 4,000 | 2,323 | 58.08 |
| 87 | महिला स्वास्थ्य स्वयमसेविका अवकाश प्रोत्साहन | 9,000 | 8,165 | 90.72 |
| 88 | मे.स्वा.से. कोष व्यवस्थापन | 500 | 409 | 81.80 |
| 89 | म.स्वा.से सञ्चार खर्च | 1,500 | 1,097 | 73.13 |
| 90 | म.स्वा.से. तालीम | 2,000 | 1,575 | 78.75 |
| 91 | स्तन, पाठेघर सर्भिकल क्यान्सरको उपचारको लागी न तय न मा सहकार्य | 10,000 | 9,520 | 95.20 |
| 92 | महानगर एकिकृत एम्बुलेन्स सेवा | 28,800 | 28,800 | 100.00 |
| 93 | स्थानीय क्यान्सर रोगी १८ वर्षसम्मका बालबालिकाहरुको उपचारमा सहयोग | 2,000 | 100 | 5.00 |
| 94 | स्थानीय अति विपन्न वर्गलाई स्वास्थ्य उपचार खर्च | 1,200 | 1,200 | 100.00 |
| 95 | विपन्न वर्गलाई नेपाल सरकारले दिने सहयोग सोधभर्ना कार्यक्रम | 20,000 | 14,013 | 70.07 |
| 96 | पोषण कर्नर /क्ष्म्त्रम् कर्नर परामर्शसेवा कक्ष, स्तनपान कक्ष निर्माण | 1,000 | 991 | 99.10 |
| 97 | हत्व र आया तलव आन्तरिक | 56,886 | 29,665 | 52.15 |
| 98 | स्रोतकेन्द्रको आधारमा नर्स व्यवस्थापन | 4,966 | - | - |
| 99 | बाल सञ्जाल गठन र सशक्तिकरण | 27,500 | 26,100 | 94.91 |
| 100 | कक्षा ९-१० का महिला विद्यार्थीलाई एच्ऋइक सचेतना | 3,000 | - | - |
|  | **संघीय सरकार सशर्त अनुदान** |  |  |  |
| 101 | सांकेतीक भाषा दोभासे तालीम सञ्चालन (राष्ट्रिय बहिरा महासंघ) | 2,000 | 2,000 | 100.00 |
| 102 | नेपाल अपाङ्ग महिला संघ | 800 | 800 | 100.00 |
| 103 | भाषा सिकाई सुस्तश्रवण श्रुति नेपाल | 600 | 600 | 100.00 |
| 104 | श्रमको सम्मान राष्ट्रको अभियान | 100 | - | - |
| 105 | वौद्धिक अपाङ्गता भएका व्यत्तिलको हेरचाह सम्बन्धी तालीम अनुदान | 800 | 800 | 100.00 |
| 106 | शारिरीक अपाङ्गता भएकालाई उद्यमशिल तथा रोजगारमूलक तालिम (अपाङ्ग महासंघ) | 500 | 500 | 100.00 |
| 107 | महिलालाई आर्थिक सशक्तिकरण र नेतृत्व विकास उद्यमशिलता कार्यक्रम, (महिला अपाङ्ग महासंघ) | 800 | 800 | 100.00 |
| 108 | हेमोफिलिया कार्यक्रम हेमोफिलिया सोसाइटी | 500 | 500 | 100.00 |
| 109 | दृष्टिविहिन व्यक्तिको लागि कम्प्यूटर तालमि नेत्रहिन संघ | 1,000 | 1,000 | 100.00 |

| सि.नं. | आन्तरिक कार्यक्रम २०८१।८२ | बजेट २०८१।८२ | निकासा/खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| 110 | जीवन उपयोगी सीप तालमि | 900 | 634 | 70.44 |
| 111 | बहिरा दृष्टिविहिन अभिभावक समाज अनुदान | 1,500 | 1,500 | 100.00 |
| 112 | ५ वर्ष मुनिका बालबालिकामा क्षयरोग रोकथाम खोजपडताल कार्यक्रम | 577 | 254 | 44.02 |
| 113 | विपन्न लक्षित छात्रवृति | 5,027 | 558 | 11.10 |
| 114 | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानीटरी प्याड व्यवस्थापन | 5,300 | 5,300 | 100.00 |
| 115 | किशोर किशोरी स्वास्थ्य सेवा | 154 | 124 | 80.52 |
| 116 | मृगौला, क्यान्सर, मेरुदण्ड पक्षपात विरामीलाई मासिक ५ हजार औषधी उपचार खर्च | 60,157 | 60,137 | 99.97 |
| 117 | होचा पुड्का क्षमता विकास (होचा पुडका संघ) अनुदान | 500 | 500 | 100.00 |
| | **प्रदेश सरकार (शसर्त अनुदान)** | | | |
| 118 | एक विद्यालय एक नर्स कार्यक्रम | 12,680 | 12,656 | 99.81 |
| 119 | अपाङ्गता पूर्णस्थापना | 300 | - | - |
| 120 | बाबुआमा विहिन बालबालिका संरक्षण कार्यक्रम | 240 | - | - |
| | **जम्माः** | **584,178** | **329,870** | **56.47** |

११.५ **सेवा तथा कार्यक्रम खर्च (शक्ति)** : आ.व. २०८१।०८२ मा महानगरपालिकाको सेवा तथा कार्यक्रम खर्च एकीकृतको विभागगत बजेट तथा खर्चको स्थिति निम्नानुसार देखिएको छ । आ.व. २०८०।८१ को तुलनामा भएको खर्चकोस्थिति पनि देहायमा प्रस्तुत गरिएको छ :

(रु.हजारमा)

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| | बजेट | खर्च | बजेट | खर्च |
| सामान्य सार्वजनिक सेवा | 5,620,569 | 3,826,230 | 5,034,263 | 3,164,549 |
| सार्वजनिक शान्ति सुरक्षा | 901,507 | 74,699 | 715,170 | 127,849 |
| आर्थिक मामिला | 4,398,595 | 1,149,388 | 4,339,524 | 1,489,148 |
| वातावरण संरक्षण | 1,671,146 | 581,426 | 1,538,953 | 545,759 |
| आवास तथा सामुदायिक सुविधा | 4,533,842 | 2,914,674 | 5,229,097 | 3,406,041 |
| स्वास्थ्य | 1,102,145 | 721,315 | 1,106,280 | 381,324 |
| मनोरञ्जन, संस्कृति तथा धर्म | 3,130,953 | 1,339,521 | 2,704,487 | 729,239 |
| शिक्षा | 3,115,264 | 1,388,451 | 2,880,385 | 2,117,555 |
| सामाजिक सुरक्षा | 413,629 | 177,223 | 589,721 | 333,846 |
| अन्तर सरकारी ऋण लगानी | 120,000 | 70,000 | 50,000 | 50,000 |

- सामाजिक सुरक्षामा आन्तरिकतर्फ गत वर्ष महानगरबाट २०८०।८१ मा रु.५८ करोड ९७ लाख २१ हजारमा रु.३३ करोड ३८ लाख ४६ हजार अर्थात ५६.६१ प्रतिशत खर्च गरेकोमा यो आ.व. २०८१।८२ मा रु.४१ करोड ३६ लाख २५ हजारमा रु.१७ करोड ७२ लाख २३ हजार अर्थात ४२.८४ प्रतिशत खर्च भएको देखिन्छ । यो खर्च तथा बजेट गत वर्षको ८८.३७ प्रतिशत खर्चमा घटी र ४२.५८ प्रतिशत

बजेटमा घटी भएको देखिन्छ । वर्ष अनुसार बजेट तथा कार्यक्रममा थपघट भएको र विनियोजित बजेटको उपयोग क्षमता कम देखिएको अवस्था छ ।

११.६ **सामाजिक सुरक्षा भत्ता वितरित संख्या :** महानगरपालिकाबाट सामाजिक सुरक्षा भत्ताको वितरण संख्या निम्नानुसार देखिन्छ :

| किसिम | मासिक रकम | भत्ता पाउने संख्या | |
|---|---|---|---|
| | | २०८०।८१ | २०८१।८२ |
| अन्य जेष्ठ नागरिक | 4000 | 29635 | 30323 |
| जेष्ठ नागरिक दलित | 2660 | 242 | 244 |
| जष्ठ नागरिक एकल महिला | 2660 | 4106 | 3566 |
| विधुवा महिला | 2660 | 5083 | 5402 |
| पूर्ण अपाuता | 3990 | 567 | 584 |
| अति असक्त अपाuता | 2128 | 711 | 736 |
| दलित बालबालिका | 532 | 106 | 100 |
| **जम्मा:** | **18630** | **40450** | **40955** |

- महानगरले आन्तरिक स्रोतबाट ब्यहोर्ने गरी जेष्ठ नागरिक असक्त, अपाङ्गता भएका व्यक्तिको सामाजिक सुरक्षा, स्वास्थ्य उपचार र पोषण सुविधालाई निरन्तरता दिने कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षातर्फ थप प्रति महिना १,०००।- अर्थात वार्षिक रु.१२,०००।- प्रत्येक जेष्ठ नागरिकलाई प्रदान गर्दै आएको छ ।

११.७ **सामाजिक सुरक्षा तथा संरक्षण - महानगर** : सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम अन्तर्गत गत वर्ष तथा यो वर्ष महानगरपालिकाबाट नेपाल सरकार अन्तर्गत देहायका सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रममा देहाय बमोजिम निकासा तथा खर्च भएको देखिन्छ :

(रु.हजारमा)

| किसिम | निकासा तथा खर्च | |
|---|---|---|
| | २०८०।८१ | २०८१।८२ |
| दलित बालबालिका | 547 | 539 |
| जेष्ठ नागरिक दलित ६० वर्ष माथि | 7,502 | 7,792 |
| असहाय एकल महिला ६० वर्ष माथि | 137,400 | 137,293 |
| पूर्ण असक्त अपाङ्गता | 25,922 | 25,839 |
| जेष्ठ नागरिक ६८ वर्ष | 1,342,921 | 1,373,250 |
| विधुवा महिला | 151,485 | 150,934 |
| अति असक्त अपाङ्ग | 17,026 | 16,926 |
| **जम्मा:** | **1,682,803** | **1,712,573** |

आ.व. २०८०।८१ मा यस्तो भत्ता रु.१ अर्व ६८ करोड २८ लाख ३ हजार वितरण भएकोमा २०८१।८२ मा रु.१ अर्व ७१ करोड २५ लाख ७३ हजार खर्च भएको देखिन्छ । यस्तो रकम गत वर्षभन्दा रु.३ करोडले यो वर्ष बढेको ५ । उक्त वितरण रकममा महानगरपालिकाको थप रु.१२०००। प्रति वर्ष प्रति व्यक्तिको वितरित रकम समावेश छैन ।

# खण्ड १२

## (काठमाण्डौ महानगरपालिकाको GESI अध्ययनका सूचक र लेखाजोखा स्थिति/मूल्याङ्कन)

१२.१ GESI सँग सम्बन्धित विषयवस्तुको स्वतन्त्र मूल्याङ्कनमा हामीले देहायका सूचकहरुलाई केलाएका छौ । ती सूचक र उपसूचकको स्थिति बारेमा GESI Audit बाट देखिएका प्रमुख व्यहोराको रूपमा औंल्याइएको समेत छ । मूलतः GESI Audit मूल्याङ्कन लेखाजोखा निम्नानुसार गरिएको छ :

| सि.नं. | सूचक | उपसूचक | भार अङ्क |
|---|---|---|---|
| १. | नीति, कानून, योजना | • नीति, कानूनमा समावेशिता/सहभागिता<br>• योजना तर्जुमा तथा कार्यान्वयन<br>• बजेट तर्जुमा तथा कार्यान्वयन | 20 |
| २. | संस्थागत व्यवस्था | • कर्मचारी पदाधिकारी प्रतिनिधित्व<br>• समावेशी कार्य प्रणाली<br>• समिति उपसमिति र कार्यदलमा प्रनिधिनित्व<br>• वित्त व्यवस्थापन प्रणालीमा समावेशिता<br>• तथ्याङ्क संकलन तथा व्यवस्थापन | 20 |
| ३. | मानव संशाधन तथा क्षमता विकास | • मानव संशाधन तथा क्षमता विकास<br>• अनौपचारिक मूल्य मान्यता र कुसंस्कार विरुद्ध जनचेतना<br>• कानूनी साक्षरता<br>• विपद् व्यवस्थापनमा समावेशिता | 20 |
(ख) लैससास बहुआयमिक सवाल भएको हुँदा सबै कानुनी दस्तावेजहरुमा लैससास सम्बेदनशिलता र दृष्टिकोण संलग्न गर्नको लागि लैससास कार्यान्वयन समिति या कार्यटोली गठन गर्ने नीतिगत ब्यवस्था गरी सोको कार्यान्वयन गर्ने र सबै कानुनहरुमा लैससास दृष्टिकोण समावेश गर्नुपर्ने आवश्यकता देखिएको छ ।

(ग) सबैखाले नीति तथा कानुन तयार हुने क्रममा सोको जारी गर्न अगावै लैससास दृष्टिकोणले उपयूक्त भए नभएको लेखाजोखा गर्ने नीतिगत ब्यवस्था कार्यान्वयन गर्नुपर्ने जरुरी देखिन्छ ।

(घ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तथा सामाजिक बिभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीति तयार तयार गरी लागु गर्नुपर्ने देखिन्छ ।

(ङ) महिला र पुरुषमा श्रमको ज्यालामा बिभेद रोक्ने स्थानीय नीति अझ प्रभावकारी रुपमा लागु गर्ने देखिन्छ ।

(च) नगरपालिकाले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका समुहको अवस्था बिश्लेषणको आधारमा बजेटको निश्चित प्रतिशत विनियोजन गर्नुपर्ने देखिएको छ ।

(छ) दिगो बिकास लक्ष्य स्थानीयकरणको नीतिगत निर्णय र कार्यान्वयन निरन्तरता गर्नुपर्ने आवश्यकता देखिएको छ ।

(ज) लैससास बजेट परीक्षण बार्षिक रुपमा हरेक आ.ब. को प्रथम चौमासिकमा गर्ने र लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं कार्यान्वयन गर्ने आवश्यकता देखिएको छ ।

(झ) समानुपातिक सहभागिताको लागि स्थानीयस्तरमा लैससास नीतिगत व्यवस्था लागु गर्नुपर्ने र लैङ्गिक हिंसा रहित महानगरपालिका घोषणा गर्नुपर्ने आवश्यकता देखिएको छ ।

(ञ) नगरपालिका स्तरमा महिला हिंसा नियन्त्रणको लागि आचारसंहिता बनाएर लागु गर्ने आवश्यकता रहेको छ ।

(ट) बिपद व्यवस्थापन नीति कार्यबिधि तथा कार्यान्वयनको क्रममा लक्षित बर्गको संरक्षणको सवाललाई पहिलो प्राथमिकतामा राख्नुपर्ने आवश्यकता देखिएको छ ।

(ठ) महानगरपालिकाले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बञ्चितिकरणमा परेका व्यक्ति तथा समुदायका सदस्यको उपस्थितिको सुनिश्चितता नियमित गर्नुपर्ने आवश्यकता रहेको छ ।

(ड) लैङ्गिक समानता तथा समावेशी बिकासको लागि बिभिन्न सरोकारवाला निकायहरु बिच सञ्जाल गठन, क्षमता बिकास र क्रियाशिलता बढाउँनु पर्ने अपरिहार्यता देखिएको छ ।

(ढ) महिला माथि हुने सबैप्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदद्वारा पारित प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरुमा नियमित रकम विनियोजन तथा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

## १४.२ काठमाण्डौं महानगरपालिकाको GESI Audit बाट देखिएका प्रमुख ब्यहोराहरु

(क) **वित्तीय क्षमता/खर्च क्षमता** : कार्यक्रम तथा बजेटमा भएको ब्यवस्था वमोजिम खर्च गरी कमजोर वर्गको उत्थान गर्ने नीति महानगरले लिएको छ । हाम्रो नमूना परीक्षणमा JESI संग प्रत्यक्ष १,

मध्यम २/ वा सहयोगी २ र तटस्थ-३ को कार्यक्रम वमोजिम व्यवस्था भएको बजेट रु.५४ करोड ७६ लाख ९६ हजारमा रु.३२ करोड ९५ लाख ९ हजार खर्च भएको देखिन्छ । बजेटको तुलनामा खर्च ६०.१६ प्रतिशत रहेबाट GESI खर्च क्षमता कमजोर देखियो । अत: कार्यक्रम वमोजिम बाँडफाँड गरेको बजेटबाट अपेक्षा गरेको उपलब्धी हासिल गर्न समग्रमा महानगरले खर्च गर्ने क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

(ख) **खण्डीकृत तथ्याङ्क** : JESI निर्देशिका बमोजिम कमजोर तथा विकासको दृष्टिले पछाडी परेका वर्ग, समुदाय, जाती, लिङ्ग, फरक क्षमता र बालबालिकाको लागी कार्यक्रम संचालन गरी आर्थिक तथा सामाजिक समानता कायम राख्न उनीहरुको खण्डीकृत तथ्याङ्क सङ्कलन गरी तथ्याङ्कको आधारमा बजेट तय गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन । सङ्कलन गरेको तथ्याङ्क निर्देशिका बमोजिम खण्डीकृत तथ्याङ्कको प्रारुपको अवस्था देखिएन । निर्देशिकाको अनुशरण गरी महानगरभित्रको तथ्याङ्क संकलन कार्यलाई प्रतिफलपूर्ण र बजेट मैत्री बनाउनुपर्ने देखिन्छ ।

(ग) **खर्च शिर्षक नंम्बर र बजेट अभिलेख** : जेसीसंग सम्बन्धित निर्दिष्ट/प्रत्यक्ष, सहयोगी र तटस्थ बजेटको खर्च शिर्षक नम्बर, JESI प्रावधान अनुरुपको बजेट संकेत (१,२,३) र कार्यक्रम बजेटको अभिलेख बनाई राख्नुपर्ने व्यवस्था लैंङ्गिक बजेट निर्देशिका (अर्थ मन्त्रालय) ले उल्लेख गरेकोमा महानगरपालिकाले सो अनुरूप बजेट संकेत प्रदान नगरेको अवस्था छ । जेसीसंग सम्बन्धित खर्च शिर्षक नम्बर, संकेत र बजेट अभिलेख राख्ने व्यवस्थामा तत्काल सुधार गर्नुपर्ने देखिएको छ ।

(घ) **प्रतिवेदन तयार** : लैंङ्गिक बजेट निर्देशिका बमोजिम लैङ्गिक समानताका कार्यक्रमहरुको कार्यान्वयनको अवस्था सहित बजेट एवं सम्बद्ध नीतिहरुको कार्यान्वयनको प्रतिवेदन तयार गरी राख्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले सो अनुरूप प्रतिवेदन तयार नगरेको अवस्था छ । वर्षान्तमा समीक्षा गरेतापनि आगामी वर्षमा गर्नुपर्ने बाध्यकारी अवलम्बनलाई वस्तुपरक रूपले ध्यान दिएको देखिएन । निर्देशिका बमोजिम प्रतिवेदन तयार गरी सरोकारवालालाई सूचित गराउनुपर्ने दोखन्छ ।

(ङ) **जेसी कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन** : बजेटमा भएको व्यवस्था अनुरूप खर्च गरेको अवस्थामा मुख्य उद्देश्य पुरा भई सोबाट परेको प्रभाव माथी प्रभावकारी तथा समन्वयपूर्ण अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेमा केवल Post Evaluation मात्र गरेको देखिन्छ । यस्ता कार्यक्रमको उपलब्धीपूर्ण अनुगमन तथा मूल्याङ्कनलाई Pre Evaluation, Current Evaluation, Continue Evaluation गर्नुपर्ने देखिएको छ ।

(च) **जेसी कार्यक्रमको प्रभाव मूल्याङ्कुन** : समावेशी विकासमा गरेको खर्चबाट लक्षित वर्गमा परेको प्रभावलाई मूल्याङ्कुन गरी नतिजा तयार गर्नुपर्नेमा गरेको देखिएन । कार्यक्रमबाट परेको प्रभावउपर विशेष रूपमा मूल्याङ्कन गरी प्रभाव ठिक, मध्यम, नराम्रो, थप सुधार लगायतको पक्षमा विश्लेषण नगर्दा खर्चको प्रभावबाट परेको असर मापनयोग्य देखिदैन । जेसी कार्यक्रमको प्रभाव मूल्याङ्कनलाई प्रभावकारी बनाउनुपर्ने देखिएको छ ।

(छ) **जेसी मैत्री योजना निर्माण प्रक्रिया** :- योजना अनुरूप बजेट तय गर्दा १, २, ३ को अवधारणा विकास गर्नुपर्ने र योजनाको बजेट कति समावेशी छ भन्नका लाग बजेटको भार तथा संकेत प्रणाली अपनाई जैसी मैत्री योजना निर्माण प्रक्रिया मा सुधार भएको अवस्था देखिएन । समावेशी विकासको लागी महानगर ले बजेट फर्मुलेशन गर्दानै जेसीमैत्री योजना निर्माण प्रक्रियाको थालनी गर्नुपर्ने देखिएको छ ।

(ज) **आर्थिक वर्ष २०७५।७६/२०७६।७७/२०७७।७८/२०७८।७९ र २०७९।८०, २०८०।८१ र २०८१।८२ संग सम्बन्धित कार्यक्रम निम्न छन् :**

| कार्यक्रम | जेसीको अवस्था |
|---|---|
| ● नदी नियन्त्रण तथा टयाक | जेसीसंग सम्बन्धित देखिएका लक्षित कार्यक्रम |
| ● भवन निर्माण | ✓ |
| ● महानगर विशेष कार्यक्रम | ✓ |
| ● वृद्धाश्रम स्तरोन्नती र व्यवस्थापन | ✓ |

| कार्यक्रम | जेसीको अवस्था |
|---|---|
| • मेयर उज्यालो कार्यक्रम | ✓ |
| • सफाई कर्मचारी न्यानो लुगा | ✓ |
| • नदी तथा किनारा सरसफाई | ✓ |
| • मल बनाउन कम्पोष्टविन | ✓ |
| • सामाजिक योगदान कार्यक्रम | ✓ |
| • सफाई प्रशिक्षण कार्यक्रम | ✓ |
| • जलवायु कार्यशाला | ✓ |
| • फलफूल वृक्षारोपण तथा पार्क निर्माण | ✓ |
| • हरियाली प्रवर्द्धन | ✓ |
| • जेष्ठ नागरिक पार्क निर्माण | ✓ |
| • अमूर्त संस्कृति, सम्पदा संरक्षण | ✓ |
| • जनसहभागितामा सम्पदा संरक्षण कार्य | ✓ |
| • क्षमता विकास | ✓ |
| • सुशासन प्रवर्द्धन | ✓ |
| • वडाबाट कार्यान्वयन हुने खेलकूद सम्बन्धी कार्य | ✓ |
| • वडाबाट कार्यान्वयन सचेतना सम्बन्धी कार्य | ✓ |
| • गैरसरकारी संघ संस्थाको सहकार्यमा लक्षित वर्गलाई विभिन्न सीपमूलक तथा क्षमता अभिवृद्धि कार्यक्रम | ✓ |
| • सामुदायिक सेवा केन्द्र र सामुदायिक प्रहरीसंग सहकार्य कार्यक्रम | ✓ |
| • शहरी गरिवी पहिचान तथा परिचयपत्र वितरण | ✓ |
| • जेष्ठ नागरिक, अपांग सम्बद्ध संघ संस्थाहरुसंगको सहकार्यमा लगत संकलन कार्यक्रम | ✓ |
| • सहभागितात्मक योजना तर्जुमा प्रक्रिया सम्बन्धी चेतनामूलक तथा जानकारीमूलक कार्यक्रम | ✓ |
| • जेष्ठ नागरिकको लागि मनोरञ्जन तथा सेवा केन्द्र सञ्चालन कार्यक्रम | ✓ |
| • सहयोगापेक्षी मानव व्यवस्थापनका लागि मानव सेवा आश्रमसंग सहकार्य एवं सवारी साधन | ✓ |
| • जेष्ठ नागरिक तथा अपांगहरुका लागि वितरण गरिने परिचय पत्र छपाई | ✓ |
| • पिछडिएका एवं निम्न आय भएका वर्गका लागि सामूदायिक आवास निर्माण | ✓ |
| • शहरी पूर्वाधार विकास विभागसंग समन्वय गरी सार्वजनिक संरचनाहरुलाई अपांगमैत्री बनाउने | ✓ |
| • लागू औषध दुव्यर्सन पुर्नस्थापना केन्द्र सञ्चालन तथा व्यवस्थापन | ✓ |
| • हिंसा पीडित महिला सेल्टर होम | ✓ |
| • अनलाईन रोजगार सूचना केन्द्र स्थापना र सञ्चालन | ✓ |
| • वरिष्ठ जेष्ठ नागरिक खाद्य सामग्री खरिद तथा वितरण | ✓ |

| कार्यक्रम | जेसीको अवस्था |
|---|---|
| • ग्रामीण विकासका लागि सहकार्य संस्थालाई अनुदान सहयोग | ✓ |
| • कार्यविधिको आधारमा जेष्ठ नागरिक मनोरञ्जन तथा सेवा केन्द्र सञ्चालन | ✓ |
| • सीप प्रवर्द्धनका लागि औद्योगिक व्यापार मेला | ✓ |
| • योग तथा प्राकृति चिकित्सा शिविर | ✓ |
| • पिछडिएका वर्ग लक्षित कार्यक्रम | ✓ |
| • कानूनी सहायता नेपाल अनुदान सहयोग | ✓ |
| • बालबालिकाहरु लक्षित कार्यक्रम | ✓ |
| • महिला समूह गठन | ✓ |
| • समिति गठन एवं निगरानी सहूह गठन | ✓ |
| • महिला सशक्तिकरण तथा उत्थान अनुशिक्षण तालिम | ✓ |
| • अर्न्तराष्ट्रिय महिला दिवसको उपलक्ष्यमा गरिने कार्यक्रम | ✓ |
| • महिला हिंसा विरुद्ध १६ दिने अभियान कार्यक्रम | ✓ |
| • महिला समूह उद्यमशिलता परिचालन कोष | ✓ |
| • महिला समूहका सदस्यहरुलाई लेखापालन तालिम | ✓ |
| • महिला समूहका सदस्यहरुस्लाई आधारभूत तालिम | ✓ |
| • लैङ्गिक हिंसा निवारण तथा महिला अधिकार सम्बन्धी तालिम | ✓ |
| • नेतृत्व तथा संस्थागत विकास कार्यक्रम | ✓ |
| • महिला सहजीकरण केन्द्र स्थापना | ✓ |
| • लैगिक हिंसामा परेकाहरुको पुर्नस्थापना तथा क्षमता विकास स्वरोजगार कार्यक्रम | ✓ |

उपरोक्त बाहेक नेपाल सरकार समानीकरण अनुदान अन्तर्गत जेसीइसंग समबन्धित शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, पर्यटन लगायतका क्षेत्रमा समेत कार्यक्रम देखिएकोमा Category वगीकरण नभएबाट जेसीसंग सम्बन्धित बजेटको परिमाणात्मक समूह निश्चित गर्न सक्ने अवस्था देखिदैंन ।

(झ) **लैङ्गिक बजेट र जवाफदेहिता** : नेपालको संविधान, २०७२ ले जनताको मौलिक हकको रुपमा स्थापित गरेका आधारभूत हकहरुलाई साकार बनाउदैं सेवा प्रवाहमा आम नागरिकको पहूँच अभिवृद्धि गर्नु लोकतान्त्रिक अभ्यासको मूलभुत पक्ष हो । सोही अनुरुप महानगरभित्रका आम नागरिकको लागि लैङ्गिक बजेट निर्माण गरी नागरिकको हित अनुकूल तुल्याउनुपर्ने मान्यता हामी बीच छ । महानगरपालिकाबाट कार्यान्वयनमा ल्याउने कार्यक्रमको उपयोगिता, लैङ्गिक लाभ, लैङ्गिक बजेट कार्यान्वयन स्थिति, लैङ्गिक अपेक्षित लक्ष्य र लैङ्गिक बजेट कार्य सम्पादनस्तरलाई सहभागितामूलक र जनउत्तरदायि तुल्याउन लैङ्गिक बजेट निर्माण एउटा कोशेढुङ्गाको रुपमा रहनुपर्ने हुन्छ । हाम्रो लोकतान्धिक प्रणालीले लैङ्गिक समावेशीकरण प्रतिको चासो अधिकतम रुपमा लिएकोले लैङ्गिक बजेट निर्माणको प्रभावकारीतालाई प्रमुख उद्देश्यको रुपमा लिनु आवश्यक छ । महानगरपालिकाबाट तयार हुने कार्यक्रम, नीति तथा बजेटबाट नागरिक अभिमुखको रुपमा केन्द्रीत भएका सबै कार्यक्रमको प्रवाहलाई आम महानगरवासीले मूल्याङ्कन पनि गर्न पाउनु पर्दछ । बजेट प्रतिको कमजोर जवाफदेहीपनले आम नागरिक समावेशी लाभबाट बञ्चितिमा परेका छन् । लैङ्गिक रुपमा समावेशी तवरले बजेटको निर्माण गर्न सकिदैंन तवसम्म असल शासनको प्रत्याभूति नगरवासीलाई दिन सकिदैंन । तसर्थ संघीय शासन प्रणालीमा लैङ्गिक बजेट निर्माण समावेशी विकासको लागि बजेटबाट संबोधन गर्ने प्राथमिकता आजको प्रमुख आवश्यकता पनि हो । लैङ्गिक बजेट निर्माण कसरी गर्ने सोको कानूनी व्यवस्था, सरोकारित समूह, कार्य प्रक्रिया, बाँडफाँड,

कार्यक्षेत्र कोडिङ्ग, वर्गीकरण तर्जुमाका चरण लगायतको विषयवस्तुमा केन्द्रीत रही लैङ्गिक बजेट निर्माण गर्न सकिने हुन्छ । तसर्थ महानगरपालिकाले निर्देशिका बमोजिम लैङ्गिक बजेट निर्माणमा आफ्नो जिम्मेवारी पूरा गर्न सक्ने हुँदा कार्यान्वयनमा ल्याई अगाडी बढ्न आवश्यक ठहर्दछ ।

(त्र) **नीतिगत बजेट र स्थिति** : काठमाडौं महागरपालिकाले विगत ३ वर्षको (२०७९।८०, २०८०।८१ र २०८१।८२) नीति तथा कार्यक्रम तर्जुमा गर्दा लोक कल्याणकारी अवधारणालाई मूर्तरुप दिएको अवस्था छ । सुशासनलाई लोकतन्त्रको आधारस्तम्भ बनीाई बजेट तथा कार्यक्रम समेत तयार गरेको देखिन्छ । कार्यक्रमलाई मूल रुपमा जेसीको अवधारणा समेटेको भएतापनि बजेटलाई समूह तथा लेखाङ्कन समेतको १, २, ३ को Category मा विभाजन नगरेको अवस्था छ । जेसी अन्तर्गत छुट्याइएको वर्ग र समूह अन्तर्गत तयार गरेको बजेटमा उक्त समूह र वर्गसंग सम्बन्धित बजेटको परिमाण कति हो र कति हुनुपर्दछ भन्ने सन्दर्भमा स्पष्ट खाका तयार गर्न नसकेको अवस्था विद्यमान देखिन्छ । स्थानीय जनताको जीवनस्तर उकास्न स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने नीति अनुरुप सहभागितामूलक साझेदारीको अवधारणालाई प्राथमिकता दिएको भएतापनि अंकगणीतिय रुपमा जेसीलाई प्रतिनिधित्व हुने गरी बजेटको परिमाणात्मक अंश निर्धारण गरिनुपर्दछ ।

(१) सुशासन नीतिमा पुरस्कार तथा दण्डको नीति, अनुगमन इकाईको स्थापना, सुझाव र गुनासाको कार्यान्वयन, स्वच्छतथा र निश्पक्षता सहितको सेवाग्राही मैत्री भावना, कार्य सम्पादन करार, उत्तरदायित्वको निर्धारण, जनप्रतिनिधिहरुको क्षमता विकास, जनताको हातेमालोलाई आत्मसाथ, न्यायीक काम कारवाहीलाई सूचना प्रविधिसंग आवद्धचता जस्ता नीति अवलम्बन गरेकोमा सो नीति अनुरुप प्राथमिकतामा रही बजेटको वर्गीकरण क्याटागोरीको रुपमा विकास गरेको देखिदैंन ।

(२) आर्थिक तथा वित्त नीति अन्तर्गत लगानी मैत्री वातावरणको सिर्जना, प्रगतिशिल कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करको दायरा विस्तार, राजस्व चुहावट नियन्त्रण, करदाताको तथ्याङ्क सङ्कलन, सम्पत्ति कर असुलीलाई थप प्रभावकारी बनाउन समन्वय र सहकार्य, सहकारी क्षेत्रको विकास र प्रवर्द्धन रहेकोमा प्राथमिकता नतोक्दा अंकगणितीय रुपमा बजेटको परिमाणात्मक भार क्याटागोरी अन्तर्गत नरहेको अवस्था छ ।

(३) शहरी विकास तथा पूर्वाधार नीतिमा समेत स्वच्छ वातावरण, हरियाली प्रवर्द्धन, शहरी सौन्दर्यकरण, गुणस्तरीय पूर्वाधार निर्माण, रोजगारी सिर्जना गर्न पूर्वाधार विकास लगायत क्षेत्रमा जेसीको अवधारणा अन्तर्गत बजेटको प्राथमिकता र विभाजन देखिदैंन । पूर्वाधार क्षेत्रले जेसी समूदायमा आर्थिक रुपले कति प्रभाव पार्‍यो भन्ने सन्दर्भमा सूचक निर्धारण नगरेको कारण स्थितिलाई सिंहवलोकन गर्ने स्थिति देखिदैंन ।

(४) महानगरपालिका अन्तर्गतको सामाजिक विकास नीति मूल रुपमा अन्य नीतिगत अंशभन्दा बढी सम्बन्धित यो नीति अन्तर्गत प्रत्येक वर्ष पालिकाले बजेटको वर्गीकरण गरेतापनि अंकगणितको रुपमा १, २, ३ को प्राथमिकतामा बजेटको वर्गीकरण नगरेको अवस्था विद्यमान रहेको छ । नागरिक सम्मान, सेवा केन्द्र विस्तार, निःशुल्क यात्रा सुविधा, सार्वजनिक अभिनन्दन, उद्यम र सीप विकास अन्तर्गत प्रोत्साहित गर्ने नीति, सामुदायिक आवास, सहयोगापेक्षी मानवहरुको संरक्षणका लागि मानव सेवा, आश्रम निर्माण, हिंसामा परेका महिलालाई पूर्नस्थापना केन्द्रमा आश्रय दिई उनीहरुको क्षमता विकास, त्यस्ता पक्ष स्वारोजगारमूलक कार्य, गैर सरकारी संघ संस्थाहरुसंग समन्वय र सहकार्य, गैर सरकारी संस्थाको भूमिका प्रति नियमन, घरेलु व्यवसाय शुरुगर्ने उद्यमीहरुलाई लगानीमैत्रधी वातावरण निर्माण गर्न कानूनहरुको तर्जुमा, सामाजिक विकास कार्यक्रम एवं विकास निर्माणका क्षेत्रमा स्वयंसेवीलाई परिचालन गर्ने नीति लिएको अवस्था छ । सामाजिक सद्भाव कायम राख्न शिक्षा, स्वास्थ्य तथा उद्यमशिलतामा अभिवृद्धि गर्ने, विशेष दिवस तथा पर्वहरुमा वातावरण संरक्षण, हरियाली प्रवर्द्धन एवं जनचेतनामूलक कार्यक्रमहरुको. आयोजना गरी सामाजिक परिचालनमा जोड दिने नीतिगत व्यवस्था छ । आवश्यकताको आधारमा सीपमूलक तालिमको सञ्चालन महानगरस्तरीय एकीकृत तालिम केन्द्र

सञ्चालनमा ल्याउने व्यवस्था अंगीकार गरेको छ । साना तथा मझौला व्यवसायहरुको लागि सहकारीको माध्यमबाट आय आर्जन र जीवनस्तरमा सुधार ल्याउने नीतिको थालनी गर्ने, प्रौढ कक्षा, वैकल्पिक शिक्षा र साक्षर कक्षाहरु सञ्चालन गर्न प्राथमिकता दिइनजे उल्लेख छ । शहरी गरिवी घटाउने प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने यसका लागि गरिवी पहिचान, परिचयपत्र वितरण, सेवा सुविधामा छुट सुविधा एवं शिषा, स्वास्थ्य र रोजगारीमा सहुलियत तथा प्राथमिकता दिने नीति लिएको अवस्था छ । युवाहरुको वैदेशिक रोजगारीमा जाने बढ्दो प्रवृत्तिलाई स्वदेशी उद्यममा आकर्षण गर्न स्वदेशी वस्तुहरुको उत्पादन, प्रवर्द्धन र बजारीकरणलाई प्रोत्साहन गर्ने नीति लिएको अवस्था छ । सचेतनामूलक एवं उपचारात्मक कार्यक्रमहरु सञ्चालन गर्ने, सामाजिक एवं सचेतनामूलक कार्यमा प्रत्येक वडामा स्वयमसेवक परिचालन गर्ने नीति लिएको अवस्था छ । सामाजिक विकास अन्तर्गतका नीति अनुरुप बजेटमा रकमको वर्गीकरणमा जेसीको मर्म अनुरुप रकमको कार्य विभाजनलाइर्क्ष भने पालिकाको बजेट तथा कार्यक्रममा प्राथमिकता छुट्याएको अवस्था छैन ।

(ट) **कर्मचारी पदाधिकारी प्रतिनिधित्व** : GESI संग सम्बन्धित कार्यक्रम तयार गर्दा कर्मचारी प्रतिनिधि बिच निर्णय गर्दा वर्ग, जाती, लिङ्ग समुदायका बीच समावेशीकरण हुने गरी समावेशी समानुपातीक प्रतिनिधित्व हुनुपर्ने व्यवस्था छ । महानगरले बजेट, कार्यक्रम, विषयगत क्षेत्र, लगायतमा प्रतिनिधित्व गर्ने व्यवस्थालाई आंशिक रुपमा अंगिकार गरेतापनि पूर्ण रुपले पालना नगरेको स्थिति छ । वञ्चितीकरण र जोखिममा परेकालाई सीप विकास तालीम प्रदान गर्ने अंश कम देखिएको छ ।

(ठ) **समावेशी कार्य प्रणाली** : GESI संग सम्बन्धी कार्यक्रम तथा योजना तय गर्दा JESI फोकल व्यक्ति र कार्यक्रम वमोजिम समावेशी प्रणालीलाई कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । महानगरले अधिकांश यस्ता कार्यहरुमा समावेशी कार्य प्रणालीलाई निरुत्साहीत गरेको अवस्था छ । लैङ्गिक विकास डेस्क, GESI समिति, हिंसा नियन्त्रण आचारसंहिता, समितिका महिला, लक्षित समूहको सक्रिय सहभागीता लगायतलाई ध्यानमा राखी कार्यक्रमलाई अगाडी बढाउनु पर्ने देखिन्छ ।

(ड) **समिति, उपसमिति र कार्यदलका प्रतिनिधित्व** : GESI संग सम्बन्धित क्रियाकलाप संचालन गर्दा लक्षित वर्गको प्रतिनिधित्व हुनेगरी कार्यदल बनाउनुपर्ने व्यवस्था छ । सबै कार्यक्रममा त्यस्तो प्रतिनिधित्व बन्न नसकेको अवस्थालाई सुधार गर्न आवस्यक देखिएको छ । महानगरबाट गठित समितिहरू, उपसमिति तथा कार्यदलमा लैङ्गिक तथा सामाजिक रूपका बहिस्करणमा परेका व्यक्ति र समूहको केही हदसम्म समानुपातीक प्रतिनिधित्व भएतापनि आवश्यकतानुरूप हुन सकेको छैन् । लैससासलाई बढी संवेदनशिल बनाउन लैससास मूल प्रवाहीकरण समन्वय समिति गठन र क्रियाशिल हुन आवश्यक देखिएको छ ।

(ढ) **मानव संसाधन तथा क्षमता विकास** : संस्थागत क्षमता विकासको स्वमूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । महानगरले आफूले सम्पादन गरेका क्रियाकलापको स्वमूल्याङ्कन गरेकोमा औषत अँक मात्र प्रतिशत मात्र देखिएको छ । लिया मूल्याङ्कन घटी हुनुमा समावेशी कार्यक्रमको सफल सञ्चालन नहुनू पनि हो । क्षमता विकासका क्रियाकलापहरु महानगरबाट प्रत्येक वर्ष सञ्चालन गरेतापनि स्वरोजगारी सृजना गर्न सक्ने विषय छनौट गरी आय आर्जन गर्ने क्षमतामा अभिवृद्धि गर्नुपर्ने देखिएको छ । मानव संशाधन इकाई स्थापना, स्रोत व्यक्ति, महिला स्रोत व्यक्तिको विवरण राख्न पनि आवश्यक छ ।

(ण) **अनौपचारीक मूल्य मान्यता र कुसंस्कार विरुद्ध जनचेतना** : महानगरले महिला हिंसा विरुद्धको १६ दिने अभियान, आमा समूहको कार्यक्रम संचालन गरेकोमा दाइजो, छुवाछुत, निम्नता सम्बन्धी थप कार्यक्रम संचालन गरेको देखिएन ।

(त) **विपद व्यवस्थापन समावेशिता** : विपद् व्यवस्थापन निर्देशिका र विपद् कोष कार्यविधि स्वीकृत गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदायसंग परामर्श गर्नुपर्ने व्यवस्था छ । महानगरले विपद् सम्बन्धी तथ्याङ्क संकलन, नक्साङ्कन र व्यवस्थापन गर्दा लाभान्वित समूहमा लक्षित समुदायको खण्डीकृत तथ्याङ्क राखी आपतकालिन कार्य सञ्चालन नगरेको अवस्था छ ।

(थ) **कानूनी साक्षरता** : विभिन्न ऐन, नियम, विनियम, मापदण्ड, निर्देशिका तयार गर्दा सबै वर्गको प्रतिनिधित्व हुन्पर्ने र ती काननहरुमा महिला हिंसा, चेलीवेटी वेच विखन, एकल महिला सम्बन्धी

हक अधिकारको सुनिश्चित गर्न सो सम्बन्धी कानूनी शिक्षा सम्बन्धी कार्यक्रम गौण अवस्थाका रहेको छ । कानूनी शिक्षाको अभिमुखीकरण बलियो बनाउन आवश्यक देखिएको छ ।

(द) **प्रजनन स्वास्थ्य** : महानगरले प्रत्येक वर्ष नियमित रुपमा परिवार नियोजन, मातृशिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या, किशोर किशोरी कार्यक्रम संचालन गरेको छ । आन्तरिकतर्फको बजेटमा समेत स्वास्थ्य र चेतना सम्बन्धी विभिन्न कार्यक्रम बजेट तय गरेतापनि खर्च गरी लिनुपर्ने लाभलाई प्राथमिकताका नराखेको कारण अपेक्षापूर्ण स्वास्थ्य सुचक पूर्ण प्राप्त नगरेको अवस्था छ । स्वास्थ्य विमा, फोहोर विसर्जन, वरिपरिका जनताको वीमा, जेष्ठ नागरिक वीमा लगायतका कार्यक्रम तयार गरेतापनि कार्यान्वयन स्थिति अपेक्षा अनुरुप हुन सकेको पाइएन । गर्भवतीलाई काममा लगाउने कार्यको क्रमशः कार्यान्वयन र नियन्त्रण गर्न आवश्यक देखिएको छ ।

(ध) **शिक्षा** : दिवा खाजा, निःशुल्क पापु, भर्ना अभियान, शिक्षक तालीम, छात्रवृति, पोषण, भौतिक पूर्वाधार, इलेक्ट्रोनिक खरिद, शौचालय निर्माण, खेल मैदान, वुक कर्नर, लाइब्रेरी, खानेपानी, गुणस्तरीय शिक्षा लगायतका शैक्षिक कार्यक्रमहरु निरन्तर संचालन गरेको छ । किशोरी छात्रा प्याड, यौन शिक्षा, शिक्षकलाई Accounting Manual तालीम, ट्याब्लेट खरिद, जस्ता कार्यहरू गरेको देखिदैन । कार्यक्रममा बजेटको ब्यवस्था गर्ने र तर कार्यक्रम संचालन गरी वित्तीय प्रगति प्राप्त गर्न नसक्दा GESI/ बालबालिकाको हक, अधिकार सीमित हुन जाने देखिदाँ आवश्यकता र मागको उचित रुपले संवोधन हुनुपर्ने देखिएको छ ।

(न) **बजार ब्यवस्थापन** : सहकारी सुपथ मुल्य पसल खोली निम्न आय भएकोलाई राहात दिने कार्यक्रम रहेको, श्रम सहकारी, बजार खाद्य अनुगमन लगायतका कार्यक्रम राखेतापनि कार्यान्वयनमा प्रभावकारीता देखिएको छैन् । बजारमा सीप बेच्न स्वरोजगारी तालिमलाई प्राथमिकीकरण गरेको समेत देखिदैन । यसमा सुधार हुनुपर्दछ ।

(प) **खानेपानी/सरसफाई/फोहोरमैला/पार्क** : धारा इनार कूँवा संरक्षण, पार्क निर्माण, उद्यान निर्माण, फोहोर संकलन, विसर्जन, सरसफाई कार्यक्रम, खानेपानी महसुल मिन्हा, पानी पुर्नभरण, नदितट संरक्षण, हरियाली प्रवर्द्धन, गोडमेल, लगायतका यथेष्ट कार्यहरू महानगरबाट हुँदै आएको छ । नागरिकको कर्तव्य Code of Ethics तयार नगरेको, फोहोरको वर्गीकरणलाई पूर्ण रुपले पालना गराउन नसकेको, फोहोर श्रमिकका गुनासाहरु पूर्णरूपले संबोधन नगरेको, सुखा क्षेत्रमा पानी वितरण नगरेको, आकाशेपानी संकलनलाई महिलाको सक्रिय सहभागीतामा कार्यक्रम अगाडी नबढाएको अवस्था छ ।

(फ) **सुशासन** : सबैप्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी, संयुक्त राष्ट्र संघ कार्य योजना प्रस्ताव १३२५ र १८२०, अपाङ्ग पहिचान कार्यक्रम, GESI तथा Social Audit बाट देखिएका ब्यहोराको कार्यान्वयन सम्बन्धमा कर्मचारी र प्रतिनिधि बीच अभिमुखीकरण भएको पाइदैन । अभिमुखीकरण कार्यक्रम संचालन गरी शासकिय सेवा मजवुत बनाउनुपर्ने देखिन्छ ।

(ब) **अनुगमन तथा मुल्याङ्कन** : कार्यक्रमको लाभ, असर र प्रभावबारे मूल्याङ्कन गर्ने स्थिति कमजोर रहेकोले GESI संग सम्बन्धित क्रियाकलापको असर र प्रभाव विश्लेषण गर्नुपर्ने देखिन्छ ।

(भ) **उत्तर दायित्व र जवादेहिता** : बार्षिक नीति तथा कार्यक्रम, आय-व्यय, पार्श्वचित्र, जोखिम नक्साङ्कन, आवधिक तथा रणनितिक योजनाहरू, पञ्जिकरण तथ्याङ्क, सामाजिक सुरक्षा, विमा, स्वास्थ्य शिविर, सामुदायिक स्वास्थ्य, औषधी वितरण खण्डीकृत तथ्याङ्क, बजारमूल्य, सरसफाई, GPS सडक सुरक्षा लगायतका महत्वपूर्ण र जनतालाई अति आवश्यक हुने सूचनाहरुको सम्प्रेषण गरेको छ । अझ यसलाई कसरी थप वृद्धि गर्न सकिन्छ सो सम्बन्धमा सामयिक छलफल चलाउन आवश्यक देखिएको छ ।

(म) **भौतिक पूर्वाधार** : महानगरबाट विगत वर्ष देखिनै सार्वजनिक निर्माणतर्फ सड्क, फुटपाथ, नदितट नियन्त्रण, वडा भवन, सामूदायिक भवन, आश्रम, अस्पताल भवन, समूह भवन, क्रियापुत्री भवन, बिहार/मठ पुनः निर्माण, पार्क उद्यान निर्माण, ढल निकास, विद्यालय पुनः निर्माण, मन्दिर, विद्युतिय उपकरण, उज्यालो कार्यक्रम, ढुङ्गा छपान लगायतका विभिन्न कार्यक्रमहरु गर्दै आएको छ । सानो वा ठुलो पूर्वाधारको कार्यमा सामाजिक समावेशिताको स्थिति सम्बन्धमा कुन पूर्वाधार निर्दिष्ट हो,

इन सहयोगी हो र कून GESI को हिसावले तटस्थ हो विभाजन गरेको देखिएन । सोबाट GESI मा पर्ने प्रभावलाई मापन गर्न नसकिएकोले यसतर्फ सुधार गर्न आवश्यक देखिएको छ ।

(य) **धार्मिक सहिष्णुता** : महानगरले समाजमा रहेका मठ, मन्दिर, स्तुपा, मस्जिद निर्माण तथा मर्मत गर्दै आएको छ । यो वर्ष २ मस्जिदको मर्मतको बजेट ब्यवस्था भएकोमा खर्च भएको देखिएन । मर्मत गरी सहिष्णुतालाई उच्च बनाउनु पर्ने देखिन्छ ।

(र) **सामाजिक उत्तरदायित्व** : महानगर भित्र विभिन्न प्रकृतिका संघ, संस्था, बैङ्क, कर्पोरेट हाउस, व्यवसाय आदि रहेका छन् । उनीहरुले प्राप्त प्राप्त गरेको खुद आयबाट Corporate Social Responsibility अन्तर्गत केही रकम लक्षितको विकासको लागि खर्च गर्ने वातावरण मिलाउन सक्दा GESI कार्यक्रम थप मजबुत समेत बन्ने स्थिति छ । CSR को मूल उद्देश्यनै यसै प्रकृतिका व्यय गर्ने उद्देश्य रहेबाट समन्वय र सम्बन्ध बिस्तार गरी GESI कार्यक्रम प्रति आकर्षण गराउन तत्काल ध्यान दिनुपर्ने देखिएको छ ।

(व) **सहकार्य/सम्बन्ध/समन्वय** : महानगरले अन्तर्राष्टिय रुपमा विभिन्न शहरहरुसंग भगिनी सम्बन्ध थप गर्दै आएको छ । स्वदेशभित्र विभिन्न नगरसंग सम्बन्ध गाँस्दै सहकार्यको आधारमा भौतिक पूर्वाधार विकासमा जोड दिन अनुदान समेत प्रदान गर्दै आएको छ । त्यस्तै साँस्कृतिक आदान प्रदान, भाषागत चिनारी, गोष्टी, सम्मेलन, मेयर फोरम लगायतका कार्यमा थप वृद्धि गरेको छ । भौतिक पूर्वाधार सहकार्य अनुदानको अनुगमन पक्ष प्रभावकारी देखिएको छैन । प्रगति हेरी सहकार्यको थप सम्झौता अगाढी बढाउनु पर्ने देखिन्छ ।

# खण्ड १५

## १५.१ महानगर कल्याणकारी जेसी योजना तथा कार्यक्रमका कमजोरीहरू

- विभिन्न क्षेत्र तथा निकायसंगको समन्वय प्रभावकारी हुन नसकेको,
- कमजोर/जोखिमयुक्त व्यक्ति/समुदाय र क्षेत्रको अद्यावधिक खण्डीकृत तथ्याङ्क नरेहको,
- कार्यक्रममा रहेको लक्षित बजेट पूर्ण रुपमा कार्यान्वयनमा ल्याउन नसकेको,
- समूदायको लागी पर्याप्त मात्रामा बजेट विनियोजन नभएको र भएतापनि खर्च क्षमता नबढेको,
- सशक्तिकरण कार्यक्रमलाई प्रभावकारी रुपले आधारभूत तहसम्म कार्यान्वयनमा ल्याउन नसकेको,
- वास्तविक सुकुम्वासीको पहिचान गरेको तर ब्यवस्थापन नभएको,
- सामाजिक भेदभाव को अवशेष समाजमा विद्यमान रहेको,
- कमजोर वर्गका लागी तय भएको नीतिको कार्यान्वयनको पक्ष पनि अपेक्षापूर्ण बन्न नसकेको,
- कल्याणकारी योजना र कार्यक्रममा पर्याप्त समन्वय हुन नसक्दा लगानीको तुलनामा अपेक्षित उपलब्धी हासिल हुन नसकेको आदि ।

## १५.२ GESI मा सुधार गर्नुपर्ने विषयवस्तुहरु

| | |
|---|---|
| (क) नीतिगत सुधार - | • सिर्जित दायित्व पुरा गर्न मापदण्ड तयार गर्नुपर्ने, |
| | • कानूनहरुको सामहिक र GESI मैत्री बनाउने, |
| | • Comprehensive Development Plan and Strategic Policy तयार गर्ने, |
| | • सूचकहरुको अभ्यास र विकास गर्नुपर्ने |
| | • सुरक्षित वसोवास योजना बनाई कार्यान्वयन मा ल्याउनुपर्ने । |
| (ख) संस्थागत सुधार - | • जातीय विभेद, छुवाछुत तथा महिला विरुद्धको हिंसा, मानव अधिकारको हनन जस्ता विषयहरुमा उजुरी सुनुवाई तथा संबोधन गर्नका लागी वडा मेलमिलाप केन्द्रलाई सशक्त बनाउनुपर्ने । |
| ग) साँस्कृतिक तथा ब्यवहारीक पक्षमा गर्नुपर्ने सुधार - | • सचेतनामूलक कार्यक्रममा खर्च क्षमता बढाउने, |
| | • सद्भाव बढाउने, पहुँच कायम हुने कार्यक्रम अगाडी बढाउने, |
| | • सामाजिक अर्न्तघुलनलाई प्राथमिकता दिने, |
| (घ) व्यवस्थापकिय/ प्रक्रियागत क्षेत्रमा गर्नुपर्ने सुधार - | • Cross Cutting issues पहिचान गर्ने, |
| | • PPP Model को अवलम्वन गर्ने, समन्वय प्रणाली विकास गर्ने, |
| | • सञ्चालित कार्यक्रमको अनुगमनलाई प्रभावकारी तुल्याउने, |
| | • कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा तथ्याङ्कलाई आधार लिने । |

## १५.३ GESI बजेट प्रणाली, अभिलेख र लेखाङ्कन कार्यविधिमा गर्नुपर्ने सुधार

- लैङ्गिक उत्तरदायी बजेट सङ्केत भएको क्रियाकलापहरुको खर्च शीर्षक नम्बर र बजेटको अभिलेख राख्ने,
- महानगर बजेट सूचना प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट सङ्केतलाई अनिवार्य गर्ने,

- लैङ्गिक समानताका कार्यक्रमहरुको कार्यान्वयनको अवस्था सहित बजेट एवं सम्बद्ध नीतिहरुको कार्यान्वयनको प्रतिवेदन तयार गर्ने,
- आवधिक अनुगमन तथा मूल्याङ्कन लागि कार्यपालिका समक्ष प्रतिवेदन प्रस्तुत गर्ने,
- बजेट विनियोजन, सङ्केत तथा खर्चको वार्षिक समीक्षा तथा परीक्षण गर्ने,
- बजेट विनियोजन तथा खर्च दुबैलाई पहिल्याउनका लागि लैङ्गिक सम्बन्धी प्रत्यक्ष, अप्रत्यक्ष तथा तटस्थ कार्यक्रम एवं क्रियाकलापहरुका लागि १, २ र ३ वर्ग सहितको रणनीतिक सङ्केत अन्तर्गत कोड प्रदान गर्ने,

### १५.४ लेखा र लेखाङ्कन प्रक्रिया

| सि.नं. | कार्य प्रक्रिया | कार्य विस्तृतिकरण | कैफियत |
|---|---|---|---|
| १. | अवस्था पहिचान | बजेट कुन क्षेत्र तथा विषयको हो अवस्था पहिचान गर्ने | |
| २. | समस्या, चुनौती, अवसरको पहिचान गर्ने | बजेटको चुनौती र अवसरलाई नियाल्ने । | |
| ३. | प्राथमिकता क्रम निर्धारण गरी फर्मुलेशन गर्ने | बजेट कितावमा प्राथमिकताको आधारमा कार्यक्रम र क्रियाकलाप फर्मुलेशन गर्ने | |
| ४. | नतिजा सूचक र उपलव्धी खाका बनाउने | कार्यक्रम र क्रियाकलापको सूचक बजेट र उपलव्धीको खाका तर्जुमा गर्ने | |
| ५. | सूचकमा कार्यान्वयन भूमिका, बजेट परिचालन, संख्यात्मक तथा गुणात्मक नतिजा र अनुगमन मूल्याङ्कनको विवरण लेख्ने | सूचकमा परिमाणात्मक र गुणात्मक पक्षलाई संबोधन गर्ने रणनीतिक सङ्केत चित्रण | SUTRA FCGO.gov.np |
| ६. | बजेट कार्यान्वयनको लागि को, कहाँ, कसको स्वीकृति र कार्यक्रममा सञ्चालनमा ल्याउने हो सोको वर्ग १, २, ३ को आधारमा निकासा, पेश्की, खर्चको लेखाङ्कन गर्ने | SUTRA मा हिसाव लेखाङ्कन गर्ने र खर्चको वर्ग समेत पहिचान गर्ने | आर्थिक वर्ष, खर्च केन्द्र, महानगरपालिका बजेट उपशीर्षक कार्यक्रम छनौट सफ्टवयेरमा गर्ने |
| ७. | वर्ग १, २, ३ को आधारमा वर्षान्तमा चौमासिक वित्तीय प्रतिवेदन तयार गर्ने | प्रतिवेदन लिई बजेट, खर्चको विश्लेषण गर्ने | |

### १५.५ सुझावहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यगत विकास योजना

| सि.नं. | सुझावहरु | आगामी कार्ययोजना | मुख्य जिम्मेवारी | | | समयावधि | आर्थिक दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| १. | नीति, कानून र योजना बजेट | लैङ्गिक बजेट कोड वितरण, पुनरावलोकन, कार्यटोली मस्यौदा, तयारी र परिचालन | प्र.प्र.अ. | पालिका सभा | प्र.प्र.अ. प्रशासन/विभाग/शाखा/महाशाखा | २०८०।८१ | सामान्य | - |
| २. | संस्थागत व्यवस्था | नीतिगत व्यवस्था, सकारात्मक विभेद नीति, लैससास समिति, आचारसंहिता | ,, | ,, | ,, | ,, | - | नपर्ने |

| सि.नं. | सुझावहरु | आगामी कार्ययोजना | मुख्य जिम्मेवारी | | | समयावधि | आर्थिक दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| ३. | मानव संशाधन तथा क्षमता विकास | जनचेतना, नीति, मूल्यमान्यता, कानूनी सहायता, विपद्, क्षमता/तालिम | ,, | ,, | ,, | ,, | सामान्य | - |
| ४. | सेवा प्रवाह | पूर्वाधार, प्रजनन्, स्वास्थ्य, शिक्षा, खा.पा. , स्वरोजगार | ,, | ,, | ,, | ,, | सामान्य | - |
| ५. | सुशासन तथा उत्तरदायित्व | समूह, पदाधिकारी, उत्तरदायित्व, सूचना संचार, अनुगमन, समन्वय, सम्बन्ध । | ,, | ,, | ,, | ,, | सामान्य | - |

# खण्ड १६

# सुझाव तथा निष्कर्ष

१६.१ **सुझाव :** नेपालको संवैधानिक व्यवस्थाले कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगर्ने प्रतिवद्धता सुनिश्चित गरेको अवस्था छ । प्रत्येक नागरिक कानूनको अगाडि समान रहने हक प्रत्याभूति समेत गरेको छ । नेपाल विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभिसन्धीहरुको पक्ष राष्ट्र भएकोले लैङ्गिक समानता, महिला सशक्तिकरण, सामाजिक समावेशीकरणलाई कानूनी रुपले स्वीकार गरी विभिन्न प्रतिबद्धताहरु अन्तर्राष्ट्रिय समुदायमा जनाएको छ । प्रदेश तथा स्थानीय तहरुले संविधान एवं अन्य प्रचलित कानून बमोजिम आफ्नो योजना तथा बजेट तर्जुमा तथा कार्यान्वयन गर्दै आएको अवस्था छ । हुनतः नेपाल सरकारले २०६४।६५ देखि लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यास र मन्त्रालयहरुले वार्षिक कार्यक्रममा लैङ्गिक उत्तरदायी बजेटको मान्यतालाई समावेश गरी तदनुरुप प्रतिवेदन गर्ने गरेका छन् । राज्यको ३ तहको संरचना बमोजिम स्थानीय तह महत्वपूर्ण तथा ठूलो संरचनाको रुपमा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पालिका प्रमुख, वडा समिति, स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कायृक्रम तजूमा समितिलाई स्थानीय तहको योजना, बजेट तथा कार्यक्रम तयार गर्न अधिकार प्रदान गरेको अवस्था छ । लैङ्गिक उत्तरदायी बजेट तयार गर्न यस मार्गदर्शनमा उल्लेख गरिएका विषयवस्तुमा ध्यान दिई बजेट तयार गर्नुपर्ने अवस्था रहन्छ । सोको लागि महानगरपालिकाले मुलभूत रुपमा आफ्नो अधिकार क्षेत्र अन्तर्गत रही लैङ्गिक रुपमा आवश्यकताको पहिचान, तथ्याङ्कहरुको वस्तुनिष्ठ विश्लेषण, बजेट तथा कार्यक्रमको प्रारुप तथा कार्यचरण, सङ्केत तथा वर्गीकरण लगायतका पक्षलाई विशेष रुपमा ध्यान पुऱ्याउन आवश्यक समेत रहन्छ । हुनतः महानगरपालिकाले २०७४।७५ देखिनै र सोभन्दा अगाडीको संरचनामा समेत समावेशी तथा लक्षित कार्यक्रमहरु सञ्चालन गर्दै आएतापनि लैङ्गिक उत्तरदायी रुपमा देखिने बजेट तथा कार्यक्रमहरु निर्दिष्ट भएको थिएन । भौतिक पूर्वाधार, सामाजिक, आर्थिक, संघ संस्था अनुदान, शिक्षा, स्वास्थ्यलगायतका कार्यक्रममा लैगिक बजेटको अंश चाहे त्यो सहयोगी होस् अर्थात पूर्ण रुस्पले निर्दिष्ट तहको होस् विगतको बजेट तर्जुमा प्रक्रियामा तयारीका चरणहरुलाई पूर्ण रुपले कार्यान्वयनमा नल्याएको अवस्था विद्यमान थियो । तथापी समावेशी कार्यक्रमहरु सञ्चालनमा रहेतापनि सोको अंशलाई परिमाणात्मक रुपमा खुलासा गर्न सक्ने अवस्था थिएन । महानगरपालिकाले लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गर्दा निम्न विषयमा ध्यान दिई अगाडी बढ्न देहायका सुझावहरु कार्यान्वयनमा ल्याउनु पर्ने देखिएको छः

- संविधान तथा दिगो विकास लक्ष्यमा लैङ्गिक विषयवस्तु प्रति गरेको प्रतिबद्धता र खर्च संरचनामा समावेश गरेको कार्यक्रमलाई ध्यानमा राखेर योजना तर्जुमा गर्ने योजना अधिकृतहरुलाई पालिकाबाट निर्देशन गर्नुपर्ने,
- योजना अधिकृतहरुलाई विभिन्न पृष्ठभूमिका महिलाहरुको जीविकोपार्जन तथा सशक्तिकरण एवं संरचनात्मक विभेदलाई न्यून गर्ने प्रकृतिका कार्यक्रम/आयोजनाको विकास गर्न निर्देशन दिने,
- संरचनात्मक विभेद न्यूनीकरणका लागि संस्थागत अवरोधहरु सिर्जना गर्ने औपचारिक तथा अनौपचारिक नीति तथा प्रणालीहरुलाई संबोधन गर्नुपर्ने,
- निर्दिष्ट लिङ्ग, जनजाति, अवस्थिति र पहिचानमा आधारित विभेदजन्य मूल्य मान्यता तथा अभ्यासहरुमा लक्षित गर्ने, घरायसी कार्यबोझको न्यूनीकरण गर्न चेतना अभिवृद्धि गर्ने, उपायहरुको पहिचान गर्ने, वृहत महिला सशक्तिकरण तथा लैङ्गिक समानताको लागि पुरुष तथा बालकसंग कार्य गर्ने, परम्परागत अभ्यासहरुमा विश्वास गर्ने मानसिकता तथा मूल्य मान्यतामा परिवर्तन ल्याउने खालका कार्यक्रम तर्जुमा गर्ने,
- लैङ्गिक तथा जातीय साँस्कृतिक विविधता विशेष कार्यक्रमको प्रवर्द्धन गर्ने वा विशेष, संरक्षित र स्वायत्त क्षेत्रमा विकास कार्य गर्न विशेष कार्यक्रमको लागि अतिरिक्त बजेट उपलव्ध गराउने,

- अनुदान रकमको कम्तिमा निश्चित प्रतिशत महिला सशक्तिकरण तथा लैङ्गिक समानताका प्रयासहरुमा खर्च भएको सुनिश्चित गर्न बजेट सङ्केत अनुसार विनियोजन तथा खर्च पहिल्याउन निर्देशन गर्ने,
- जेसी मैत्री बजेटको लागि मार्गदर्शनको प्रावधानहरु पालना गर्न सबै वडाहरुलाई निर्देशन गर्ने र समन्वय गर्ने,
- महिला उद्यमी तथा उच्च संख्यामा महिला भएका उद्यमलाई कर प्रोत्साहन उपलब्ध गराउने,
- न्यून आय भएका स्वरोजगार महिलाको कर तथा लेभीको बोझ न्यून गर्ने,
- पूर्वाधार योजनाहरुमा महिलाहरुलाई रोजगारी दिने स्थिति सिर्जना गर्ने,
- उच्च ज्यालाका लागि महिला श्रमिकहरुको सीप अभिवृद्धि सम्बन्धी तालिम दिने,
- घरमा गर्नुपर्ने कठिन परिश्रमलाई न्यून गर्न प्रविधि तथा उपकरणहरुमा पहुँच पुऱ्याउने,
- बालिका तथा महिला शिक्षिकाको लागि शौचालय सहितको विद्यालय भौतिक पूर्वाधारको विकास गर्ने,
- शिक्षण सीप अभिवृद्धिका लागि तालिम प्रदान गर्ने,
- सुरक्षित मातृत्व अभ्यास, स्वास्थ्य हेरचाह, निर्दिष्ट सेवा उपलब्ध गराउन विभिन्न वस्तीहरुमा स्वास्थ्य शिविरको सञ्चालन, महिला स्वास्थ्यकर्मी तालिम, बञ्चित समूहमा बास कार्यक्रमलाई प्राथमिकतामा राख्ने,
- विभिन्न समितिहरुमा निर्णय निर्माण तहमा महिलाहरुको प्रतिनिधित्व र क्षमता सुदृढीकरणको कार्यक्रम सञ्चालनमा ल्याउने,
- सहकारी, महिला उपभोक्ता समूह तथा अन्य संघ संगठनका महिलाहरुलाई नेतृत्व विकास तालिम सञ्चालन गर्ने,
- शासन तथा सामाजिक उत्तरदायी औजारहरु (टुल्स) का बारेमा तालिम प्रदान गर्ने,
- विकासका विभिन्न लाभहरुको पहुँचमा हुने विभिन्न लैङ्गिक अवरोधहरुका बारेमा छलफल तथा संवाद चलाउने कार्यक्रम तय गर्ने,
- महिला सशक्तिकरण तथा लैङ्गिक समानतालाई सघाउ पुऱ्याउन नीतिहरुको विकास गर्ने,
- महिलाहरुलाई विभेद गर्ने नीतिहरुमा परिवर्तन ल्याउने विषयमा कार्यक्रम सञ्चालन गर्ने,
- भूमि तथा आर्थिक स्रोतहरुमा महिलाहरुको स्वामित्व अभिवृद्धि गर्ने कार्यक्रम तयार गर्ने,
- लैङ्गिक मान्यताहरुमा परिवर्तनका लागि पुरुषहरुसंग पैरवी गर्ने,
- डकर्मी, प्लम्बर तथा दक्ष निर्माण श्रमिक जस्ता परम्परागत रुपमा पुरुषले मात्र गर्दै आएका कामहरु कसरी महिलाले पनि सर्न सक्दछन् सोको प्रदर्शन कार्यक्रम सञ्चालन गर्ने आदि,

लैङ्गिक रुपमा सवलीकरण भएमा मात्र लाभबाट बञ्चित भएका वर्गको मानसिक, भौतिक, आर्थिक र सामाजिक रुपमा उत्थान गर्न सकिने हुँदा महानगरपालिकाबाट भइरहेका र तत्पश्चात थप हुने कार्यक्रमलाई लैङ्गिकताको आधारमा प्रत्यक्ष योगदान, अप्रत्यक्ष योगदान र सबैलाई योगदान हुने गरी बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्याउन आवश्यक रहेको छ । अतः माथि उल्लेखित सुझावहरुलाई कार्यान्वयनमा ल्याई मार्गदर्शनको प्रारुप तथा चरण र कोडिङ्ग अन्तर्गत निश्चित प्रतिशत बजेट छुट्याई बजेटलाई उत्तरदायी बनाउन र राज्यले लिएको संबैधानिक सामाजिक उद्देश्य तथा नीतिहरुको उपयोगमा बजेटको महत्व बढाउन आवश्यक देखिएको छ ।

१६.२ **निष्कर्ष** : राज्यको संघीय संरचना अन्तर्गत लैङ्गिक उत्तरदायी बजेट निर्माण तथा सामाजिक समावेशीकरणको लागि संबैधानिक व्यवस्था अनुरुप हरेक स्थानीय तहबाट बजेट निर्माण गर्नुपर्ने व्यवस्था छ । बजेटको प्रमुख

उद्देश्य कार्यक्रम अनुरुप स्रोतको परिचालन गरी सामाजिक समावेशीकरणको समेत विकास गर्नु रहेको छ । सो अनुरुप राज्यले लिएको उद्देश्य र प्राथमिकतामा रही बजेट निर्माण गर्ने बजेटको प्रारुप लैङ्गिक उत्तरदायी रहनुपर्ने र सामाजिक समावेशीकरण लगायत हरेक विषयगत क्षेत्रको विकासमा स्थानीय तहको भूमिका महत्वपूर्ण हुने भएकोले बजेट निर्माण गर्दा आवश्यकता, कार्य प्रक्रिया, कार्यविधि, वर्गीकरण र मूल्याङ्कन लगायत सबै क्षेत्रलाई समेट्न आवश्यक छ । यीनै विषयवस्तुमा केन्द्रीत रही सहयोग पुऱ्याउने उद्देश्यले मुलभूत रुपमा लैङ्गिक बजेट कार्यान्वयनका लागि महानगरपालिकालाई यस परीक्षणले सहयोग पुऱ्याउने देखिन्छ । आवश्यकता, स्रोतको उपलब्धता, नीतिगत व्यवस्था लगायतलाई ध्यान दिई मार्गदर्शन अनुरुप स्रोतको परिचालन गर्नुपर्दछ । मुलतः लैङ्गिक उत्तरदायी बजेट निर्माण गरी समावेशी विकासमा ध्यान पुऱ्याउन तथा लैङ्गिक रुपले पछाडी परेका समुदायलाई जीविकोपार्जन एवं सशक्तिकरण गर्न र उनीहरुको आय, बचत क्षमता, खर्च क्षमता, सुरक्षा क्षमता, समूहगत क्षमता अभिवृद्धि गर्नको लाग यस मूल्याङ्कनले सहयोग पुऱ्याउने उद्देश्य लिएको छ ।

दिगो विकास लक्ष्य हासिल गर्न निर्धारित लक्ष्यलाई बजेट र कार्यक्रममा रुपमान्तरित गर्न नसकेको, आवधिक समीक्षा गर्ने पद्दति कमजोर रहेको कारण दिगो विकासको लक्ष्य निर्धारित समयभित्रै प्राप्त गर्न कठिन देखिएको राष्ट्रिय योजना आयोगले गरेको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनको लागि स्थानीय तहको भूमिका अथक छ । कृषि, शिक्षा, स्वास्थ्य, सफापानी, सरसफाई, लैङ्गिक समानता, आर्थिक विकास, सहकारी जस्ता क्षेत्रमा कार्य गर्ने जिम्मेवारी स्थानीय तहमा रहेको र सो अनुरुप गरिवीको अन्त्य, शुन्य भोकभरी, आरोग्य र कल्याण, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता, सफापानी र सरसफाई एवं असमानताको न्यूनीकरणको क्षेत्रमा स्थानीय तहको भूमिका अपरिहार्य छ । लैङ्गिक उत्तरदायी बजेट निर्माणबाट समानताको अन्त्य गर्न सूचनाको अभिलेख, सोको प्रशोधन र यथार्थताको परीक्षण हुन सकेको छैन । योगदानको गणना गर्ने विधि र प्रक्रिया समेत तय हुन सकेको छैन् । यसको लागि योजना आयोगकोप्रतिवेदन तथा अन्य निकायको प्रतिवेदनहरुमा असमानता न्यूनीकरणमा स्रोत परिचालनको स्थिति समन्वयकारी नरहेको, लाभको न्यायोचित विरणमा समस्या रहेको, वित्तीय क्षेत्रमा सुधारका कार्यक्रम लागु भएतापनि आर्थिक सवलीकरण, योजनार बजेट कार्यान्वयन प्रणाली कमजोर रहेको पन्ध्रौं योजनामा उल्लेख छ । लैङ्गिक रुपले समानता कायम गर्न निकायको क्षमता अभिवृद्धि, सेवा प्रवाह सम्बन्धी नीति, प्राथमिकता र लक्ष्यहरु, तथ्याङ्कको परिषोधन मार्गदर्शन तथा मापदण्ड, कोडिङ्ग, उपलब्धी मूल्याङ्कनको पक्षमा वृहद रुपमा सुधार ल्याउन आवश्यक देखिएको छ । सोको लागि लैङ्गिक उत्तरदायी बजेट तथा कार्यक्रमको मूल्याकन गरी वित्तीय प्रतिवेदन तयार गरिनुपर्दछ । लेखाङ्कन तथा प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने व्यवस्था समेत हुनुपर्दछ भन्ने लगायतको व्यहोरा विभिन्न निकायको प्रतिवेदनमा उल्लेख छ । उक्त समस्यालाई संबोधन हुने गरी स्थानीय तह अगाडी बढ्ने प्रतिबद्धता जनाउन सकेमा आर्थिक तथा लैङ्गिक असमानतालाई न्युनीकरण गर्न सकिन्छ ।

## सन्दर्भ सामग्री


- *नेपालको संविधान, २०७२*
- *स्थानीय सरकार सञ्चालन ऐन, २०७४*
- *भारत सरकारको बजेट (JESI Related)*
- *JESI र OECD मुलुकको बजेट प्रणाली*
- *दिगो विकास लक्ष्य - UNO*
- *महालेखापरीक्षकको विभिन्न प्रतिवेदन*
- *JESI - लैङ्गिक बजेट निर्देशिका, अ.म.*
- *FCGO - लैङ्गिक बजेट Software*
- *JESI - मार्गदर्शन र व्याख्या*
- *कामपा सामाजिक विकास विभाग कार्यक्रम*
- *कामपा विभागीय कार्यक्रमहरु*
- *निर्देशिका अध्ययन र मूल्याकन लेखाजोखा सूचक*
- *छलफल तथा व्यक्ति बीच अर्न्तक्रिया*
- *Gender GAP Report – 2024*
- *लैससास परीक्षण कार्यविधि, २०७७*
- *स्थानीय सरकारको संस्थागत स्वमूल्याङ्कन विधि, २०७५*
- *JESI निर्देशिका,*
- *UN घोषणापत्र, बेइजिङ्ग घोषणापत्र,*
- *लैङ्गिक राष्ट्रिय सूचक,*
- *पत्रपत्रिकाका लेख रचनाहरु ।*